
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक ०७ ● FRIDAY, 29 JUNE 2018 ● काठमाडौं शुक्रबार, असार १५, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-

स्केच स्रोत : पञ्जाबकेशरीडटकम

# दाउद कनेक्सन

## किन जोडिन्छ नेपालमा हुने ठूला अपराधमा दाउदको नाम ?

पृष्ठमा २२ मा



मध्यपृष्ठमा

## सृष्टि खड्का




## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | अर्जेन्टिना भिएस क्रोएसिया | च्यानल फिफाटिभी |
| २ | भिभेगम | च्यानल गोल्डमाइन्स |
| ३ | मेरी बास्सै-५५५ | च्यानल मिडिया हब |
| ४ | माया पिरती | च्यानल तृष्णा गुरुङ |
| ५ | मंगली... शिव परियार | च्यानल दस म्युजिक नेपाल |
| ६ | युट्युबर्स वर्ल्ड कप | च्यानल पाराडिज्म टिभी |
| ७ | वर्ल्ड कप फिभर | च्यानल कलेजेज नेपाल |
| ८ | जागुअर | च्यानल बली किक्स |
| ९ | श्वेताको प्रहार | च्यानल डिके नेपाल |
| १० | धडक | च्यानल जी म्युजिक |

## साइबर फिडब्याक

### विश्वकप फुटबलका सम्बन्धमा सामाजिक सञ्जालमा ब्यक्त भएका केही प्रतिक्रिया :

तिम्रो मेरो खेल पनि ब्राजिल र स्वीजरल्यान्डको जस्तै भो प्रिय। न तिमी जित्छौ, न मलाई नै जित्न दिन्छ्यौ।

**तीर्थ प्रसाईं**

केटाहरूलाई ब्राजिल मन पर्नुको कारण ब्रा छ नि सुरुमा, त्यही भएर हो।

**फिक्का चिया**

फुटबल यस्तो खेल हो जहाँ २२ जना खेलाडी ९० मिनेटसम्म एउटा बलको पछाडि दौडिन्छन् र अन्तिममा जित ब्राजिलको हुन्छ।

**अम्बिका**

ब्राजिलबाट खबर आ'छ कि अरू त त्यस्तै हो पेनाल्टी चै मेस्सीको तालको हानिँदैन।

**ब्राजिल सपोर्ट**

कान नसुन्ने बिरालो आओस् वा दोहोरी गाउने, विश्वकप जित्ने त ब्राजिलले नै हो।

**अनिल चा**

सबै नेपाली ब्राजिल र अर्जेन्टिना मात्र भन्छन् त बा! भोलि अरू नै टिम फाइनलमा पुगे भने त तिनीहरूले फुटबल नै नहेर्ने रहेछन् कि क्या हो?

**कुमार कार्की**

यसपालिको फुटबल वर्ल्डकप कि जर्मनीले कि फ्रान्सले जित्छ, सपोर्ट चाहिं अर्जेन्टिनाको गर्ने हो, गालीचाहिं ब्राजिल र पोर्चुगललाई गरिन्छ।

**सुदीक्षा भुषाल**

नेपाललाई बेलैमा स्वीजरल्याण्ड बना'को भए आज ब्राजिलविरुद्ध हामी सबै एक भै'रा हुन्थ्यौं।

**गौरब**

आफू त पढन्दास परियो, कसैले ब्राजिल के हो भनेर सोधे पनि जलस्रोतको धनी देश मात्र भन्न आउँछ।

**सुदीप**

ब्राजिल, अर्जेन्टिना, जर्मनी ...... भन्दै सधैं कति तीन हात उफ्रिरहने? अन्य साना देशहरूलाई पनि प्रोत्साहन दिने कि? खेल हो खेल, कुनै देशको अन्धसमर्थक भएर मोटरसाइकल र्‍याली नै निकाल्नु कति जायज होला?

**कुल थापा**

न अर्जेन्टिना हार्दा खुसी भइयो, न ब्राजिल बराबरमा रोकिँदा खुसी भइयो, न जर्मनी हार्दा खुसी भइयो, खुसी त त्यतिबेला भइयो जतिबेला पेट्रोलमा ३ रुपैयाँ घट्यो।

**के.सी. चोभारे**

कसैसँग नझुक्ने, संसार मैले नै थामेको हुँ, मै हुँ भन्ने किम जोङ उन लाइनमा आउनु र ब्राजिल, जर्मनी, अर्जेन्टिना, स्पेन, पोर्चुगलको नतिजा यस्तो हुनु संयोग मात्र नहुन सक्छ।

**चोपेन्द्र**

केटाले बच्चा पाउनु र अर्जेन्टिनाले वर्ल्डकप जित्नु एउटै हो।

**भरुसा**

लगातार दुईवटा विश्वकप जितेको उरुग्वे अर्जेन्टिनापछि मलाई सबैभन्दा मन पर्ने टिम हो।

**प्रदीप भट्टराई**

अर्जेन्टिनाले खेल्न चैं जानेकै र'च, गोल हान्न मात्र नजानेको हो...। गोल पोस्टकै वरिपरि खेलिरहन्छन् त।

**सानु खड्का**

जितोस् वा हारोस् वा बराबरी होस्, अर्जेन्टिनाको सपोर्ट गर्न कहिल्यै छोडिन्न।

**स्मृति**

अर्जेन्टिनाभन्दा पोर्चुगल र ब्राजिलका फ्यान धेरै छन् रे। ठीकै हो, मानिसको भीडभाड हुने भनेकै जिरा पसलमा हो, हीरा पसल त सधैंजसो शून्य प्रायः नै देखिन्छ

**फिक्का चिया**

अर्जेन्टिनाको विरोध गर्ने सबै सामन्ती र कुरो-सुरो नबुझ्ने त्यसै चुमुकचुमुक गर्नेहरू मात्र हुन्। तिनीहरूले सपोर्ट गर्ने भनेको रत्नपार्कको मुकुन्देलाई मात्र हो।

**मानार्थ डा. सुवेदी**

अर्जेन्टिनाको टिसर्ट लगाएकी केटी देख्यो कि आई लभ यू भन्न मन लाग्छ।

**खड्ड बाबा**

अर्जेन्टिनाले नेपालीलाई घृणा होइन, माया गर्छ। किनभने भाँडा माझेको देख्न नसकेर अर्जेन्टिनाले नेपालीहरूलाई भिसा दिँदैन।

**सन्देश सिग्देल**

पहिलो पटक विश्वकप खेलेको आइसल्यान्डसँग अर्जेन्टिना बराबर भयो भन्दैमा, डिफेन्डिङ च्याम्पियन जर्मनी मेक्सिकोसँग हार्‍यो भन्दैमा ब्राजिल हार्छ भन्नेहरू पटमूर्ख हुन्, घरको कुकुरदेखि स्याल डराउँछ, बाघ होइन।

**जेआर न्यौपाने**

---



[ गजल ]
******

विदेशी जर्सी लाएर, उफ्रिन्छन नाथेहरू।
रक्सी बियर खाएर, उफ्रिन्छन नाथेहरू॥

गोल हान्ने नि पराई, गोल खाने नि पराई।
व्यर्थमै रोइला गाएर, उफ्रिन्छन नाथेहरू॥

विदेशीको गुलाम भए, भूले आफ्नो देश।
र त सडकमै आएर, उफ्रिन्छन नाथेहरू॥

अमूक हुन्छन, देशको अस्मिता लुटिंदा।
कामै केहि नपाएर, उफ्रिन्छन नाथेहरू॥

बेवारिसे भएको छ, आफ्नै झण्डा यहाँ।
पराइकै पो उठाएर, उफ्रिन्छन नाथेहरू॥


~ तिलक तारामी "रेशाली"



■ अभिनेत्री निता ढुंगाना



■ अभिनेत्री वर्षा राउत



■ अभिनेत्री प्रियंका कार्की



■ अभिनेत्री स्वेता खड्का



■ हाँस्य श्रृंखला मेरी बास्सैका कलाकारहरू

मंगल होस्

# वर्ल्डकप फिभर



मनोज गजुरेल

आज अर्जेन्टिनाले जितेन भने कान काटेर पातमा राखिदिन्छु ।' 'रसियाले हारेछ भने पात काटेर कानमा राखिदिन्छु ।' 'सर्बिया देश त झुरै रहेछ नि ।' 'कोरियाले खोरिया फांड्न गए हुन्छ ।' 'कालो भएकाले घानाले खेल्न सकेन ।' 'भन्नु मात्रै पानामा रहेछ, खेल त चिडी, भोटे, गुलाम केही रहेनछ ।'

'मेस्सी जिन्दाबाद ।' 'अर्को मुर्दाबाद ।' 'खबरदार फलाना खेलाडीका बारेमा केही भन्लान् ।' 'ढिस्कानो टिम त देउता हो देउता ।' 'यसले जित्यो भने भातै खान्नँ ।' 'त्यसले हार्‍यो भने रक्सी खान्छु ।'

रसियामा चलिरहेको विश्वकपका विषयमा नेपाली सोसियल मिडियामा आएका भन्न मिल्ने विचारहरू हुन्– माथिका वाक्यहरू । भन्न मिल्ने र नभन्दा पनि हुने अरू कुरा यहाँ उल्लेख गरिनँ । आउनुहोस्, आज यही विषयमा कुरा गरौं ।

संसारलाई केवल विश्वकप लागेको छ तर हामीचाहिं ब्रह्माण्डकप मानिरहेका छौं । यस्तो लाग्छ, संसारमा फुटबलबाहेक अरू कुनै गतिविधि भैरहेको छैन । संसार मात्र होइन, सिंगै ब्रह्माण्ड अहिले फुटबलमय भएको छ । सामाजिक सञ्जालका क्रिया-प्रतिक्रिया देख्दा यस्तै लाग्छ ।

सिंगो नेपाल ब्रह्माण्डकपमा अल्झिरहेका बेला अरू विषयमा बोल्नु भनेको ट्रेन्डिङबाट बाहिर पर्नु हो । समाजबाट बाहिष्कृत हुनु हो । सर्कलबाट आउट हुनु हो । सोसाईटीलाई डाउट हुनु हो । त्यसैले आजको बसाइमा विश्वकपकै मंगल बोल्नेछु ।

संसार चल्न एउटा गति चाहिन्छ । व्यक्तिमा गति, समाजमा गति, देशमा गति, विश्वमा गति । गति भन्नाले गतिविधि बुझ्नुहोस् । जसरी गतिबिनाको शरीरलाई मृत मानिन्छ त्यसैगरी गतिविधिबिनाको समाजलाई पनि प्राणहीन मानिन्छ । यस अर्थमा विश्वकप एउटा सुन्दर गतिविधि हो ।

यद्यपि सबैथोक यही मात्र हो, यसबाहेक अरू केही पनि छैन जस्तो गर्नुचाहिं दुर्गति हो । एउटा देशको जित-हारलाई जीवन-मरणको सवाल मान्ने, कुनै खेलाडीको सहभागितालाई नाम/बदनामको विषय बनाउनेजस्ता कुरा दुर्गति नै हुन् । एउटा विषयलाई मात्र विषय मान्ने, बाँकी विषयप्रति संशय गर्नेजस्ता कुराले मानिसलाई मानिस होइन, मूर्ति बनाइदिन्छ ।

हो, ठुल्ठूला देशका लागि खेल एउटा राजनीति हो । खेललाई आधार बनाएर ठूल्ठूला झेल पनि हुन्छन् । खेलभित्रको राजनैतिक झेल नबुझेका हामीचाहिँ बिनासित्ति कसैको पक्ष र विपक्षमा लागेर विवाद गर्छौं । राजनीति गर्नेहरूले टिमको फ्यान फलोइङ देखाएर अझ मज्जाले राजनीति गरिरहेका हुन्छन् । हामीलाई यो कुरा पत्तै हुँदैन ।

खेल एउटा व्यापार पनि हो । लाइभमा देख्नुभएको होला नि, करोडौं डलरका विज्ञापन । ती त देखिने दाँत मात्र हुन् । खेल व्यापारका नदेखिने दाँत कति हुन्छन् कति ? झन् आँतभित्रका दाह्राहरूको त कुरै नगरौं । सट्टेबाजी, जुवागेम, ग्याम्लिङजस्ता दाह्राले खेललाई भित्रभित्रै नराम्रोसँग घोचिरहेको हुन्छ । त्यसैले हामी दर्शक दर्शकमात्र हुन सक्छौं । आफूलाई फुटबल टिमको म्यानेजर नै मान्नु हुँदैन ।

माथिका कुरा मनन गरेपछि अब आउनुहोस्, खेलभित्रका अनमोल कुराहरूको चर्चा गरौं ।

स्वास्थ्यका लागि खेल । मित्रताका लागि खेल । प्रतिस्पर्धाका लागि खेल । अर्थोपार्जनका लागि खेल । सम्बन्ध स्थापनार्थ खेल । भ्रातृत्व पुनर्स्थापनार्थ खेल । मनोरञ्जनका लागि खेल । आत्मारञ्जनका लागि खेल । खेललाई यति मात्र सीमित राख्न सके खेलमा चलखेल हुन सक्दैनथ्यो ।

अँ, खेलभित्रको एउटा अनमोल कुरा त झन्डै छुटेछ । खेलले देशलाई चिनाउँछ । खेलाडीले जनतालाई चिनाउँछ । राम्रो खेल्ने टिमले आफूलाई उन्नत बनाउँछ, देशलाई समुन्नत गराउँछ, तर त्यसका लागि एउटा सर्त हुन्छ, खेलाउनेको मनमा देश हुनुपर्छ, खेल्नेको मनमा देशप्रेमको दियो बल्नुपर्छ ।

# रसियामा विश्वकप, नेपालमा भिडन्त

रामजी ज्ञवाली




विश्वकपले तातेको छ संसार । रसियाको गोलपोस्टमा बर्सिने गोलले नेपालका फुटबलप्रेमीको मुटुको धड्कन बढाइरहेको छ । फिफाका अनुसार फुटबल विश्वमा सबैभन्दा बढी हेरिने खेल हो । संसारका मानिसहरूमध्ये ५७ प्रतिशतको हाराहारीले विश्वकप हेर्ने फिफाको दाबी छ ।

गुल्मीका अनिल ज्ञवाली अर्जेन्टिनाको पक्षमा उत्रिएको एक महिनाभन्दा बढी भैसकेको छ । उनले अर्जेन्टिनाका मेस्सीको तस्बिरलाई आफ्नो फेसबुकको प्रोफाइल पिक्चर बनाएका छन् । कलेजमा अर्जेन्टिनाको पक्षमा साथीभाइहरूसँग १-१ हजारको बाजी मारेको छु, ज्ञवालीले भने- 'जित्नेमा ढुक्क छु, किनभने मेस्सीको गोल गर्ने शैली यसपटक राम्रैसँग प्रदर्शन हुने आशा छ । एउटा ड्र, एउटामा जित र एउटामा हार व्योहोरेको अर्जेन्टिनाले जित्नेमा अझैं उनमा आशा छ ।

पत्रकार नारायण अमृतले फेसबुकमा राखेको ब्राजिलले जित्ने आँकडाको पोस्टमा विभिन्न खालका कमेन्ट छन् । ज्योलेन्द्र सिम्खडाले भनेका छन्, 'ताली त बजाउनु, पछि यो ज्योतिषीले गाली खान्छ कि !' अमृतको पोस्टमा उजिर कार्कीको कमेन्ट छ, 'अहिले नै हतार नगर्नेकी दाजु । जितिहाल्यो भने पनि भ्याइन्छ तालि पिट्न, ब्राजिल भरलाग्दो टिम होइन ।'

साप्ताहिकको अफिसियल पेजमा समर्पण सन्देशले कमेन्ट गरेका छन्- 'जर्मनीले जित्छ यसपालिको विश्वकप । किनभने कुनै स्टार खेलाडी नभए पनि जर्मनीको खेल्ने शैली अरू देशको भन्दा फरक छ । फिनिसिङ राम्रो छ । अहिले सम्मको विश्वकप इतिहास हेर्दा धेरै पटक सेमिफाइनलसम्मको यात्रा गरेको छ ।' उनलाई रुपेश श्रेष्ठले रिप्लाई गरेका छन्, त्यस्तो इतिहास हेर्ने हो भने त ब्राजिलले ५ पटक विश्वकप जितिसक्यो नि । त्यही पोस्टमा इनोसेन्ट राजको कमेन्ट छ– आफ्नै ग्राउन्डमा ७ गोल खाएको इतिहास पनि हेर्नुपर्‍यो नि ।

बुटवलका अर्जुन शर्माले फाईनलमा ब्राजिलले जित्छ भन्दै ५ हजारको बाजी मारेका छन् साथीहरूसँग । यसपटक विश्वकप चल्ने पूरै समय मज्जाले दारुको स्वाद लिँदै रमाइलो गरिन्छ, शर्माले भने- 'जसरी पनि ब्राजिललाई जिताइन्छ ।' उनले आफूले बाजी जिते १ लाख रुपैयाँसम्म कमाउने जानकारी दिए ।

काठमाडौं शखंमूलका विजु पौडेल नेयमारको टिमले फाइनलमा जित्नेमा ढुक्क छन् । दिनरात फेसबुकमा नेयमारसम्बन्धी पोस्ट राखिरहेका पौडेलको फेसवुकमा विभिन्न खालका स्टाटस र तस्विर छन् । अघिल्लो पटकको विश्वकपमा अर्जेन्टिनालाई जिताऔं भन्दै बुटवलमा मोटरसाइकल ऱ्याली भएको थियो । काठमाडौं न्युरोडकी प्रजिता दाहालले विश्वकपमा रोनाल्डोको टिम जितोस् भनेर फुटबल सुरु हुने दिनदेखि प्रत्येक साताको शनिबार व्रत बस्ने बताइन् । म हरेक समय जसको पक्षमा व्रत बस्छु उसैले जित्छ, उनले भनिन्- 'यसपटक रोनाल्डोको टिम पोर्चुगलले जित्छ ।' उनले ५ जना साथीसँग १-१ हजारको बाजीसमेत राखेको बताइन् ।

बुटवलका अमित खरेलले अर्जेन्टिनाको पक्षमा समर्थन गर्दा साथीसँग भनाभनसमेत भएको बताए । खरेलले भने- 'केही नबुझेका साथीहरू किचकिच गर्छन्, उनीहरूलाई फेसबुकबाट ब्लक गरे, केही साथीहरूसँग भने कुल भएर समर्थन र विरोधमा उत्रिने हो ।' उनले साथीहरूसँग २ हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्मको बाजी राखेको बताए । खरेलले अर्जेन्टिनाले जिते २० हजारको पार्टी दिनेसमेत बताए । बुटवलमा बाजी राख्ने चलन यसपटक अत्यन्तै धेरै छ ।


अहिले देशभरका विभिन्न क्याफे, होटल तथा रेस्टुराँमा ठूला-ठूला स्क्रिनमा फुटबल हेर्ने लहर नै चलेको छ । यो अवसरमा कतिपय क्याफे स्न्याक्स फ्रि र मदिराको पैसा लिने गरी स्क्रिन राखिएका छन् ।

शंकरदेव क्याम्पसकी विनिता पौडेल फ्रान्सको पक्षमा रहेको निहुँमा उनकी आफ्नै दिदी रिसाएकी छिन् । विनिताले भनिन्- 'आ-आफ्नो समर्थन जसलाई पनि गर्न मिल्यो तर हाम्रो दिदीले जस्तो किचकिच त गर्नुहुँदैन है ।' विश्वकप सुरु भएसँगै फेसवुक, ट्विटर लगायत सामाजिक सञ्जालमा आ-आफ्ना टिमले जित्ने दाबि गर्दै समर्थन तथा विपक्षी टिमले हार्ने भन्दै विरोध क्रम झन् बढ्दो छ । सामाजिक सन्जालमा झैझगडा व्यापक देखिएको छ ।




यात्रा सन्दर्भ

# ने मुनि र मञ्जुश्री



किशोर नेपाल



ऋषि ने मुनि र देवी मञ्जुश्री अन्ततः मानिस नै थिए । नेपालमा सबैभन्दा पछिल्लो भुइँचालो आउनुअघि उनीहरू कान्तिपुरको यात्रामा आउन लागेका थिए । यता सामान्य यात्राको अनुमति प्रदान गर्न पनि सरकारका अधिकारीले नेमुलाई कार्यकक्षमा बोलाएका थिए । कोलिग्राममा यस्तो चलन थिएन । यो कुरा पटक्कै मन परेको थिएन मञ्जुलाई । आजको जमानामा कम्प्युटरको एउटै क्लिकले गर्न सक्ने त्यति जाबो काम त नगर्ने कर्मचारीले देशको निर्माण कसरी गर्लान् ?

अनौठो कुरो, विश्व-ब्रह्माण्डमा समयको गति सूर्यको प्रकाशजत्तिकै तीक्ष्ण वेगका साथ अघि बढिरहेको अवस्थामा प्रकृतिस्थानको समय पछिल्तिर धकेलिइरहेको थियो । तैपनि उनी चुप थिइन् । यो भूमिमा विद्रोहको खासै अर्थ पनि थिएन । बादल र सूर्यका बीच झुन्डिइरहेको एउटा पराकल्पित अ-राज्यको सुधारमा लाग्नु नै व्यर्थ हो । यो त याक गोठालाहरूले हिउँको थुप्रोमा कुँदेको चित्रलाई यतिको पाइला भन्दै एक्लै यतिको खोजीमा हिउँपहिरोमा पुरिने पर्यटकको कथाजस्तै हो । हिमालयका खोच र जँघारतिर यतिको खोजी गर्नु र प्रकृतिस्थानजस्तो सनातनी राज्यलाई मानवोचित बनाउनु दुवै समान हो । गति त जीवनलाई पो दिन सकिन्छ । जहाँ जीवन नै पाताल गंगाजस्तो लुप्त छ त्यहाँ केको गति ?

नेमु अधिकारीको कार्यालयबाट फर्कंदा मञ्जुश्री आफ्नो फ्याबलेटमा मग्न हुँदै कोलिपिडिया हेर्दै थिइन् । कोलिपिडिया प्रकृतिस्थानका युवा वैज्ञानिक शुक्र शर्माको आविष्कार थियो- सूचना र जानकारीहरूको असीमित भण्डार । सरकारले यो आविष्कारको सार्वजनिक वितरणमा रोक लगाएको थियो । उच्च वर्गका व्यक्तिहरूमा वितरणका लागि भने त्यस्तो कुनै निषेध थिएन । शुक्र आफैंले मञ्जुश्रीलाई कोलिपिडियाको एप उपहार दिएका थिए । उनका लागि यतिखेर यो एप साह्रै उपयोगी सावित भैरहेको थियो । उनी जानकारीको थुप्रोमा थिइन्, कोलिग्राम भ्रमणमा के गर्ने र के नगर्ने ? के खाने र कहाँ खाने ? कस्तो पहिरनमा सजिने ? आफ्नै सिर्जनाको गन्तव्यमा पुगेर अलमलिनुपर्ने अवस्थाबाट मुक्त थिइन्– मञ्जुश्री । विज्ञानले अन्त्य गरिदिएको थियो उनका कष्टहरू । आफूले सिर्जना गरेको उपत्यकामा भएका अथाह परिवर्तनको जानकारीले उनी भावविभोर थिइन् । मनैदेखि गद्गद । उनी जतिसक्यो छिटो नव कल्पमा प्रवेश गर्न चाहन्थिन् । नव कल्प अर्थात् नयाँ समय, नवीन चेतनाको समय ।

प्रकृतिस्थान आधुनिक विज्ञानसँग जोडिए पनि त्यहाँ मध्य कल्प निरन्तर थियो । शासन-व्यवस्था अनुदार र एकाधिकारवादी भएकाले विकास भए पनि त्यसमा मानवीय तत्व थिएनन । मानिसको जीवन शान्त थियो, तर त्यो शान्ति अत्यन्त उच्चाटलाग्दो थियो । उच्च वर्गका मानिसहरू चामल, तील र जौलाई घ्यूमा मुछेर यज्ञकुण्डमा हवन गर्थे । सामान्य मानिस दिनभरि यज्ञका लागि फलफूल, पुष्प र समीधा बटुल्न जान्थे । यो काम सरकारले जनताका लागि तोकेको आधारभूत राष्ट्रिय कर्तव्यभित्र पर्थ्यो । झिसमिसे बिहानदेखि मध्यान्हसम्म वेद र उपनिषदका एकोहोरो मन्त्रोच्चारणले वातावरण गुन्जिन्थ्यो । आगोमा डढेको अन्नको सुगन्धले वायुमण्डल मगमगाउँथ्यो ।

जीवनका लागि आवश्यक सुख-सुविधा असीमित रूपमा उपलब्ध थिए । तर, सीमित आभिजात्य वर्गका मानिसका लागि मात्र उपलब्ध ती सुविधा अत्यन्त नीरस लाग्थे । सुख र सुविधा जति धेरै मानिसले भोग्न पाउँछन्, त्यति नै ती आनन्ददायक हुन्छन । एक्लाएक्लै कोही पनि आनन्दित हुन सक्दैन । एक-दुई दिन रमझम गर्न आउने पर्यटकका लागि प्रकृतिस्थान निश्चय पनि रमाइलो गन्तव्य थियो । तर कुनै पनि देशसँग सडक यातायातले नजोडिएको, पृथ्वी र आकाशबीच बादलमाथिको यो सांग्रिला गन्तव्य संसारभरिका सामान्य मानिसका लागि अगम्य थियो । केही दुस्साहसीहरू हिमच्छादित पर्वतका उच्च शिखरहरूबाट बेलुनका सहाराले प्रकृतिस्थानमा उक्लिन्थे र रमाउँथे, तर त्यहाँबाट सकुशल, सुरक्षित फर्किने कमै हुन्थे ।

नेमुसँगको अमर प्रेम र गहिरो आशक्तिले मात्र मञ्जुश्री प्रकृतिस्थानमा अड्किएकी थिइन । शरीरका हिसाबले बलिया थिए नेमु । आँखामा तेज थियो र अनुहारमा ऊर्जा । उनको व्यक्तित्व नजरमा पर्नेबित्तिकै आगोको छेउमा राखिएको नौनीझैं पग्लिएकी थिइन् मञ्जुश्री । त्यसपछि सुरु भएको थियो सिडक्सनको सिलसिला । अन्ततः मञ्जुश्री सफल भएकी थिइन् । मेनकाको हाउ-भाउ र कटाक्षमा फसेका विश्वामित्र ऋषिजस्तै नेमु मञ्जुश्रीको शरीर र सौन्दर्यमा फसेका थिए । यही बिन्दुबाट नागदहलाई निकास दिएर मानव बस्तीको विकास गर्ने योजनाको वीजारोपण भएको थियो ।

पृथ्वीको यो कोल्टेमा मानिसको आवादीका लागि सुन्दर उपत्यकाको निर्माणमा आवश्यक जीवन-दर्शनका महत्वपूर्ण पक्षमा नेमुको असीमित ज्ञानको प्रयोग भएको थियो । सृष्टिकर्ताका रूपमा मञ्जुश्रीका लागि यो अनिवार्य तत्व थियो । उसो त, मञ्जुश्री आफैं विदूषी थिइन्, तर सिर्जना र निर्माण एक्लैले हुन सक्ने कुरा थिएन । कोलिग्राम उपत्यकाको निर्माणमा मञ्जुश्री प्रकृति थिइन, नेमु पुरुष । नेमु आदम थिए, मञ्जुश्री इभ ।

'आयौ नेमु तिमी ? के भने त अधिकारीले ?'

नेमु केही बोलेनन् । उनी अपलक मञ्जुश्रीको कोमल अनुहार निहार्न थाले । उनको दृष्टि कहिले मञ्जुश्रीका वक्षमा त कहिले उनका ओठमा पालैपालो ओहोर-दोहोर गरिरहेका थिए । मञ्जुश्री देखिएकी थिइन् अनिन्द्य सुन्दरी । नेमुको मनस्थिति बुझेकी थिइन् उनले । उनका चपल आँखामा अनुरागका थोपाहरू तप्किन थालेका थिए, बिहानका शितका थोपाहरू फूल र पातमा तप्किएजस्तै । कामोद्दीप्त थिए नेमु । वासनाले थरथर काँपिरहेका थिए उनका ओंठ । नेमुको अवस्थाले मञ्जुश्रीलाई पगाल्न थालिसकेको थियो । अचानक उनीहरू दुवै अंगालोमा बाँधिए । शयनागारको पर्दा लाग्यो ।

## प्रतिक्रिया




लिभिङ टुगेदरले समस्या निम्त्याइरहेको छ (फ्रन्टपेज : लिभिङ टुगेदरका लफडा) । कसैसँग रिलेसनमा बस्नुअघि सावधानी अपनाउनु जरुरी छ ।

**अमन अधिकारी**

विश्वकप फुटबलका कारण धेरै क्षेत्रको अर्थतन्त्र चलायमान भएको छ (विश्वकपमा व्यवसायिक अफर) । यसरी आर्थिक गतिविधि बढ्नु सुखद कुरा हो ।

**चिरञ्जीवी ढकाल**

पुरानो पुस्ताबाट नयाँ पुस्ताले सिक्नुपर्ने धेरै कुरा छन् (यात्रा सन्दर्भ : शैलेन्द्रका सपना) । नाम र चर्चाका लागि लेखनमा आएका मानिस थुप्रै छन् । शैलेन्द्रको सक्रियताबाट पनि हामी धेरै कुरा सिक्न सक्छौं ।

**उषा मैनाली**

श्याम थापाका बारेमा प्रकाशित लेख रोचक लाग्यो (पेलेको नजरमा परेका श्याम थापा) । फुटबलका राजा पेलेसँग जोडिन पाउनु उनका लागि सुखद कुरा हो । थापाको जीवनमा निकै उतार-चढाव आएछ । भारतीय भए पनि उनको नेपाल प्रेम देखेर खुसी लाग्यो ।

**विनोद सापकोटा**

यो खेलकुदप्रति रुचि जगाउने राम्रो उपाय हो (जर्सी नै विद्यालयको पोसाक) । पठनपाठनका सवालमा पनि यसरी नै सकारात्मक वातावरण बनाउनुपर्छ ।

**नयन न्यौपाने**

विश्वकपसम्बन्धी विषयवस्तु समेटिएको साप्ताहिक राम्रो लाग्यो ।

**अर्जुन चौधरी**

जहाँ गए पनि आफ्नो भाषा, साहित्य, गीत, संगीतको संरक्षणमा सक्रिय हुनुपर्छ (संगीत : अमेरिकाबाटै नेपाली र्‍याप) । अमेरिकामा बस्ने युवाहरू यस्तो काममा समर्पित भएको देखेर खुसी लाग्यो ।

**गोविन्द पौडेल**

साप्ताहिकको नयाँ अंक एकदमै राम्रो छ । यसमा नेपाली खेलकुदका बारेमा एक-दुई पृष्ठ थप्न सकिँदैन ?

**डल्ली कान्छी, शिवराम क्षेत्री**

जोसेफ राचिफले मिमिलाई धेरै माया गर्दा रहेछन् (यस्तो पो विवाहको प्रस्ताव) । यो जोडी भाग्यमानी रहेछ ।

**पदम दंगाल**

twitter follow us on twitter.com/saptahik

प्रा.डा. दामोदर पोखेलको संस्मरणले मन छोयो (मन्त्री हुँदा पनि अप्रेसन गर्नुहुन्थ्यो) । यो लेखले डा. देवकोटालाई नजिकबाट बुझ्न सघाउँछ ।

**बिनोद कुँवर**

प्रेम भनेको खुलमखुल्ला हुनुपर्छ (खुलमखुल्ला प्रेम) । लुकिछिपी प्रेमको तुलनामा खुल्लमखुल्ला प्रेम छलकपटरहित हुन्छ ।

**मनिका दंगाल**

अनु पराजुलीलाई अग्रिम बधाई एवं शुभकामना (एक्सन भूमिकामा अनु) । नयाँ भूमिकामा जम्न सफल हुनुहोस् ।

**सन्तोष साह**

म्यान अफ द वर्ल्ड नेपालको विजेता बन्न सफल भएकोमा चन्दन विश्वकर्मालाई बधाई छ (म्यान अफ द वर्ल्ड नेपाल) । फिलिपिन्समा हुने प्रतियोगितामा पनि तपाईलाई सफलता मिलोस् ।

**रमेश बस्ताकोटी**

कस्तो अचम्म (१० लाखको ट्याटु) ! १० लाखको ट्याटु खोप्ने कस्तो सोख रहेछ एम्बेर लुकीको !

**दिपेश पोखरेल**

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# नेताको फुटबल मोह



सधैंभरि राजनीतिक खेलमैदानमा दौडने नेपालका नेताहरुलाई पनि विश्वकपको ज्वरोले छोएको छ । राजनीतिक भेटघाटदेखि राज्यको नीति बनाउने तथा संसदमा जनताका कुरा उठाउनसम्म समय दिनुपर्ने बाध्यता पनि छ । व्यस्त दैनिकीबाट समय निकालेर विश्वकपका कुनै न कुनै खेल हेर्ने फुर्सद निकालेकै छन् नेपाली नेताहरुले । अधिकांश नेताले बाल्यकालमा फुटबल खेलेको बताए पनि राजनीतिमा लागेपछि राजनैतिक खेलले जितेको अनुभव सुनाए । उनीहरुले विद्यार्थीकालमा मोजामा कागज हालेर फुटबल खेल्दाको अनुभवदेखि खुट्टा मर्किएकोसम्मका संस्मरण साप्ताहिकका लागि भिषा काफ्ले र जनक तिमिल्सिनालाई सुनाउन भ्याए ।



जनार्दन शर्मा, नेता, नेकपा

सानो हुँदा न फुटबल ग्राउन्ड थियो न हामीले फुटबल नै पाउँथ्यौं । त्यसैले फुटबलसँगका पुराना सम्भना त्यति छैनन् । थाङ्ना (फाटेको कपडा) को ठूलो भकुन्डो बनाएर खेलिन्थ्यो । न फिल्ड थियो, न फुटबल थियो । भलिबल पनि स्कुलमा हामीभन्दा ठूलाहरूले खेल्थें, उनीहरूको कब्जामा ए र बी टिम हुन्थ्यो, हामी सानाहरू सी टिममा पर्थ्यौं । त्यसैले स्कुलमा भएको एउटा मैदान पनि उनीहरूकै कब्जामा हुन्थ्यो । भलिबलका लागि ब्लाडर किन्ने पैसा पनि हुँदैनथ्यो, पहाड भएकाले जोडजाड गरेर किनेको ब्लाडर पनि काँडाले घोचेर फुट्थ्यो ।

यद्यपि अहिले फुटबलप्रति रुचि छ । खेलहरू हेर्छु, सुरुको खेलमा त्यति रुचि भएन । म अर्जेन्टिनाका स्टाइकर लियोनल मेसीको फ्यान हुँ । यसपटक मेसीले गोल नै हान्न सकेका छैनन्, तैपनि मेरो समर्थन अर्जेन्टिनालाई नै छ । अर्जेन्टिनाले राम्रो गर्छ भन्ने विश्वास अझै पनि भएकाले मैले उनको प्रदर्शनको विरोध पनि गरेको छैन । मेसीलाई मैदानमा विपक्षीहरूले कडा घेराबन्दी गरेर हैरान पारेका छन् ।

पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले ४ गोल हानिसके, पोर्चुगल आक्रमक देखिएको छ । ब्राजिल पनि आक्रामक नै छ । इंग्ल्यान्ड र बेल्जियम पनि उत्तिकै आक्रामक छन् । जर्मनी पनि ठीकै छ, तर आफूले समर्थन गरेको अर्जेन्टिनाले नजितेका कारण उति रमाइलो भैरहेको छैन । व्यक्तिगत रूपमा क्रिस्टियानो रोनाल्डो प्रभावशाली देखिएका छन् । ब्राजिलका खेलाडीहरूले सबैभन्दा राम्रो फुटबल कौशल देखाइरहेका छन् । पोर्चुगलले पनि छरितो फुटबल खेलिरहेको छ । एसियाबाट जापान अघिल्लो चरणमा जाने आशा छ । यस पटकको विश्वकप पुराना भन्दा पनि नयाँले लान्छन् जस्तो लाग्छ मलाई ।

गगन थापा, विरोध खतिवडा र मिनेन्द्र रिजालको अनुभव पृष्ठ २३ मा



राजेन्द्र महतो, अध्यक्ष- मण्डल सदस्य, तमलोपा

फुटबल मन नपराउने मानिस कमै होलान् । मलाई पनि फुटबल खुबै मन पर्छ । गाउँमा हुँदा हामी खुब फुटबल खेल्थ्यौं । मैले खेलमा धेरै गोल पनि गरेको छु । गोल गरिसकेपछि आफ्नो सान नै अर्कै हुन्थ्यो । गाउँ छोडेर जब काठमाडौं आइयो त्यसपछि फुटबल खेल्न पाइएन । राजनीतिक खेलकुदमा नै बढी ध्यान जान थाल्यो । राजनीति गर्ने मानिसको फुर्सद हुनै गाह्रो हुँदोरहेछ । राजनीतिमा लागेपछि फुटबल मात्र होइन, अन्य खेलकुदमा पनि ध्यान जाँदो रहेनछ । समय व्यवस्थापन गर्नै गाह्रो हुन्छ । अहिले विश्वकप चलिरहेको हुँदा त्यसले मलाई नछुने कुरै भएन । कार्यव्यस्तताले सबै खेल हेर्न पाएको छैन । दिउँसो हाइलाइट देखाउँदा बाहिर नै भइन्छ । राति गलेर घर पुगेपछि खेल हेर्ने जाँगर नै बाँकी रहँदैन । तथापि यसपल्टको विश्वकप मिलेसम्म हेर्दै आएको छु । मेरो यो टिम त्यो टिम भन्ने छैन सबै जित्ने टिमले राम्रो खेलेका छन् । राम्रो खेल भएर नै उनीहरू विश्वकपमा पुगेका हुन् । त्यसमा पनि ब्राजिल, स्पेन तथा पोर्चुगलको खेल राम्रो छ । सबै गेम हेर्न नपाएका कारण पूरै खेल तथा खेलाडीका बारेमा चाहिँ केही भन्न सक्दिन । अब सेमिफाइनलदेखि चाहिँ समय मिलाएर हेर्ने विचार गरेको छु । फाइनल चै पक्कै हेर्छु । यो वर्ष कुन देशले जित्छ भन्ने कुरा भन्न सक्दिनँ ।







एसइईपछि

# कुन ग्रेड आउनेले के पढ्ने ?



विगतका वर्षहरूमा राम्रो र गाह्रो भनिएका विषय अध्ययन गर्न सबै विषयमा प्रथम श्रेणी तथा विशिष्ट श्रेणी अनिवार्य मानिन्थ्यो तर ग्रेडिङ प्रणाली सुरु भएसँगै राष्ट्रिय परीक्षा बोर्डले निश्चित विषयमा निश्चित ग्रेड ल्याए मात्र चाहेको विषय लिएर कक्षा ११ मा भर्ना हुन पाउने नयाँ व्यवस्था समेत लागू गरेको छ। कतिपय शिक्षाविद्ले यसलाई विद्यार्थी वर्गीकरणको हद भनेर आलोचना गरिरहेका छन्। परीक्षाफलकै आधारमा यति ग्रेड ल्याएका विद्यार्थीले यो विषय पढ्न पाउने भन्ने कुराले विद्यार्थीको मनोभावलाई बुझ्न सक्दैन। शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्- एसएलसीमा प्रतिशतका आधारमा परीक्षाफल निकाल्दा विद्यार्थी वर्गीकरण भयो भनियो तर ग्रेडिङका आधारमा विषय छान्ने परिपाटीले अझ ठूलो वर्गीकरण भएको छ।

एसईई ग्रेडिङमा गएसँगै बोर्डले कुनै पनि विद्यार्थीले २ जीपीएभन्दा बढी ल्याए मात्र विज्ञान अध्ययन गर्न पाउने व्यवस्था लागू गरेको छ। यो व्यवस्थाअनुसार न्यूनतम जीपीएस २ सहित एसईईको परीक्षामा विज्ञान र गणित विषयमा कम्तीमा सी प्लस, अंग्रेजीमा सी, सामाजिक शिक्षा तथा नेपालीमा कम्तीमा डी प्लस ग्रेड प्राप्त विद्यार्थीले मात्र कक्षा ११ मा विज्ञान समूहका भौतिक, रसायन, जीव, गणित वा कम्प्युटर विज्ञान पढ्न पाउँछन्।

११ कक्षा अध्ययनका लागि एसईईमा कम्तीमा १ दशमलव ६ जीपीए ल्याउनैपर्छ। १ दशमलव ६ ल्याउँदैमा पनि चाहेको विषय अध्ययन गर्न पाइँदैन। त्यसका लागि तोकिएको विषयमा निश्चित ग्रेड ल्याउनुपर्छ। सामान्यतः विज्ञान, गणित तथा अंग्रेजीमा सी ग्रेड एवं सामाजिक शिक्षा तथा नेपालीमा डी प्लस गरी कम्तीमा १ दशमलव ६ जीपीए आए प्राविधिकतर्फ जीव विज्ञान, वनस्पति विज्ञान तथा इलेक्ट्रोनिक, सिभिल वा कम्प्युटर इन्जिनियरिङ पढ्न पाइन्छ। गणितमा सी, अंग्रेजी, नेपाली, सामाजिक शिक्षा र विज्ञानमा डी प्लससहित जीपीए १ दशमलव ६ भन्दा बढी ल्याएकाले मात्र गणित, लेखा, कम्प्युटर साइन्स, टिचिङ म्याथमेटिक्स, इलिमेन्ट अफ साइन्स, ज्योतिष, बिजनेस म्याथमेटिक्स, कोअपरेटिभ म्यानेजमेन्ट, बिजनेस स्टडिज, जियोग्राफी एवं साइकोलोजी अध्ययन गर्न पाइन्छ।

शिक्षातर्फका विषय अध्ययन गर्न विद्यार्थीले एसईई परीक्षामा विज्ञान र गणितमा कम्तीमा सी तथा अंग्रेजी, नेपाली एवं सामाजिक शिक्षामा डी प्लस प्राप्त गर्नुपर्नेछ। ती विषयमा तोकिएको ग्रेडिङ प्राप्त गरे मात्र फिजिक्स, केमेस्ट्री, बायोलोजी तथा टिचिङ साइन्स अध्यापनका लागि योग्य मानिन्छ। त्यस्तै अंग्रेजीमा सी, नेपाली तथा सामाजिक शिक्षामा डी प्लस ल्याए अंग्रेजी, अल्टरनेटिभ अंग्रेजी, टिचिङ अंग्रेजी एवं भाषा विज्ञान अध्ययनका लागि योग्य मानिन्छ।

राष्ट्रिय परीक्षा बोर्डले तोकेको मापदण्डअनुसार एसईई परीक्षामा अंग्रेजीमा सी तथा नेपाली, गणित र सामाजिक शिक्षामा डी प्लस ग्रेड प्राप्त भए मास कम्युनिकेसन, होटल म्यानेजमेन्ट तथा ट्राभल्स एन्ड टुरिज्म अध्ययन गर्ने ढोका खुल्छ। नेपाली विषयमा सी, अंग्रेजी तथा सामाजिक शिक्षामा डी प्लस प्राप्त भए नेपाली र टिचिङ नेपाली विषय अध्ययनका लागि बाटो खुल्छ। बोर्डका अनुसार सामाजिक शिक्षामा सी र नेपाली तथा अंग्रेजीमा डी प्लस ल्याउने विद्यार्थीले कक्षा ११ मा पोलिटिकल साइन्स, इतिहास, संस्कृति, गृह विज्ञान, समाजशास्त्र, दर्शनशास्त्र, लाइब्रेरी तथा इन्फरमेसन साइन्सजस्ता विषय अध्ययन गर्न पाउँछन्।

जनसंख्या तथा शारीरिक शिक्षामा सी तथा नेपाली, अंग्रेजी एवं विज्ञानमा डी प्लस ल्याउने विद्यार्थीले इन्ट्रोडक्ट टु एजुकेसन, इन्स्ट्रक्सन पोडागोजी, स्वास्थ्य एवं शारीरिक शिक्षा, जनसंख्या र वातावरण शिक्षा अध्ययन गर्न पाउँछन् भने नेपाली, अंग्रेजी एवं सामाजिक शिक्षामा डी प्लस आए ह्युमन भ्यालु एजुकेसन, जनरल ल, संस्कृत, व्याकरण, साहित्य, न्याय, वेद, नीति शास्त्र, बौद्ध एजुकेसनजस्ता विषय अध्ययन गर्न पाइन्छ।

विभिन्न भाषा अध्ययन गर्न रुचाउने विद्यार्थीहरूले भने अंग्रेजीमा डी प्लस ल्याउनैपर्छ। अंग्रेजीमा डी प्लस ल्याए मैथिली, हिन्दी, नेपाली, फ्रेन्च, जापानी, उर्दु, जर्मन, चिनियाँका साथै अन्य भाषा अध्ययन गर्न पाइन्छ। त्यसैगरी डान्स, म्युजिक, मूर्तिकला, एप्लाइड आर्ट्स, स्पोर्ट्सजस्ता विषय अध्ययन गर्न अंग्रेजीमा डी प्लस ल्याउनैपर्छ।

## प्रचारमा होइन, गुणस्तरमा ध्यान दिऊँ



कुमार प्याकुरेल
प्रिन्सिपल, जिलेट स्कुल, कालिमाटी

एसईईको नतिजा प्रकाशन भएसँगै अहिलेको व्यवस्थाले कक्षा १० उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनका क्रममा रहेका विद्यार्थीहरूमा अन्योल उत्पन्न गरेको छ। नेपाल सरकारले कक्षा ११ तथा १२ लाई सिद्धान्ततः विद्यालय शिक्षाको परिधिभित्र राखे पनि पर्याप्त तयारी नभएकाले यस्तो अन्योल देखिएको हो। लेटर ग्रेडिङ प्रणालीअन्तर्गत प्रकाशित नतिजा त्यति सन्तोषजनक नभएको र गुणस्तर खस्किएको यथार्थ हामी सबैले अनुभव गरेका छौं। विद्यार्थीहरूले कक्षा ११/१२ अध्ययन गर्दा कस्ता विषय तथा विद्यालय रोज्ने भन्ने कुरा केलाइनुपर्छ। प्रथमतः आफ्नो क्षमता र पहिचानलाई विद्यार्थी आफैंले मूल्यांकन गर्नुपर्छ। म कुन विषय अध्ययनका लागि सक्षम छु भन्ने निर्णय आफैंले लिनुपर्छ। साथीभाइ परिवार तथा छरछिमेकको दबाब तथा देखासिकीमा आफ्नो चाहना एवं क्षमता विपरीतका विषय अध्ययन गर्दा त्यो प्रत्युत्पादक हुनसक्छ। तसर्थ आफ्नो क्षमतालाई पहिलो प्राथमिकतामा राखी आफ्नो ज्ञानको दायरा र रुचिसँग सम्बन्धित विषय एवं विद्यालय छान्नुपर्छ।

- प्राप्त नतिजा मात्र नभै आफ्नो क्षमता पहिचान गरी विषय छनौट गर्ने।
- अध्ययनका लागि प्राविधिक तथा व्यवसायिक विषयलाई प्राथमिकतामा राख्ने।
- विद्यालय छनौट गर्दा आफूलाई सहज एवं सुविधाजनक हुने विद्यालयको छनौट गर्ने।
- समय एवं उमेरका कारणले विद्यार्थीहरूमा परेको र पर्न जाने नकारात्मक प्रभावलाई मध्यनजर गर्दै अभिभावकत्व ग्रहण गर्न सक्ने विद्यालय छनौट गर्ने।

## व्यवस्थापकीय पक्ष पनि हेरौं



लोकबहादुर भण्डारी
महासचिव, हिसान

काठमाडौंलगायत मुलुकका मुख्य सहरहरूमा दस जोड दुई विद्यालयहरू पर्याप्त मात्रामा स्थापित भैसकेका छन्। यस्ता धेरै विद्यालयले आफ्नो व्यवस्थापन पक्षलाई राम्रो बनाइसकेका छन् भने विद्यार्थीहरूप्रति पनि उत्तिकै उत्तरदायी हुन थालेका छन्। त्यसको उदाहरणका रूपमा परीक्षाफलमा देखिने प्रतिस्पर्धालाई लिन सकिन्छ। एसईई उत्तीर्ण भएका भाइबहिनी तथा अभिभावकले अघिल्लो यात्रा तय गर्न विद्यालय छनौट गर्दा केही विषयवस्तुमा गहन रूपमा छलफल गर्नु उपयुक्त हुन्छ।

- विद्यालयको शैक्षिक वातावरण विद्यार्थी सुहाउँदो छ/छैन हेर्नुपर्छ।
- विद्यालयको इतिहास कति लामो र कति व्यवस्थित छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ।
- विद्यालयले अध्यापन गराउने विषयवस्तुका पछाडि ती विषयसँग सम्बन्धित विज्ञको उपलब्धता, आवश्यक शैक्षिक सामग्री सम्बन्धित विद्यालयमा भए/नभएको जानकारी लिनुपर्छ।
- विगतका परीक्षाफलमा पनि विद्यार्थी तथा अभिभावकहरू चनाखो हुनुपर्छ।
- अतिरिक्त क्रियाकलापमा विद्यालयको सहभागिता कस्तो छ, बुझ्नुपर्छ।
- विद्यालयमा विद्यार्थीहरूको संख्या कति छ भन्ने कुराले पनि महत्व राख्छ।
- विद्यार्थीको राम्रो अध्ययन-अध्यापनसँगसँगै विद्यालयको व्यवस्थापकीय पक्षका बारेमा पनि बुझ्नुपर्छ।
- विद्यालयका बारेमा इमेल इन्टरनेटबाट क्रियाकलापहरू हेर्नुका साथै त्यहाँ अध्ययन गरेका वा गरिरहेका विद्यार्थीहरूसँग जानकारी लिनु आवश्यक हुन्छ।

## विद्यार्थीको रुचिलाई बाँध्नु हुँदैन



विद्यानाथ कोइराला
शिक्षाविद्

अहिले एसईईमा ग्रेडिङ सिस्टमअन्तर्गत परीक्षाफल प्रकाशित भएपछि उत्तीर्ण-अनुत्तीर्णको प्रक्रिया हटेको छ, तर सरकारले लागू गरेको ग्रेडिङको व्यवस्थाले कतिपय विद्यार्थीले आफ्नो रुचि र क्षमताअनुसार सीप सिक्नबाट वञ्चित हुनुपर्ने अवस्था छ। परीक्षाफलकै आधारमा यति ग्रेड ल्याएका विद्यार्थीले यो विषय पढ्न पाउने भन्ने कुराले विद्यार्थीको मनोभावलाई बुझ्न सक्दैन। यसले बाँध्ने काम गरिरहेको छ। एसएलसीमा प्रतिशतका आधारमा परीक्षाफल निकाल्दा विद्यार्थी वर्गीकरण भयो भनेर ग्रेडिङ सिस्टममा गइयो तर अब फलानो ग्रेडिङ आएकाले मात्र यो विषय पढ्न पाउँछ भन्नु झन् ठूलो वर्गीकरण हो। अहिले यस्तो क्षमता भएका विद्यार्थीले यो विषय रोज्नु उपयुक्त हुन्छ भनेर सल्लाह दिनै नपर्ने खालको परिपाटी सरकारले बनाएको छ भने विद्यार्थीहरू पनि आफ्नो इच्छाभन्दा पनि सरकारले निर्धारण गरेको बाटोलाई समात्नैपर्ने निर्विकल्प अवस्थामा पुगेका छन्।

अहिलेको यो व्यवस्थाले निकट भविष्यमा समस्या निम्त्याउन सक्छ, तसर्थ हामी बेलैमा सच्चिन जरुरी छ। त्यसका लागि नीति निर्माताहरूले तीनवटा बाटो रोज्न सक्छन्। पहिलो बाटो विद्यार्थीलाई उनीहरूको क्षमताअनुसार आफैं अघि बढ्न दिने। उदाहरणका लागि विद्यार्थी आफैंले टोफेल परीक्षा दिँदा अंग्रेजी विषयमा कति जानकार छ भनेर सुनाइ, बोलाइ र पढाइ जाँच गर्न पाउँछ त्यसरी नै उसले पढ्न चाहेको विषयमा आफैं मापन गर्न पाउने सिस्टम तयार गरिदिनुपर्छ।

अर्को विकल्प भनेको विद्यार्थीलाई रुचिअनुसारको विषय अध्ययन गर्न दिनु हो। यदि रुचिअनुसारको विषय पढाउन सम्बन्धित स्थानमा सम्भव नभए विद्यार्थी आफैंले त्यसको तयारी गर्ने वातावरण विद्यालयले बनाउनुपर्छ। यदि विद्यार्थीलाई विज्ञानमा रुचि छ तर उसको ग्रेडिङले त्यो सम्भव छैन भने उसलाई थप ट्युसन, अनलाइन अध्ययन वा स्व-अध्ययनको सुविधा उपलब्ध गराइदिनुपर्छ। ग्रेडिङमा अंक कम आएकै आधारमा उसको रुचि मर्न दिनुहुँदैन।

तेस्रो कम ग्रेडिङ ल्याउने विद्यार्थीलाई कलेजमा भर्ना हुन गाह्रो हुन्छ। त्यस्ता विद्यार्थीलाई सीप सिक्ने अवसर सिर्जना गरिदिनुपर्छ। त्यस्ता विद्यार्थीको विषयलाई कहीं न कहींबाट प्राज्ञिक रूपमा जोडिने वातावरण सरकारले बनाउनुपर्छ।

# भारत अध्ययन : रोजाइमा प्यारामेडिकल तथा इन्जिनियरिङ



सांस्कृतिक सामीप्यता, भाषा बुझाइमा सजिलो, सहज प्रक्रिया एवं मध्यमवर्गीय नेपालीहरूले समेत खर्च गर्न सक्ने कारणले भारत पढ्न जाने नेपाली विद्यार्थीहरूको संख्या उच्च छ। अध्ययनका लागि कति विद्यार्थी भारत जान्छन् भन्ने आधिकारिक तथ्यांक नभए पनि प्रत्येक वर्ष १० हजारभन्दा बढी विद्यार्थी अध्ययनका लागि भारत पुग्ने अनुमान रहेको नेपाल इन्डिया काउन्सिल फर एजुकेसनका उपाध्यक्ष रमेश जोशी बताउँछन्। भारतमा विशेष गरी प्यारामेडिक तथा इन्जिनियरिङ पढ्न जाने विद्यार्थीको ताँती लाग्छ। केही वर्ष अघिसम्म व्यवस्थापनका विद्यार्थीको पनि रोजाइमा थियो भारत, तर नेपालमै चारवर्षे कक्षा सञ्चालन हुन थालेसँगै त्यो संख्या भने घट्दै गएको छ।

प्यारामेडिकतर्फ रेडियोलोजी, बीएस्सी नर्सिङ, प्याथोलोजी, फिजियोथेरापी, अप्टोमेट्रिक्स, बीएमएलटी तथा रेडियोलोजीका लागि नेपाली विद्यार्थीको रोजाइमा भारतका कलेजहरू नै पर्छन् भने इन्जिनियरिङतर्फ कम्प्युटर इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ एवं इन्फरमेसन टेक्नोलोजी रोजाइका विषय हुन्।

## आधिकारिक कन्सल्टेन्सीबाटै

दुई वर्ष अघिसम्म भारतका विभिन्न राज्यबाट कलेजका प्रतिनिधिहरू नेपालका विभिन्न सहरहरू पुगी सीधै विद्यार्थी भर्ना लिन्थे। त्यसो हुँदा कतिपय छात्र-छात्रा विश्वविद्यालयसँग सम्बन्धन नै नलिएका कलेज तथा पर्याप्त सिट नै नभएका मेडिकल कलेजमा भर्ना भएर अन्तिममा परीक्षामा सामेल नै हुन नपाई लाखौं रुपैयाँ डुबाउन बाध्य हुन्थे। यद्यपि अहिले सरकारले भारतीय क्याम्पसहरूलाई सिधै विद्यार्थीकहाँ पुग्न रोक लगाएको छ। भारतमा पढ्न जाने विद्यार्थीले सरकारी निकायमा दर्ता भएका कन्सलटेन्सीमार्फत मात्र जान प्रोत्साहित गरिएको छ। त्यही भएर भारतीय कलेजहरूमा अध्ययन गर्न जानेहरूलाई दिइने नो अब्जेक्सन लेटर दिँदा नै सरकारमा दर्ता भएको कन्सलटेन्सीमार्फत गएको हो कि होइन भनेर कडाइ गर्न थालिएपछि त्यो समस्या हल हुँदै गएको जोशी बताउँछन्। त्यसो त व्यवसायीहरूले विद्यार्थीलाई भारतमा गएर पढ्दा केही झन्झट नहोस् भनेर नेपाल इन्डिया काउन्सिल फर एजुकेसन नामको छाता संस्थासमेत स्थापना गरेका छन्। उक्त संस्थामा अध्ययनका लागि भारत पठाउने २४ वटा कन्सल्टेन्सी आबद्ध छन्।

काउन्सिलमा आबद्ध संस्थाको माध्यमबाट गएका विद्यार्थीले यहाँ तोकिएको भन्दा अतिरिक्त शुल्क तिर्नु नपर्ने उपाध्यक्ष जोशीको दाबी छ। 'यहाँबाट पठाइएका विद्यार्थीलाई केही समस्या भयो भने काउन्सिलले सहयोग गर्छ।' जोशी भन्छन्- यहाँ जति शुल्क भनिएको हुन्छ त्योभन्दा एक रुपैयाँ बढी तिर्नु पर्दैन, बढी तिर्नुपरे विद्यार्थीले हामीलाई जानकारी गराए हामी सीधै सम्बन्धित निकायमा कम्प्लेन गर्छौं।

## कसरी गर्ने आवेदन

भारतमा अध्ययन गर्न चाहने विद्यार्थीले पहिले आफू कुन विषय अध्ययन गर्ने हो निर्क्यौल गर्नुपर्छ। उक्त कुरा निर्क्यौल गरिसकेपछि आफूले पढ्न चाहेको विषय अध्ययन गराउने कलेजको खोजी गर्नुपर्छ। त्यसरी कलेज खोज्दा मान्यताप्राप्त विश्वविद्यालयमा दर्ता छ/छैन बुझ्नु आवश्यक हुन्छ। यदि आफूले चाहेको विषय मिल्ने कलेज पाए मान्यताप्राप्त कन्सलटेन्सीमार्फत सम्बन्धित विश्वविद्यालयमा निवेदन दिनुपर्छ। विश्वविद्यालयले विद्यार्थीको सबै कागजात हेरेर स्वीकृति दिएपश्चात् कन्सलटेन्सीमार्फत नै भर्ना प्रक्रिया अघि बढाउन प्रोभिजनल एडमिसन लेटर प्रदान गरिन्छ। उक्त पत्र पाएपछि शिक्षा मन्त्रालयबाट भारत गई अध्ययन गर्नका लागि नो अब्जेक्सन लेटर लिनुपर्छ। प्यारामेडिकल विषय अध्ययनका लागि जाने विद्यार्थीको हकमा भने स्वास्थ्य अनुसन्धान परिषद्बाट पनि नो अब्जेक्सन लेटर लिनु आवश्यक हुन्छ तर इन्जिनियरिङ पढ्न चाहनेहरूका लागि परिषद्को नो अब्जेक्सन लेटर आवश्यक छैन।

### आवश्यक कागजात

एसएलसीको मार्कसिट तथा क्यारेक्टर सर्टिफिकेट
प्लस टुको माइग्रेसन, क्यारेक्टर तथा मार्कसिट
शिक्षा मन्त्रालयको नो अब्जेक्सन सर्टिफिकेट
पारामेडिकलका लागि राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्को नो अब्जेक्सन लेटर

### कुन विषय पढ्न कति खर्च ?

**इन्जिनियरिङ** : कम्तीमा ६ देखि २० लाख भारतीय रुपैयाँ (कलेजअनुसार फरक छ)
**प्यारामेडिकल** :
**बीएस्सी नर्सिङ** : ४ देखि ६ लाख भारतीय रुपैयाँ (होस्टलसहित)
**रेडियोलोजी** : ३ वर्षे कोर्स ५ लाख भारतीय रुपैयाँ
**फार्मेसी** : ५ देखि ८ लाख भारतीय रुपैयाँ
**फिजियोथेरापी** : ५ देखि ८ लाख भारतीय रुपैयाँ
**फाम डी** : लागि १४ देखि २२ लाख भारतीय रुपैयाँ (५ वर्षे)

Advt

गुणस्तरीय शिक्षामा अब्बल ओमेगा

OMEGA INTERNATIONAL COLLEGE
Kumaripati Lalitpur
Tel: 977-1-5008653, 5549386
Email: info@omegacollege.edu.np
www.omegacollege.edu.np




यतिबेला एसईई उत्तीर्ण विद्यार्थीहरू उच्च शिक्षाका लागि उत्कृष्ट +२ को खोजीमा छन्। +२ शिक्षा क्षेत्रमा विगत लामो समयदेखि ओमेगा मावि पृथक् पहिचान कायम गर्न सफल छ। विषयविज्ञ, अनुभवी एवम् प्राज्ञिक छवियुक्त शिक्षकले पढाउने ललितपुरको कुमारीपाटीमा सञ्चालित ओमेगा एसइई उत्तीर्ण विद्यार्थीको विशेष रोजाइमा रहेको छ। यहाँ विद्यार्थीले पारिवारिक वातावरणमा विज्ञान, व्यवस्थापन र मानविकी समूहका विभिन्न विषयको अध्ययन गर्न पाउँछन्।



गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा

ओमेगाको पहिचान भनेकै उत्कृष्ट शिक्षा प्रदान गर्नु हो। यहाँ प्रदान गरिने युगानुकूल, व्यावहारिक एवम् प्रायोगिक शिक्षाका कारण ओमेगाका विद्यार्थी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका जुनसुकै प्रतिस्पर्धामा उत्कृष्ट साबित भएका छन्। यहाँका उत्पादन सौरभ सुवेदी छात्रवृत्ति परीक्षामा उत्कृष्ट दोस्रो स्थान हासिल गर्दै IOM महाराजगञ्जमा MBBS अध्ययन गर्दै रहेको र छात्रवृत्ति परीक्षामा उत्कृष्ट दोस्रो स्थानका साथ यही माविका राजन केसीले IOE पुल्चोकमा B.E. अध्ययनका लागि पाएको सफलता ओमेगाको गुणस्तरीय शिक्षाका उदाहरण हुन्। यसरी नै बर्सेनि देश-विदेशका विभिन्न अब्बल शिक्षण संस्थामा यहाँका विद्यार्थी कडा प्रतिस्पर्धाबीच आकर्षक छात्रवृत्ति हासिल गर्न सफल छन्।

सुविधासम्पन्न भौतिक पूर्वाधार

ओमेगा विद्यालय आकर्षक भौतिक सुविधाले सम्पन्न छ। यहाँ विज्ञान समूह अध्ययन गर्ने विद्यार्थीका लागि अत्याधुनिक उपकरणले सुसज्जित Physics, Chemistry तथा Biology का अलगअलग प्रयोगशाला छन्। आकर्षक कम्प्युटर ल्याब, पठनीय पुस्तक तथा पत्रपत्रिकाले पूर्ण पुस्तकालय एवम् आवास चाहिने विद्यार्थीका लागि पूर्ण पारिवारिक वातावरणमा सञ्चालित छात्रा र छात्रका लागि छुट्टाछुट्टै छात्रावासको व्यवस्था छ। जसमा आवश्यक विषयको नियमित अतिरिक्त कक्षाको सुविधा पनि उपलब्ध छ।

अतिरिक्त क्रियाकलाप

ओमेगाले विद्यार्थीको समग्र विकासमा उत्तिकै ध्यान पु-याउँछ। प्रतिभावान् विद्यार्थीको प्रतिभालाई विकसित तुल्याउन क्रिकेट, फुटबल, बास्केटबल, ब्याडमिन्टन, टेबलटेनिस, हाजिरीजवाफ जस्ता बौद्धिक एवम् शारीरिक विकासमा विभिन्न आन्तरिक तथा बाह्य प्रतिस्पर्धामा सरिक गराई औपचारिक शिक्षाका साथै अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै जोड दिइरहेको हुन्छ।

हरेक वर्ष निश्चित विद्यार्थी संख्यामा पठनपाठन गराउने ओमेगा शैक्षिक लगायत समग्र व्यक्तित्वको विकास चाहने एसइई उत्तीर्ण विद्यार्थीका लागि एक उपयुक्त गन्तव्य हो।

# विश्वकपमा नयाँ प्रविधि






**विश्वकप फुटबल चलिरहेको छ । विश्वकप फुटबललाई विवादरहित बनाउन यस पटक धेरै नयाँ प्रविधिको प्रयोग भएको छ । मैदानमा भएका खेलाडीदेखि स्टेडियम, रेफ्री तथा प्रशिक्षकहरूका लागि समेत विभिन्न प्रविधि उपलब्ध गराइएको छ ।**

### भीएआर

भीएआर अर्थात् भिडियो असिष्टेन्ट रेफ्रीले मैदानमा रहेका रेफ्रीलाई अप्ठ्यारो अवस्थामा सहयोग गर्छन् । पेनाल्टी, गोल, रेड कार्ड आदिको समयमा विवाद भए भीआरले वास्तविकता दर्साउँछ । यसमा एक जना मुख्य भीएआर रेफ्री हुन्छन् भने तीन जना असिस्टेन्ट भिडियो अपरेसन रुममा हुन्छन् । भीएआरले फाइबरमा आधारित रेडियो सिस्टमको सहयोगले मैदानमा भएका रेफ्रीसँग कुरा गर्छन् र कुनै विवाद भए समस्या निरुपण गर्छन् । भीएआरका लागि ३३ वटा ब्रोडकास्ट क्यामेरा प्रयोग गरिन्छ । त्यसैगरी अफसाइडमा दुई छुट्टाछुट्टै क्यामेरा हुन्छन् । भीएआरले ती सबै क्यामेराले देखाउने दृश्य अध्ययन गरिरहेको हुन्छ र रेफ्रीलाई आवश्यक समयमा मद्दत गर्छ ।

### टेलस्टार बल

विश्वकप फुटबलका लागि टेलस्टार-१८ नामक बल प्रयोग गरिएको छ । यसमा नयाँ किसिमको कारकास र प्यानल छ । त्यसैले यो बलले विगतका विश्वकपमा प्रयोग भएका बलले भन्दा बढी पर्फमेन्स दिने बताइएको छ । यसमा नियर फिल्ड कम्युनिकेसन अर्थात् एनएफसी चिप जडान गरिएको छ । यसले एप्पल पे तथा एन्ड्रोइड पेको जस्तै प्रविधिमा काम गर्छ । यसका कारण नै स्मार्टफोनसँग उक्त फुटबलको सम्पर्क भैरहेको हुन्छ । एनएफसी चिप विश्वकपमै पहिलो पटक बलमा जडान गरिएको हो ।

### फोरके यूएचडी भिडियो

विश्वकपको भिडियो ब्रोडकाष्टका लागि यस पटक फोरके अल्ट्रा हाईडिफिनेसन ब्रोडकास्ट प्रविधि प्रयोग गरिएको छ । यसको ट्रायल भने ब्राजिल विश्वकपमै गरिएको थियो । यसका कारण बीबीसी स्पोर्ट्स भीआर एपको प्रयोग गरेर फुटबल खेल हेर्दा स्टेडियममै बसेर खेल हेरेजस्तो अनुभव गर्न सकिन्छ ।

### फाइभ जी

अहिले विश्वभरका मोबाइल फोनमा फोरजी प्रविधि प्रयोग भैरहेको छ । फाइभ जी प्रविधि परीक्षण त भएको छ, तर अझै व्यवहारमा आएको छैन । फाइभ जी सन् २०१९ देखि मात्र व्यवसायिक प्रयोगमा आउनेछ, तर यही विश्वकपमा यो प्रविधि परीक्षणका रूपमा प्रयोग भैरहेको छ । रूसका ११ वटा सहरका ४० साइटमा फाइभ जी क्षमताको रेडियो नेटवर्क जडान गरिएको छ । नेटवर्कका साथै स्टेडियमको फ्यान जोन एवं ट्रान्सपोर्टेसन हबमा समेत फाइभ जीको प्रयोग भैरहेको छ ।

### इलेक्ट्रोनिक पर्फमेन्स एन्ड ट्र्याकिङ सिष्टम (ईपीटीएस)

यस पटकको विश्वकपमा प्रयोग भएको ईपीटीएस नौलो प्रविधि हो । यसलाई विश्वकपकै इतिहासमा सबैभन्दा ठूलो उपलब्धि मानिएको छ । यो ट्याब्लेटमा आधारित सिस्टम हो, जसले ३२ टिमका सबै प्रशिक्षकलाई रियल टाइममा खेलाडीको तथ्यांक तथा भिडियो फुटेज देखाउँछ । यसका लागि प्रत्येक टिमलाई तीनवटा ट्याब्लेट दिइएको छ । खेलका फुटेज यी ट्याब्लेटमा ३० सेकेन्डमै उपलब्ध हुन्छन् । यही जानकारीका साथ खेलाडी कुन पोजिसनमा छ, उसको स्पिड कति छ, पास कसरी दिएको छ आदि जानकारी समेत प्राप्त हुन्छ ।

### ६ करोड भिजिटर्स

विश्वकप फुटबल प्रतियोगिता आयोजना गरिरहेको फिफाको आधिकारिक वेबसाइट फिफा डटकम संसारभर सर्वाधिक हेरिने स्पोर्ट्स वेबसाइट हो । हाल चलिरहेको विश्वकपको समयमा यो वेबसाइट ६ करोड मानिसले भिजिट गर्छन् । यो वेबसाइट विश्वकप फुटबलको सबैभन्दा लोकप्रिय प्लेटफर्म हो । अन्य कुनै पनि फुटबल वेबसाइटको तुलनामा यो वेबसाइट विश्वका १ सयभन्दा बढी देशमा हेरिन्छ । प्रत्येक दिन विश्वका २० करोड मानिसले फिफा डटकम भिजिट गर्छन् । फिफाका ३२ जना रिपोर्टरको ट्विटलाई नै विश्वका २ लाख भन्दा बढी मानिसले फलो गर्छन् । त्यसैगरी १ करोड मानिसले फिफा फ्यान जोन, फिफा फ्यान्टासीलाई फलो गर्छन् । यही खेलकै क्रममा हाल सम्म ४० लाख फ्यान फेसबुक, इन्स्टाग्राका तथा ट्विटरमा जोडिइसकेका छन् । अघिल्लो विश्वकपको तुलनामा अहिलेको विश्वकप इन्स्टाग्राममा फलोअर ५० प्रतिशतले वृद्धि भएका छन् ।

### डेटिङ एपको बढ्दो प्रयोग


विश्वकपको समयमा रुसमा डेटिङ एपको प्रयोगसमेत बढ्दो छ । फिफा विश्वकप-२०१८ प्रारम्भ भए पश्चात डेटिङ एपको माग तीन गुणाले बढेको छ । डेटिङ एप सुविधा उपलब्ध गराउने रुसको एक मोबाइल अपरेटर कम्पनीले जनाएअनुसार रुसमा आएका विदेशीमध्ये यस प्रकारको एप डाउनलोड गर्नेहरूमा ७० प्रतिशत पुरुष छन् । त्यसमा पनि विशेष गरी अर्जेन्टिना, इजरायल तथा मेक्सिकोका पुरुषले बढी मात्रामा उक्त एप प्रयोग गरेका छन् । यही सन्दर्भमा एक अर्जेन्टिनी युवकले आफूले खेलको समयमा यसको प्रयोग नगरे पनि अन्य समयमा यही एप प्रयोग गरी युवतीहरू खोजी गर्ने तथा उनीहरूलाई पार्टी एवं डिनरका लागि बोलाउने कुरा बताएका छन् ।

## गुगलको भिडियो डोर बेल




घरमा कोही मानिस आउँदा अब उनीहरूले भिडियो डोर बेल बजाउन सक्नेछन् । गुगलले यसका लागि 'नेस्ट हेलो' ल्याएको घोषणा गरेको छ । घरमा कोही पाहुना आए उक्त भिडियो डोर बेल प्रयोग गर्न सकिनेछ । यसमा कुनै पनि व्यक्तिले ढोकाको नजिक पुगेर भ्वाइस वा टेक्स्ट म्यासेज पठाउन सक्नेछन् । यदि आगन्तुक परिचित नभए बेलले एलर्ट गर्नेछ । यसमा फेसियल रिकग्निसन सिस्टमसमेत उपलब्ध छ । यो डिभाइस हाल युरोपका बजारमा मात्र उपलब्ध छ । यसको अन्तर्राष्ट्रिय बजार मूल्य करिब ३२ हजार रुपैयाँ छ ।

## मोबाइलमा म्युजिकल्ली



हिजोआज जताततै म्युजिकल्लीको चर्चा छ । म्युजिकल्ली एक प्रकारको एप हो । यसमा कुनै रेकर्डेड भिडियोको तालमा ओठमा ओठ मिलाएर हाउभाउ देखाउन मिल्छ । यसमा विशेष गरी युवतीहरूको आकर्षण देखिन्छ ।

हाल सञ्चारकर्मी रवि लामिछाने, गायिका तथा मोडल तिर्सना बुढाथोकी, पत्रकार ऋषि धमला, धमला पत्नी एलिजा उप्रेती आदि म्युजिकल्ली एपमा निकै चर्चामा छन् । यीबाहेक धेरै कलाकार समेत यसमा अटाएका छन् ।

म्युजिकल्ली एपमा १५ सेकेन्डसम्मका भिडियो रेकर्ड गर्न मिल्छ । सन् २०१६ को जुलाई सम्म यसका ९ करोड प्रयोगकर्ता रहेकोमा हाल २० करोड भन्दा बढी छन् । म्युजिकल्ली एक प्रकारको सामाजिक भिडियो सञ्जाल एप हो । यसको निर्माण चीनमा सन् २०१४ मा भएको थियो ।

## जिमेलको फिचर

गुगलले जिमेलमा पनि स्मार्ट कम्पोज नामक नयाँ फिचर ल्याउने घोषणा गरेको छ । यसका कारण इमेल कम्पोज गर्दा विभिन्न वाक्य वा शब्दहरू सुझावका रूपमा आर्टिफिसियल इन्टेलिजेन्स तथा मेसिन लर्निङमार्फत प्राप्त हुनेछन् । इमेलका लागि आवश्यक शब्द टाइप गर्दा नै सुझावका रूपमा ती वाक्य वा शब्द आउनेछन् ।

## ५ सय किलोमिटर गुड्ने बाइक




भारतमा यस्तो इलेक्ट्रिक बाइकको विकास गरिएको छ, जसको ब्याट्रीलाई एक पटक फुल चार्ज गर्दा ५ सय किलोमिटर गुड्न सक्छ । कर्नाटक राज्यको हुब्लीमा स्थापित मेनकेम अटोमोटिभद्वारा निर्माण गरिएको यो मोटरसाइकलको नाम ईपी-१ राखिएको छ । पर्फमेन्सको मामिलामा यसलाई हालसम्मकै सर्वाधिक राम्रो इलेक्ट्रिक बाइक मानिएको छ ।

यो इलेक्ट्रिक बाइकमा ८० किलोग्रामको लिक्विड कुल्ड ब्याट्री युनिट छ । यसलाई एड्भान्स्ड म्यानेजमेन्ट सिस्टमद्वारा नियन्त्रण गर्न सकिन्छ । उक्त पावर प्याकको वजन ८० किलोग्राम छ । यसलाई राख्दा बाइकको कुल तौल १ सय ८० किलोग्राम हुन्छ ।

हाल यसको प्रोटोटाइप निर्माण गरेर परीक्षण सम्पन्न गरिएको छ । कम्पनीका अनुसार सन् २०२२ देखि बजारमा उपलब्ध हुने यो बाइक २ सय ५० किलोमिटर प्रतिघण्टाको स्पिडमा गुड्न सक्छ ।

मेनकेम कम्पनीले यसलाई सुरक्षित बनाउन एबीएस तथा ट्र्याक्सन कन्ट्रोल सिस्टमलाई नियन्त्रण गर्ने सफ्टवेयर निर्माण गरेको छ । यसमा स्टिल फ्रेम प्रयोग गरिनुका साथै ब्रेम्बो कम्पनीको गुणस्तरीय डिस्क ब्रेक जडान गरिएको छ ।


KMG
KANTIPUR MEDIA GROUP
EXPERIENCE THE BIGGEST SPORTING FESTIVAL WITH KANTIPUR HD
FIFA WORLD CUP RUSSIA 2018
KANTIPUR
AUTHORIZED BROADCASTING PARTNER FOR NEPAL
CATCH THE 2018 FIFA WORLD CUP LIVE IN HIGH DEFINITION EXCLUSIVELY ON KANTIPUR HD
GET READY FOR THE NEXT LEVEL OF EXCITEMENT
ROUND OF 16
MATCHES BEGINS 30th JUNE
7:45 PM ONWARDS
LIVE SCREENING VENUES:
7 SEASONS
Canteen
EVOKE CAFÉ & BISTRO
EMBASSY
THE EMPIRE
FOYER
GG Machaan
KINGS LOUNGE
LEVELS TERRACES
MANNY'S Eatery & Bar
octave
PRIVÉ
Trisara

संगीत

## २३ वर्षपछि भिडियो

गायक राजेश पायल राईको सर्वाधिक लोकप्रिय गीत 'बैगुनी रै'छौ मायालु' ले नौलो कीर्तिमान कायम गरेको छ । झन्डै २३ वर्षअघि रेकर्ड गरिएको उक्त गीतको कुनै म्युजिक भिडियो निर्माण गरिएको थिएन । रेकर्ड भएको झन्डै साढे दुई दशकपछि म्युजिक भिडियो बन्ने सम्भवतः यो पहिलो नेपाली गीत हुनुपर्छ । भरत बमजनको शब्द तथा वसन्त मुकारुङको संगीतको उक्त गीत गायक राजेशपायल राईको सांगीतिक करियरकै टर्निङ प्वाइन्ट थियो । दुई दशकअघि नेपालमा म्युजिक भिडियो निर्माणको क्रम नै प्रारम्भ नभएकाले उक्त गीत भिडियोका रूपमा आएको थिएन । यद्यपि अहिले आएर नेपाल टेलिभिजनका सञ्चारकर्मी दीपक समिरले यसलाई भिडियोको स्वरूप प्रदान गरेका छन् । समीरकै निर्देशनमा बनेको उक्त गीतको म्युजिक भिडियो केही दिनमै दर्शकमाझ आउँदैछ । भिडियोमा अभिनेता श्रीदेव भट्टराई, पुरुषोत्तम नेपाली तथा वर्षा चौलागाईंले अभिनय गरेका छन् ।



## इन्दिरामा परिवर्तन

नेपाल आइडलमा पुनः निर्णायक भएपछि गायिका इन्दिरा जोशीले आफ्नो व्यक्तित्वमा प्रशस्त परिवर्तन ल्याएकी छिन् । निर्णायक बन्नुअघि आइटम डान्सर तथा गायिकाको छवि बनाएकी इन्दिरालाई नेपाली साकिराको उपनामसमेत मिलेको थियो । यद्यपि अहिले आएर उनले आफ्नो गायन शैली, हाउभाउ तथा कन्सर्टको प्रस्तुतिमा समेत व्यापक परिवर्तन ल्याएकी छिन् । हाले युट्युबमा सार्वजनिक भएको रेलिमाई...गीतमा त इन्दिराको बिल्कुलै फरक रूप देख्न पाइन्छ । उक्त गीतको म्युजिक भिडियोमा समेत आफैंले अभिनय तथा नृत्य गरेकी इन्दिरालाई कुनै नायिकाभन्दा कम देखिएको छैन । गायक आर्जन पाण्डेसँगको उक्त युगल गीतको लोकप्रियताले इन्दिरालाई कन्सर्टका लागि एउटा नयाँ गीत त मिलेकै छ, राम्रो अभिनय गर्ने भएकाले अन्य गायक-गायिकाका गीतका म्युजिक भिडियोदेखि नेपाली चलचित्रकै लागिसमेत बाटो खुला भएको चर्चा चल्न थालेको छ ।





## ट्रेन्डिङ गायिका

युट्युबका नियमित दर्शकलाई गायिका त्रिशाला गुरुङको नाम नौलो होइन । त्रिशाला व्यवसायिक गायिका होइनन्, उनी प्रायः कभर गीत गाउँछिन् । यद्यपि उनका कभर गीत नै यति लोकप्रिय हुन्छन् कि दर्शकहरू उनका नयाँ-नयाँ गीतको प्रतीक्षामा हुन्छन् । पछिल्लो पटक उनले गाएको एउटा कभर गीत त ट्रेन्डिङको उत्कृष्ट पाँचमा पर्न सफल भयो । 'सपना भै आँखामा आउने को होला....' कभर गीतको भिडियोलाई २३ लाख ३७ हजारभन्दा धेरै पटक हेरिएको छ । यसबाहेक उनले थुप्रै लोकप्रिय नेपाली तथा हिन्दी गीतका कभर भर्सन आफ्नो यूट्युब च्यानलमा अपलोड गरेकी छिन्, जसलाई लाखौं पटक हेरिएको छ । रमाइलो कुरा के छ भने युट्युबमा त्रिशालाका दुईवटा च्यानल छन्, एउटा त्रिशाला गुरुङ शीर्षकमा छ भने अर्को त्रिशाला गुरुङ टिजी शीर्षकमा । कभर गीतहरूको लोकप्रियतासँगै कन्सर्टमा समेत उनको सक्रियता बढ्न थालेको छ । यति हुँदाहुँदै पनि त्रिशालाले आफ्नो ओरिजिनल गीत सार्वजनिक गर्ने हिम्मत गरेकी छैनन् । आशा गरौं, उनी चाँडै आफ्नो मौलिक गीत लिएर झुल्कनेछिन् ।

## आनन्द कार्कीका पाँच रोजाइ

| गीत | स्वर | संगीत |
|---|---|---|
| एउटा मान्छेको मायाले | नारायण गोपाल | दीपक जंगम |
| गाजलु ती ठूला-ठूला | गुलाम अली | दीपक जंगम |
| जति माया लाए पनि | अरुण थापा | अरुण थापा |
| शुभकामनाभरि | तारा देवी | नातिकाजी |
| यी हल्लाहरू हुन् | आनन्द कार्की | दीपक जंगम |



म्युजिक अपडेट

### गन्धर्व सांगीतिक मेला

भोलि असार १६ गते शनिबार पोखरामा गन्धर्व सांगीतिक मेला-२०७५ हुने भएको छ । मेलामा कास्की जिल्लाका १२ जना कलाकारले फरक-फरक गन्धर्व संगीत सुनाउनेछन् । पोखरेली युवा सांस्कृतिक परिवारद्वारा आयोजित उक्त मेला पोखरा गैह्रापाटनस्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा हुनेछ । कार्यक्रम बिहान ११ बजेदेखि सुरु हुने आयोजकले जानकारी दिएका छन् ।

### सहरमा नयाँ दोहोरी

गायक राजेशपायल राईले काठमाडौंको सुन्धारामा सञ्चालनमा आएको गाउँघर दोहोरी साँझको रिबन काटेर उद्घाटन गरेका छन् । युवा नेता तथा समाजसेवी पूर्ण गुरुङको उक्त दोहोरी साँझमा प्रत्येक दिन दोहोरी गीत प्रस्तुत गरिन्छ ।

### सन्ध्याको नयाँ

नेपाल आइडलको पहिलो संस्करणबाटै चर्चामा आएकी गायिका सन्ध्या जोशीले 'मिर्मिरे...' शीर्षकको आफ्नो नयाँ गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी छिन् । भिडियोका मोडल सुदित श्रेष्ठले नै यसलाई निर्देशन गरेका हुन् ।



राष्ट्रिय नृत्य तथा वाद्यवादन प्रतियोगिता : दोस्रो संस्करणको बेबिलोन उपत्यकाव्यापी अन्तरविद्यालय राष्ट्रिय नृत्य तथा वाद्यवादन प्रतियोगिता-२०७५ मा बाग्मती बोर्डिङ स्कुल, सुकेधारा तथा एनकेसिंह मेमोरियल (इपिएस) स्कूल, मीनभवन उत्कृष्ट भएका छन् । शान्तिनगरस्थित बेबिलोन नेशनल स्कूलले आयोजना गरेको प्रतियोगितामा बागमती बोर्डिङले वाद्यवादनतर्फ तथा ईपिएस स्कूलले नृत्यतर्फ पहिलो स्थान हासिल गरेका हुन् । प्रतियोगितामा वाद्यवादनतर्फ ओडिसी इन्टरनेशनल एकेडेमीले दोस्रो तथा डल्लु आवासीय माविले तेस्रो स्थान हासिल गरे । नृत्यतर्फ गोल्डेन पिक हाई स्कुल, शान्तिनगरले दोस्रो तथा पेप्सिकोलास्थित ग्लोबल पब्लिकले तेस्रो स्थान हासिल गरेका थिए । प्रतियोगितामा उपत्यकाका विभिन्न २२ विद्यालयले सहभागिता जनाएका थिए ।

### अमेरिकाबाट भिडियो

अमेरिकामा छायांकन गरिएको 'पिरती त जिन्दगीमा' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । अमर तुम्बापो सुब्बा तथा टीका लामिछानेको स्वरको उक्त भिडियोमा कृष्ण कार्की, संगीता घिमिरे तथा प्रभु भण्डारीले अभिनय गरेका छन् भने त्यसको निर्देशन कृष्ण राईले गरेका हुन् ।

### शिवको मंगली

गायक शिव परियारको नयाँ गीत 'मंगली....' को म्युजिक भिडियो कम समयमै लोकप्रिय भएको छ । सार्वजनिक भएको केही दिनमै युट्युब ट्रेन्डिङको उत्कृष्ट पाँचमा पर्न सफल उक्त गीत पहिलो १० दिनमै २७ लाख पटक हेरिएको छ । प्रल्हाद शाहको शब्द तथा शंकर थापाको संगीतको उक्त भिडियोमा सुशान्त खत्री तथा आँचल शर्माले अभिनय गरेका छन् ।

### संगीत दिवसका दुई कार्यक्रम

पोखरामा विश्व संगीत दिवस मनाइएको छ जसको आयोजनामा विभिन्न १६ वटा संस्थाको संलग्नता थियो । यसपालिको विश्व संगीत दिवसका क्रममा गायक कर्णदास, रामभक्त जोजिजु तथा नृत्य निर्देशक गम्भिर बर्देवालाई सम्मान गरियो । यस्तै २०६६ सालदेखि हरेक वर्ष प्रदान गरिँदै आएको विश्व संगीत प्रोत्साहन पुरस्कार संगीतकर्मी रोम तामाङले प्राप्त गरे । यसैगरी विश्व संगीत दिवसको अवसर पारेर धरान संगीत प्रतिष्ठानले आयोजना गरेको सांगीतिक कार्यक्रममा प्रिज्म ब्यान्डसँगै गायक दीप श्रेष्ठले आफ्ना गीतहरू प्रस्तुत गरे । सो अवसरमा धरान संगीत प्रतिष्ठानले यो वर्ष वरिष्ठ गायक प्रेमध्वज प्रधान तथा प्रिज्म ब्यान्डका सुवर्ण लिम्बूलाई सम्मान गरेको छ ।

### बानियाँ पुरस्कृत

गायक विनोद बानियाँ ३० हजार रुपैयाँ राशीको ललितकुमार हेलकुमारी बाटाजू स्मृति संगीत पुरस्कारबाट पुरस्कृत भएका छन् ।

केवल एक प्रश्न

# एसएलसीको रिजल्ट हुने दिन के सोच्दै हुनुहुन्थ्यो ?

एक पटक दिएको भए पो सम्झनु। तीन-तीन पटक एसएलसी दिनुपर्‍यो। तेस्रो पटकको नतिजा आउने दिनको चाहिँ सम्झना छ। यसपल्ट पनि फेल भएँ भने नेपालबाट भागेर मुम्बई जान्छु र कलाकार बन्न संघर्ष गर्छु भन्ने विचार मनमा आएको थियो।

**दीपकराज गिरी, अभिनेता**

डिस्टिङ्सन आउँछ कि आउँदैन भनेर सोचिरहेको थिएँ। आखिर डिस्टिङ्सन नै आयो।

**केकी अधिकारी, अभिनेत्री**

मैले ०६० मा एसएलसी दिएको थिएँ। एसएलसीको नतिजा आउने दिन मन एक्कासि आत्तिएको थियो, जिन्दगीको एउटा महत्वपूर्ण खुड्किलो हो, के होला कसो होला भन्ने कुराले मनमा बाढी नै ल्याएको थियो। भोलिपल्ट रिजल्ट आउने कुरा थाहा भएपछि त्यो रातभर निन्द्रा लागेन, बिहानीपख चाहिँ एक दिन निदाएछु। सपना पनि राम्रो देखेँ अनि उत्तीर्ण हुन्छु भन्ने झिनो आशा मनमा पलायो। हुन पनि म द्वितीय श्रेणीमा उत्तीर्ण भएँ।

**याम क्षेत्री, लोकगायक**

म कक्षाको प्रथम विद्यार्थी थिएँ। परीक्षा पनि राम्रो भएको थियो तर नतिजा कस्तो आउला भन्ने डर मनमा थियो। त्यसैले नतिजा आउने अघिल्लो दिन नतिजा राम्रो आओस् भनेर म र मेरी ममीले दुर्गा माताको व्रत लिएका थियौँ।

**विक्रान्त मेहेता**
**चिकित्सक तथा गायक**

नतिजा प्रकाशित हुने अघिल्लो दिनसम्म चाहिँ उत्तीर्ण भैहालिन्छ नि भनेर खासै वास्ता गरिएको थिएन तर नतिजा आउने दिन चाहिँ साह्रै डर लागेको थियो।

**रेश्मा भण्डारी, खेलाडी**

उत्तीर्ण चाहिँ हुन्छु भन्ने लागेको थियो तर नतिजा आउने दिन मुटु मुखमा पुगेको थियो।

**ऋचा शर्मा, अभिनेत्री**

उत्तीर्ण त हुन्छु भन्ने थियो, तर कुन डिभिजन आउला भन्ने सोचिरहेको थिएँ। द्वितीय श्रेणीमा उत्तीर्ण भएँ।

**जितु नेपाल, अभिनेता**

कतिबेला रिजल्ट आउला र पास भएँ भने बुबासँग पैसा मागेर फिल्म हेर्न जान पाइएला भनेर सोचिरहेको थिएँ।

**कुमार विनोद पौडेल, कलाकार**

उत्तीर्ण हुन्छु भन्नेमा ढुक्क थिएँ, तर त्यति बेला अहिलेको जस्तो प्रविधिको विकास नभएकाले पत्रपत्रिकामा नतिजा हेर्नुपर्ने बाध्यता थियो। गाउँमा पत्रपत्रिका अलि ढिलो आउँथ्यो। पत्रिका पनि कम आउने भएकाले हारालुछ हुन्थ्यो। त्यसैले कतिबेला पत्रिकामा नतिजा हेर्न पाइएला भन्ने मात्र सोचिरहेको थिएँ।

**प्रदीप भट्टराई, निर्देशक**

एसएलसीको नतिजा आउने दिन मेरो दिमागमा धेरै सपनाहरू थिए। एसएलसी त पास हुन्छु तर त्यसपछि डाक्टर बनुँ कि पाइलट बनुँ भन्ने मै केन्द्रित थिएँ।

**सुरेन्द्र केसी, हाँस्यकलाकार**

नतिजा आउने दिन निकै डर लागेको थियो। कतिबेला नतिजा सार्वजनिक होला र ढुक्क होला जस्तो भएको थियो।

**पूजन थापा, मोडल**

नतिजा आउने दिन मनमा डर थियो। परीक्षा सोचेजस्तो भएको थिएन जसले गर्दा फेल हुन्छु कि भन्ने लागेको थियो तर म प्रथम श्रेणीमै उत्तीर्ण भएँ। त्यो दिन खुसी कै कारण मैले खाजा खाइनँ।

**विदुर फुयाँल, मेमोरी गुरु**

परीक्षा त राम्रै भएको थियो तर नतिजा कस्तो आउला भन्ने सोचेर बसेको थिएँ।

**गौरव पहारी, अभिनेता**

एसएलसीलाई आइरन गेट भनिथ्यो त्यो गेट पार गर्छु कि गर्दिनँ भनेर सोचिरहेको थिएँ।

**दुर्गेश थापा, मोडल**

के हुने हो के साथीहरू पास भएर म मात्रै अनुत्तीर्ण हुने हुँ कि भन्ने चिन्ता लागेको थियो।

**शिवहरि पौडेल, हाँस्यकलाकार**

एसएलसी उत्तीर्ण हुन्छु भन्ने कुरामा ढुक्क थिएँ तैपनि नतिजा सार्वजनिक नहुञ्जेल कता-कता डर र तनाव थियो।

**पूर्णकला बिसी, गायिका**

परीक्षा ठिकठिकै भएको थियो। तैपनि उत्तीर्ण र अनुत्तीर्णको दोधारमा थिएँ।

**धीरज राई, गायक**


प्रस्तुति : महेश तिमल्सिना




KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
San Miguel
Presents
kathmandupost
MUD FEST 2018
CELEBRATING ROPAI FESTIVAL
In association with :
नेपाल ग्रामोद्योग
अभियान स्वावलम्बन
Powered by :
NEPAL LIFE INSURANCE CO. LTD.

ACTIVITIES :
TUG OF WAR
MUD FOOTBALL
100M DASH
HIT THE TARGET
MUSIC
Let's celebrate the national rice planting day together.
VENUE : Godavari Village Resort
TIME : 11 AM onwards
असार १६
JUNE 30
Ticket Details: Nrs. 1500/- (1 pax) | Nrs. 6000/- Family Package (4 pax), Free entry for kids under 3 feet.
Ticket includes Newari lunch set, Unlimited rice beer (Chyang), 1 can of San Miguel.
For ticket queries : 9818812180, 9841197820
#Cheers Responsibly 18+

TITLE SPONSOR: San Miguel
IN ASSOCIATION WITH: नेपाल ग्रामोद्योग अभियान स्वावलम्बन
POWERED BY: NEPAL LIFE INSURANCE CO. LTD.
DIGITAL MEDIA PARTNER: SIMTV Nepal's No.1 Digital Cable Operator
VENUE PARTNER: Godavari Village Resort Kathmandu-Nepal
#SUMMER #FRIENDSHIP #SANMIGUEL



बलिउड

# श्रीदेवी बन्दै दीपिका

चर्चित भारतीय अभिनेत्री श्रीदेवीको अन्तिम चलचित्र 'जिरो' चाँडै प्रदर्शनमा आउँदैछ भने श्रीदेवी अभिनित हिट चलचित्रको रिमेक समेत बन्ने भएको छ, जसको निर्माणको तयारी प्रारम्भ भैसकेको बताइन्छ। श्रीदेवीको कुन हिट चलचित्रको रिमेक बन्दैछ भन्ने विषयमा केही बताइएको छैन, तर बन्न लागेको चलचित्रका लागि अभिनेत्रीको छनौट भने भैसकेको छ। खबर अनुसार उक्त रिमेकमा दीपिका पादुकोणले अभिनय गर्ने पक्का छ। दीपिका हिट चलचित्र पद्मावतपछि अन्य कुनै चलचित्रमा देखिएकी छैनन्। उक्त चलचित्रपछि इरफान खानसँग सपना दिदीमा काम गर्ने पक्का भए पनि इरफानको स्वास्थ्य अवस्था नाजुक भएपछि त्यसको निर्माण स्थगित भएको छ। यही फुर्सदमा राम्रो चलचित्र खोजिरहेका बेला श्रीदेवी अभिनीत हिट चलचित्रको रिमेकमा दीपिका फाइनल भएकी हुन् कि होइनन् भन्ने विषयमा उनले स्वयं भने केही बताएकी छैनन्।



# अझै सुध्रिएन सम्बन्ध ?

सलमान, शाहरूख र अमिर। यी तीन खानलाई बलिउडमा सबैभन्दा बलिया हस्तीका रूपमा लिइन्छ। केही वर्षअघि मात्र शाहरूख र सलमान झन्डै पाँच वर्षको दुस्मनीलाई तिलाञ्जली दिँदै नजिक भएका थिए, तर अमिर र शाहरूख भने लामो समयदेखि बोलचालमा छैनन्। शाहरूख र अमिरलाई मिलाउन बलिउडमा विभिन्न व्यक्तिले थुप्रै पटक प्रयास गरे पनि सफल भैरहेका छैनन्। यी दुई प्रतिस्पर्धी एक-अर्काको नजिक नै पर्दैनन्। उनीहरूको सम्बन्ध कस्तो छ भन्ने कुरा पत्ता लगाउन धेरै टाढा पुग्नु पर्दैन, ट्विटर नै हेर्दा पनि हुन्छ। शाहरूखले ट्विटरमा सलमान खान, अमिताभ वच्चन, ऋतिक रोशन, दीपिका पादुकोण, सहिद कपुर, प्रियंका चोपडा, अभिशेक बच्चन आदि ७८ जनालाई फलो गरेका छन्। सलमानले अमिर, साहरूख, सोनाक्षी सिन्हा आदि २२ जनालाई फलो गरेका छन्। अमिरले सलमान र अमिताभ बच्चनसँगै ९ जनालाई फलो गरेका छन्। शाहरूख र अमिरले भने एक-अर्कालाई फलो गरेका छैनन्।



# किस सिन दिन तयार !

अभिनेत्रीहरू किस सिन दिन निकै अप्ठ्यारो मान्छन् जसमा कटरिना कैफ पनि एक हुन्। कटरिनालाई किस सिन गराउन जो-कसैले सकेका छैनन्। हालै सलमान खानसँग अभिनय गराउन निर्देशक अलि अब्बासले कटरिनासँग भेटेका थिए। भेटमा निर्देशक अब्बासले कटरिनालाई किस सिन दिन सक्नुहुन्छ भनेर सोधेका थिए। कटरिनाले सलमानसँग किस सिन दिन तयार रहेको बताइन्, तर यता सलमानले कटरिनासँग किस सिन दिन नसक्ने कुरा बताए। सलमानले आफू उक्त चलचित्रमा अभिनय गर्न तयार रहे पनि किस सिन दिन भने तयार नभएको कुरा बताएपछि निर्देशक अब्बासले अब के गर्लान् ? स्क्रिप्टमा रहेको किस सिन काटिन्छ कि यी दुई कलाकार पछि गएर किस सिन दिन तयार हुने हुन् ? प्रश्न अनुत्तरित नै छ।

## बलिउड हेडलाइन्स

- २१ डिसेम्बरमा प्रदर्शन हुने शाहरूख खानद्वारा अभिनीत बहुप्रतीक्षित चलचित्र जिरोको छायांकन सम्पन्न भएको छ।
- कलाकार रुबिना दिलाइक र अभिनव शुक्ला विवाह-बन्धनमा बाँधिएका छन्। २४ जुनमा लुधियाना र २८ जुनमा मुम्बईमा आयोजित रिसेप्सन पार्टीमा उनीहरूका आफन्त तथा केही कलाकारको मात्र उपस्थित थियो।
- अभिनेता शाहरूख खानले भारतका अर्वपति मुकेश अम्बानीका छोराको रिसेप्सन पार्टीमा विशेष प्रस्तुति दिने भएका छन्। अम्बानीका छोरा आकाश अंबानी तथा श्लोका मेहताको ३० जुन अर्थात् भोलि शनिबार मुम्बईमा इंगेजमेन्ट हुँदैछ।
- अभिनेता सलमान खान अभिनीत चलचित्र रेस-३ ले अपेक्षा गरेजस्तो व्यापार गर्न सकेको छैन। अहिलेसम्म यो चलचित्रको कमाइ १ सय ५० करोडभन्दा केही माथि मात्र छ।
- केही हप्ताअघि प्रदर्शनमा आएको चलचित्र वीरे दी वेडिङका निर्देशक शशांक घोषले गैंगस्टर ड्रामामा आधारित चलचित्र बनाउने भएका छन्, जसको मुख्य भुमिकामा सोनम कपुर रहने पक्का भएको छ।
- बलिउड अभिनेत्री काजोल एक कार्यक्रममा भाग लिन जाने क्रममा अचानक चिप्लिएर लडेकी छिन। यद्यपि उनलाई तुरुन्तै अंगरक्षकहरूले उठाएका थिए।
- अक्षयकुमार अभिनीत १५ अगस्टमा प्रदर्शन हुने तयारीमा रहेको चलचित्र गोल्ड अब १४ अगस्टमै प्रदर्शनमा आउने भारतीय मिडियाहरूले बताएका छन्।
- करण जौहरले शाहरूख खानलाई लिएर पुन अर्को चलचित्र निर्माण गर्ने भएका छन्, चलचित्रको नाम भने बताइएको छैन।
- राजनीतिज्ञ नितिन गडकरीले सलमान खानसँग भेटघाट गरेका छन्। सलमानको घरमै पुगेका गडकरीले कुन विषयमा छलफल गरे भन्ने कुरा स्पष्ट भैसकेको छैन।

## फिल्मी डायरी

### फ्लोरमा प्रसाद

विपिन कार्की तथा नम्रता श्रेष्ठको मुख्य भूमिका रहेको चलचित्र प्रसादको शुभमुहूर्त सम्पन्न भएको छ । काडाँघारीस्थित गान्धी महिला आश्रममा गरिएको मुहूर्तसँगै औपचारिक रूपमा चलचित्रको छायांकन सुरु गरिएको छ । नि:सन्तान दम्पतीको कथामा आधारित यो चलचित्रलाई दिनेश राउतले निर्देशन गर्दैछन् ।

### बुलबुल बन्ने

चलचित्र बुलबुल निर्माण गर्ने घोषणा भएको छ । उक्त चलचित्रमा स्वस्तिमा खड्का, मुकुन्द भुषाल, लक्ष्मी बर्देवा, दीपक क्षेत्री, उज्ज्वल अधिकारी, आशिका पाण्डे आदि कलाकारले अभिनय गर्नेछन्, जसलाई विनोद पौडेलले निर्देशन गर्दैछन् । पौडेलकै कथा तथा पटकथामा तयार हुने यो चलचित्रमा काठमाडौंमा टेम्पो चलाएर जीविकोपार्जन गर्ने एक अविवाहित महिलाको कथा समेटिने बताइएको छ ।

### रोमियो एन्ड मुनाको प्रचार

मोफसलका विभिन्न जिल्लामा प्रचार-प्रसार गरी फर्किएको चलचित्र रोमियो एन्ड मुना निर्माण टिमले आफ्नो प्रचारलाई थप आक्रामक बनाएको छ । साउन ११ गते देशव्यापी प्रदर्शनमा आउने यो चलचित्रमा विनय श्रेष्ठ तथा सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन् ।

### एउटा यस्तो प्रेम कहानी

शिव श्रेष्ठ निर्मित चलचित्र एउटा यस्तो प्रेम कहानीको छायांकन सम्पन्न भएको छ । यो चलचित्रको निर्देशन दिपेश सापकोटाले गरेका हुन् । प्रियंका कार्की, आयुष्मान देशराज जोशी, वर्षा राउत, सञ्जोग कोइराला, शक्ति श्रेष्ठ, नरेन खड्का, कविता मानन्धर, रेखा फागो आदिको मुख्य भूमिका रहेको चलचित्र एउटा यस्तो प्रेम कहानी भदौमा प्रदर्शनमा आउने बताइएको छ ।




पुरानो बुलेट बन्ने : अनुप विक्रम शाहीको प्रमुख भूमिका रहने चलचित्र पुरानो बुलेटको औपचारिक घोषणा गरिएको छ, जसमा शाहीको अपोजिटमा अभिनेत्री वर्षा शिवाकोटी तथा माला लिम्बूले अभिनय गर्नेछन् । पत्रकार भीषण राई यो चलचित्रबाट निर्देशनमा हात हाल्दै छन् । १ करोड रूपैयाँको लागतमा तयार हुने चलचित्र पुरानो बुलेटको छायांकन आज असार १५ नै सुरु हुने बताइएको छ ।

### कथा लेख्न सिकाउँदै

चलचित्र विकास बोर्डले पाँचथरमा लिम्बू चलचित्रको स्क्रिप्ट लेखनका लागि कार्यशाला सम्पन्न गरेको छ । बोर्डले जिल्लाको ऐतिहासिक धार्मिक तथा पर्यटकीय क्षेत्र लब्रेकुटीमा असार ७ देखि ९ गतेसम्म कार्यशाला चलाएको थियो । लिम्बू चलचित्र निर्माणलाई सिद्धान्तपरक एवं विशिष्टीकरण गर्दै अघि बढ्ने उद्देश्यले लिम्बू चलचित्रका क्षेत्रमा क्रियाशील सस्थाहरूसँगको समन्वयमा उक्त कार्यशाला सञ्चालन गरिएको हो । कार्यशालामा राजधानीसहित पूर्वका विभिन्न जिल्लाका २० जना लिम्बू चलचित्रकर्मीको सहभागिता थियो ।

### साउनमा पिरिम पऱ्या छन्

कमेडी चलचित्र 'पिरिम पऱ्या छन्' को फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै चलचित्र साउन २५ गते प्रदर्शनमा आउने पक्का भएको बताइएको छ । निर्देशक पुरन थापाको लेखनको यो चलचित्रमा दिलीप रायमाझी, जयकिसन बस्नेत, सुवास मेचे, रमेश बुढाथोकी, शुभेच्छा थापा, राजाराम पौडेल, उमा कार्की, सोभित बस्नेत, लय संग्रौला,चाँदनी कोइराला आदि कलाकारले अभिनय गरेका छन् ।

## सानो पर्दा

### रेडियोमा कथा प्रतियोगिता

रेडियो कान्तिपुरमा गीति कथा प्रतियोगिता प्रारम्भ भएको छ । मुलकुभरका कथाकारहरू उक्त प्रतियोगितामा सहभागी हुन सक्ने रेडियोले जनाएको छ । प्रतियोगितामा सहभागी हुन चाहने कथाकारले आफूले लेखेको कथा र त्यसमा मिल्ने गीत इमेलबाट पठाउनुपर्ने छ । इमेलमा प्राप्त कथाहरूमध्येबाट उत्कृष्ट २० कथा छानिनेछन् । छानिएका २० वटै कथालाई पुरस्कृत गरिनेछ । प्रत्येक कथाले १ हजार रुपैयाँको मोबाइल रिचार्ज प्राप्त गर्नेछन् । हरेक बुधबार दिउँसो ७ देखि ८ बजे प्रसारण हुने 'एभरेष्ट बैंक यात्रा जीवनको' गीति कथात्मक कार्यक्रममा ती कथा प्रसारण भैरहेका छन् । यो कार्यक्रम शुभराज अधिकारी, अम्बिका तथा दिनेश डिसीले सञ्चालन गरिरहेका छन् । छानिएका उत्कृष्ट २० कथामध्येबाट उत्कृष्ट ४ कथा चयन गरिनेछ । पहिलो हुने कथाले ३१ इन्चको कलर टेलिभिजन, चन्द्रागिरि हिल्सको ४ वटा केबुलकारको टिकट एवं लन्चको कुपन तथा पावर चार्जर प्रदान गरिने कार्यक्रम प्रस्तोता शुभराज अधिकारीले जानकारी दिएका छन् ।

### मरिष्का अब निर्देशक

अभिनेत्री मरिष्का पोखरेलको नाम यतिबेला सानो पर्दामा निर्देशकका रूपमा देख्न थालिएको छ । म्युजिक भिडियोको निर्देशनमा सक्रिय भएपछि उनको नाम टेलिभिजनको पर्दा तथा यूट्युबमा छाउन थालेको हो । अभिनयमा समेत सक्रिय मरिष्काले निर्देशन गरेका दुई वटा म्युजिक भिडियो सार्वजनिक भैसकेका छन् ।

### एवार्डमा अञ्जना जर्नी

नेपालको लघु चलचित्र 'अञ्जना जर्नी' अष्ट्रेलियाको एवार्डमा पर्न सफल भएको छ । अन्तर्राष्ट्रिय विधाअन्तर्गत नोभा इम्पल्वोइमेन्ट-२०१८ मा रजनीश भण्डारीद्वारा निर्देशित उक्त चलचित्र मनोनित भएको हो । 'अञ्जना जर्नी' अञ्जना केसीको जीवनमा आधारित छ । रजनिशले कसरी एउटा व्यक्ति आफ्नो अपांगतामा पनि स्वतन्त्र रूपमा जिउँछ भन्ने विषयलाई आफ्नो चलचित्रमा प्रस्तुत गरेको बताएका छन् । अपांगतामाथि चलचित्र बनाउने निर्माता/निर्देशकलाई उत्साह प्रदान गर्न 'फोकस अन एबिलिटी' ले ६३ देशका लघु चलचित्र छनोट गरेको हो ।

### यल: फिल्म फेस्टिभल

चलचित्र तथा वृत्तचित्र निर्माणमा काम गरिरहेका निर्देशकहरूलाई प्रोत्साहित गर्न 'यल: इन्टरनेसनल इन्डिपेन्डेन्ट फिल्म फेस्टिभल' (यिफ) हुने भएको छ । ललितपुरमा आयोजना हुने उक्त महोत्सवमा विभिन्न देशका चलचित्रकर्मीहरूको सहभागिता रहने आयोजक नेपाल इन्डिपेन्डेन्ट फिल्मकी अध्यक्ष तथा फेस्टिभल निर्देशक निशा श्रेष्ठले बताइन् । श्रेष्ठका अनुसार पर्सि आइतवार उनीहरूको संस्थाले ओपन सिनेमा शीर्षकको कार्यक्रम सञ्चालन गर्दैछ जसअन्तर्गत अन्तर्राष्ट्रिय एवार्ड प्राप्त गरेका नेपाली चलचित्र तथा वृत्तचित्रलाई पहिलो चरणमा ललितपुरका २९ वटै वडाका खुला स्थानमा प्रदर्शन गरिनेछ । दुई वृत्तचित्र कमारो तथा लाज पहिलो चरणमा प्रदर्शन हुनेछन् ।

### दुई वृत्तचित्रको प्रदर्शनी

लाइटाङ सद्भावना दूत अशोक सिलवालद्वारा निर्देशित दुई वृत्तचित्र काठमाडौंमा प्रदर्शित भएका छन् । 'लाइटाङ जर्नी : ट्रेजेडी टु इन्स्पिरेसन' शीर्षकको कार्यक्रम आयोजना गर्दै सिलवाल निर्देशित 'घर फर्किरहेका मान्छे' तथा 'लाइटाङ अपडेट : वेकिङ एन्ड वाकिङ' शीर्षकका दुई वृत्तचित्र प्रदर्शन गरिएको हो ।

## विमोचन/प्रिमियर

### नाइँ नभन्नु ल-५ को पोस्टर

चलचित्र नाइँ नभन्नु ल-५ को फस्टलुकअन्तर्गत दुईवटा पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा अभिनेत्री स्वस्तिमा खड्कालाई डेब्यु ब्वाइ अभिषेक नेपालसँग तथा अर्को पोस्टरमा अनुभव रेग्मी र सेड्रिना शर्मालाई देखाइएको छ । यो चलचित्र भदौ ८ गते प्रदर्शनमा आउँदैछ ।




### रुचाइयो कायराको ट्रेलर

अभिनेता आर्यन सिग्देल तथा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह अभिनित चलचित्र कायराको ट्रेलर सार्वजनिक भएको छ । पहिलो पटक स्क्रिन सेयर गरेका आर्यन र साम्राज्ञीबीचको प्रेम, रोमान्स तथा विछोड देखाइएको उक्त ट्रेलरका डाईलग मनछुने खालका छन् । कायरा लभस्टोरी चलचित्र हो । साउन १८ गते प्रदर्शनमा आउने यो चलचित्रका निर्देशक लक्ष्मण रिजालले उत्कृष्ट लभस्टोरी चलचित्र बनाउन कुनै कसर बाँकी नराखेको बताए ।

### बाबु कान्छाको ट्रेलर

चलचित्र बाबु कान्छाको ट्रेलर सार्वजनिक भएको छ । उक्त ट्रेलरमा प्रेम, रोमान्स तथा द्वन्द्वलाई स्थान दिइएको छ । ट्रेलरमा सलोनको कमेडी एवं एक्सनसमेत देखाइएको छ । शोभित बस्नेतको निर्माण तथा निर्देशनको चलचित्र बाबु कान्छामा सरोज खनाल, राजाराम पौडेल, लय संगौला, ऋतिक शाही, सम्राट सापकोटा, मञ्जु पौडेल आदि कलाकारको पनि अभिनय छ । यो चलचित्रबाट अश्लिन ज्ञवाली तथा ज्योत्सना महर्जनले डेब्यु गर्दैछन् । चलचित्र बाबुकान्छा असार २९ गते प्रदर्शनमा आउँदैछ ।

### बोबीको ट्रेलर

उमेश थापा तथा कविता गुरुङको रियल लभस्टोरीमा निर्मित चलचित्र बोबीको ट्रेलर सार्वजनिक भएको छ । यो चलचित्रमा रियल जोडीकै अभिनय छ । ट्रेलरमा उमेश र कविताबीचको प्रेम, रोमान्स तथा विछोड देखाइएको छ । चलचित्रमा उमेश र कविताका अतिरिक्त विजय लामा, रुबी राणा शाह, देशभक्त खनाल, रश्मि भट्ट, रवि गिरी, सूरवीर पण्डित, बादल भट्ट, पूर्णिमा लामा, शिशिर राणा आदि कलाकारले अभिनय गरेका छन् ।

### बादी-बदिनीको कथा

साउन ४ गते प्रदर्शनमा आउने चलचित्र पण्डित बाजेको लौरीको ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा कमेडी, प्रेम, बदला, द्वन्द्वसँगै बादी-बदिनीको कथा पनि देखाइएको छ । यो चलचित्रमा विजय बरालले 'बादी' एवं सन्ध्या केसीले बदिनीको भूमिकामा देखिएका छन् ।

## विकेन्ड महोत्सव



# आज पोखरामा रोपाइँ महोत्सव



आज असार १५ गते पोखरामा दुईवटा महोत्सवको आयोजना हुँदैछ । पोखरा पर्यटन परिषद्को आयोजनामा विगत १४ वर्षदेखि निरन्तर रोपाइँ महोत्सव हुँदै आएको छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यसपटक असार १५ गते १५ औं सस्करणको रोपाइँ महोत्सव हुन लागेको हो । महोत्सव पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर-२४ स्थित फेवातालको किनार पामेमा सञ्चालन हुनेछ ।

महोत्सवमा हलगोरु दौड, आमा समूहबीच असारे गीत तथा रोपाइँ प्रतियोगिता, माछा समात्ने प्रतियोगिता, हिलोमा दौड पुरुष तथा महिला, हिलोमा महिला तथा पुरुष पर्यटक दौड, रस्साकस्सी, पत्रकारहरूको हिले दौड आदि प्रतियोगिता सञ्चालन हुने बताइएको छ । महोत्सवका अवसरमा विविध संस्कृतिसमेत प्रस्तुत गरिनेछ ।

यसैगरी कृषि सञ्जाल पोखरा लेखनाथ-२१ को आयोजनामा राष्ट्रिय धान दिवसको अवसरमा प्रथम असारे रोपाइँ महोत्सव पनि आजै शुक्रबार सम्पन्न हुँदैछ । महोत्सवका अवसरमा असारे गीत तथा रोपाइँ प्रतियोगिता, हिलोमा माछा समात्ने प्रतियोगिता, हिले दौड तथा ख्यातिप्राप्त कलाकारको सांस्कृतिक प्रस्तुति आदि समेटिनेछ ।

राजाराम पौडेल

## विकेन्ड डान्स



# हिपहप डान्स ब्याटल

हिपहप डान्स हेर्न मन पराउनेहरूलाई खुसीको खबर छ । सोलिस पर्फमिङ आर्ट्सले हिपहप डान्स ब्याटलको आयोजना गर्दैछ । भोलि शनिबार हुने यो डान्स ब्याटलमा सहभागी हुन नजिकैको डान्स स्टुडियो वा कर्मा बार एन्ड लाउन्जमा सम्पर्क गर्न सकिन्छ ।

**स्थान** : कर्मा बार एन्ड लाउन्ज, त्रिपुरेश्वर **समय** : दिउँसो २ बजे
**प्रवेश शुल्क** : २ सय ५० रुपैयाँ

## विकेन्ड कन्सर्ट

# कविता कन्सर्ट



कविता सुन्न मन पराउनेहरूका लागि लियो क्लब अफ काठमाडौं युरेकाले भोलि शनिबार एउटा कार्यक्रमको आयोजना गर्दैछ जहाँ कवि नवराज पराजुलीले एकल कविता वाचन गर्नेछन् । आयोजकहरूका अनुसार यो कार्यक्रमबाट उठेको रकम कर्णालीका लागि पुस्तक खरिद गर्न खर्चिइनेछ । यो कविता कन्सर्ट कुसुन्ती, ललितपुरस्थित माछापुच्छ्रे स्कुलमा हुनेछ ।

**समय** : २ देखि ४:३० बजेसम्म
**प्रवेश शुल्क** : २ सय ५० रुपैयाँ

## विकेन्ड दोहोरी

# लोकदोहोरीमा रम्न सेन्टरप्वाइन्ट रोधीघर

लोकदोहोरी गीत सुन्दै रमाउन खोज्नेहरूको रोजाइमा पर्ने गरेको छ– पोखरा चिप्लेढुङ्गास्थित सेन्टरप्वाइन्ट रोधीघर । हालसालै सञ्चालनमा आएको यो रोधीघरमा विभिन्न परिकारको स्वाद तथा पेय पदार्थको चुस्की लिँदै रम्ने अवसर प्राप्त हुन्छ । रोधीघरमा कलाकारहरू दिवश थापामगर, सुरज थापामगर, धन थापामगर, निश्चल दवाडी, नारायण भट्टराइ, रमा रानामगर, भवि मगर, सुशील गायक आदिले प्रस्तुति दिन्छन् । शुक्रबार, शनिबार तथा सार्वजनिक बिदाको दिन यहाँ बढी भीड लाग्छ । बेलुका ७ बजेदेखि राति ११ बजेसम्म सांगीतिक कार्यक्रम प्रस्तुत गरिने रोधीघरमा दिउँसो खाजा खान तथा सभा, सेमीनार, गोष्ठी आदि सञ्चालन गर्न सकिन्छ ।

## विकेन्ड ड्रिंक्स

# घरमै ककटेल, मोकटेल बनाउने विधि

घरमै बसेर सजिलो र थोरै सामानकै भरमा कसरी ककटेल, मोकटेल बनाउने ? ठमेलको केटु, रेस्टुराँका बार टेन्डर राजु कार्कीले दिएको रेसिपी :



### केटु ब्लुज ककटेल

**सामग्री** : जिन, चिन्जानो रुसो, ब्लु कुरामाओ, सुगर सिरफ, आइस

**विधि** : यी सबै सामान मिसाएर यो ककटेल तयार गरिन्छ । २ देखि ५ मिनेटमा तयार हुन्छ ।

### साङ्ग्रिया ककटेल

**सामग्री** : पाइनापल जुस, ओरेन्ज जुस, रेड वाइन, सुगर सिरफ तथा फ्रुट (एप्पल)

**विधिः** वाइन ग्लासमा आवश्यक सबै सामान राखेपछि स्टिर मेथडबाट साङ्ग्रिया तयार गरिन्छ ।

### स्कु ड्राइभर ककटेल

**सामग्री** : भोड्का, ओरेन्ज तथा आइस

**विधि** : कोलिन ग्लासमा आवश्यक सामग्री राखेपछि स्टिर मेथडबाट स्कु ड्राइभर तयार गर्न सकिन्छ ।

### मोकटेल

**सामग्री** : लेमन स्कावच
ओरेन्ज स्कावच
फ्रेस क्रिम
फ्यान्टा

**विधि** : माथि उल्लेखित सबै सामान मिसाउने । २ देखि ५ मिनेटमा यो मोकटेल तयार हुन्छ । यसलाई पिल्सनर वा हाइवल राखेर पिउन सकिन्छ ।

### सिन्ड्रेला

**सामग्री** : पाइनापल जुस
ओरेन्ज जुस तथा सोडा वाटर

**विधि** : उल्लेखित सबै सामग्रीमा आइस राखेर सिन्ड्रेला मोकटेल तयार पार्न सकिन्छ ।

## विकेन्ड म्युजिक

# झम्सिखेलमा कुटुम्ब ब्यान्ड




नेपाली गीत-संगीतमा कुटुम्ब ब्यान्डको आफ्नै पहिचान छ । पुराना नेपाली लोकधुनका लागि प्रख्यात कुटुम्बले आज झम्सिखेलस्थित विक्ड स्पुन फोर्क एन्ड रक रेस्टुराँमा प्रस्तुति दिँदैछ जहाँ बाँसुरी, सारंगी, मादल, टुङ्ना, ढोल, झ्याम्टा, अरबाजो आदि बाजाका माध्यमबाट लोकधुनहरू सुनाइनेछ । आजको शुक्रबारको साँझ सुखद र रमाइलो वातावरणमा बिताउन चाहनुहुन्छ भने यो लाइभ म्युजिकमा सहभागी हुन सक्नुहुन्छ ।

**समय** : साँझ ६ बजेदेखि १० बजेसम्म

चलचित्र

# ए सोल्टिनी



**निर्देशक** : निमा लामा तामाङ **कलाकार** : सबिन श्रेष्ठ, अर्जुन गुरुङ, जयनन्द लामा, मन्जु श्रेष्ठ आदि ।
**संगीत** : सोमलाल बाइवा तथा बिनय केटु

आज शुक्रबार नेपाली चलचित्र 'ए सोल्टिनी' प्रदर्शनमा आउँदैछ ।केही समयअघि गीत र ट्रेलर सार्वजनिक गरिएको यो चलचित्र पूर्ण रूपमा प्रेमकथामा आधारित छ, तर त्यसमा पनि कुन विषयमा विशेष जोड दिइएको छ भन्ने कुरा भने निर्माण टिमले बताएको छैन । दिलकुमार घलान तामाङले निर्माण गरेको चलचित्र ए सोल्टिनी जिम्बा फिल्म्स प्रोडक्सनको ब्यानरमा तयार भएको हो । तामाङ भाषाका झन्डै एक दर्जन चलचित्र निर्देशन गरिसकेका निर्देशक निमाले निर्माण गरेको नेपाली भाषाको यो पहिलो चलचित्र हो । काठमाडौं उपत्यका वरिपरि खिचिएको चलचित्र ए सोल्टिनी कमेडी, प्रेम, एक्सन तथा सेन्टिमेन्टमा आधारित रहेको यसअघि सार्वजनिक गित तथा ट्रेलरले दर्साउँछ । विश्वास भण्डारीले खिचेको यो चलचित्रलाई उनैले सम्पादन गरेका हुन् । राज गोलेले द्वन्द्व निर्देशन गरेको चलचित्र सोल्टिनीको कोरियोग्राफी अभि लामाले गरेका छन् ।

# सञ्जु




**निर्देशक** : राजकुमार हिरानी
**कलाकार** : रणवीर कपुर, अनुष्का शर्मा, सोनम कपुर, परेश रावल, मनीषा कोइराला, दिया मिर्जा, विक्की कौशल, जिम सरम, बोमन इरानी आदि ।
**संगीत** : रोहन रोहन तथा विक्रम मंट्रोज

सञ्जय दत्तको जीवनमा आधारित यो चलचित्रको सार्वजनिक ट्रेलरले इन्टरनेटमा धुम मच्चाइसकेको छ । सञ्जय दत्तले राजकुमार हिरानीका साथमा तीनवटा चलचित्रमा काम गरिसकेका थिए । ती चलचित्रको छायांकनका दौरानमा सञ्जय दत्त आफ्नो जीवनसँग जोडिएका धेरै किस्सा हिरानीलाई सुनाइरहेका थिए । प्रशंगवश एक दिन हिरानीले सञ्जय दत्तलाई भने, 'यी किस्सालाई एउटा रिल लाइफमा पनि प्रस्तुत गरौं, जुन कुरा हेर्न र महसुस गर्न लायक हुनेछ ।' सञ्जयदत्तले हिरानीलाई केही दिनमै आफ्नो यथार्थ कथामा आधार रहेर चलचित्र निर्माण गर्ने अनुमति दिए । ड्रग्सको लत, पितासँगको दुस्मनी अनि आमालाई सोही समयमा गुमाएका सञ्जय दत्तको जीवनमा यति मात्र पीडा छैन, उनको साथबाट एक फोटी सेभेन गनसमेत फेला पर्‍यो । सञ्जुलाई प्रहरीले आतंकवादी भन्दै जेलमा कोच्यो, उनी केही महिनाअघि मात्र जेलबाट निस्किएका हुन् । यी तमाम किस्सामा आधारित रहेर निर्माण गरिएको चलचित्र सञ्जुको कथा अविश्वसनीय जस्तो लाग्छ, तर यो यथार्थ घटनामा आधारित चलचित्र हो, जसमा रणवीर कपुरसहितका कलाकारहरू निकै प्रभावशाली रूपमा प्रस्तुत भएका छन् ।

रंगमञ्च

# टियुमा शकुनी



त्रिभुवन विद्यालयको शिक्षाशास्त्र केन्द्रीय विभागको अडोटोरियम हलमा नाटक शकुनी मञ्चन भैरहेको छ । असार १२ गते मञ्चन प्रारम्भ भएको उक्त नाटकमा सन्दीप थपलियाको एकल प्रस्तुति छ । सामाजिक घटनामा आधारित नाटक शकुनीलाई कृष्णकुमार पौडेलले निर्देशन गरेका हुन् । १ घण्टा २० मिनेट लामो उक्त नाटक भोलि शनिबारसम्म मञ्चन हुने बताइएको छ ।

# शिल्पीमा ज्योतिरिश्वर रंग उत्सव



बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा नेपाल तथा भारतका ६ वटा नाटक मञ्चन भएका छन् । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले ज्योतिरिश्वर रंग उत्सव-२०७५ का अवसरमा ती नाटकको मञ्चन गरेको हो, जसमा नेपाली, मैथिली, हिन्दी तथा भोजपुरी भाषामा नाटकहरू थिए । असार ८ देखि १० गतेसम्म चलेको उक्त उत्सवमा भू, धूर्त समागम, अश्वेत, संवदिया, भिखारीनामा, सोनाम ग्याल्मो आदि नाटक मञ्चन भएका थिए ।

# फरक शैलीको एवार्ड

जापानको टोकियोमा पहिलो पटक आयोजना हुने सूर्य इन्टरनेसनल एवार्ड-२०१८ को मनोनयनमा परेका उत्कृष्ट पाँच कलाकार तथा सर्जकलाई काठमाडौंमा प्रमाणपत्र वितरण गरिएको छ ।

भदौ ३१ गते वितरण गरिने उक्त एवार्डमा मनोनीत हुने कलाकार तथा चलचित्रलाई अनलाइन भोटिङका आधारमा पुरस्कृत गरिने आयोजक संस्थाले जनाएको छ । एवार्डका लागि चलचित्र तथा संगीत विधाबाट ६/६ गरि कुल १२ विधामा मनोनयन सूची सार्वजनिक गरिएको छ । समारोहमा उत्कृष्ट चलचित्र, अभिनेता, अभिनेत्री, सह-अभिनेता/अभिनेत्री, निर्देशक गरी ६ विधा तथा संगीततर्फ लोक, पप र आधुनिक गायक-गायिका गरी ६ विधा समाविष्ट छन् ।

नेपाली एवार्डको गरिमा र एवार्ड समारोहका बारेमा बेला बखत हुने विवाद तथा चर्चालाई अन्त्य गर्न र त्यस्ता एवार्डहरूबाट फरक रहन सूर्य इन्टरनेसनल एवार्ड-२०१८ लाई भोटिङ प्रक्रियामा सञ्चालन गर्न लागिएको आयोजक संस्थाका अध्यक्ष वासुदेव लामिछानेले बताए । एवार्ड समारोहमा चार दर्जनभन्दा बढी कलाकारको सहभागिता रहनेछ । समारोहमा हास्य, नृत्य, गायन आदि प्रस्तुतिसमेत समेटिनेछन् ।

**मनोनयन सूची**

उत्कृष्ट चलचित्र
छक्कापञ्जा-२
ए मेरो हजुर-२
शत्रुगते
म यस्तो गीत गाँउछु
क्

उत्कृष्ट निर्देशक
दीपाश्री निरौला
अरुणा थापा
प्रदीप भट्टराई
सुदर्शन थापा
मिलन चाम्स

उत्कृष्ट सह-अभिनेता
केदार घिमिरे
बुद्धि तामाङ
सलोन बस्नेत
अनुपविक्रम शाही
प्रशान्त ताम्राकार

उत्कृष्ट सह-अभिनेत्री
वर्षा राउत
प्रियंका कार्की
केकी अधिकारी
अनु शाह
अशिष्मा नकर्मी

उत्कृष्ट अभिनेता
अनमोल के.सी
प्रदीप खड्का
पल शाह
पुष्पल खड्का
दयाहाङ राई

उत्कृष्ट अभिनेत्री
साम्राज्ञी राज्यलक्ष्मी शाह
पुजा शर्मा
श्वेता खड्का
शिल्पा पोखरेल
नीता ढुङ्गाना

**गीत/संगीततर्फ**

उत्कृष्ट पप गायक
सुगम पोखरेल
कमल खत्री
अनिल सिंह
कालीप्रसाद बाँस्कोटा
हिमाल सागर

उत्कृष्ट पप गायिका
इन्दिरा जोशी
अमृता लिम्बू
मिलन अमात्य
एन्जिला रेग्मी
रबिना थापा

उत्कृष्ट आधुनिक गायक
प्रमोद खरेल
शिव परियार
रामकृष्ण ढकाल
हेमन्त शर्मा
राजेश पायल राई

उत्कृष्ट आधुनिक गायिका
अन्जु पन्त
मेलिना राई
रीता केसी
टीका प्रसाई, सिर्जना खत्री

उत्कृष्ट लोकगायक
नवीन पौडेल
रमेशराज भट्टराई
खुमन अधिकारी
रामजी खाँड
प्रकाश कटुवाल

उत्कृष्ट लोकगायिका
ज्योति मगर
रमिला न्यौपाने
सम्झना मगर
मुना थापा, देवी घर्तीमगर




सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक









सृष्टि खड्का
तस्बिर : महेश प्रधान
लोकेसन : मूलपानी चौर, मूलपानी, काठमाडौं
Log on to :
facebook
www.facebook.com\kantipursaptahik









# केकीलाई असार १५

अभिनेत्री केकी अधिकारी समय एवं मौसमअनुसार चल्न सिपालु छिन् । विश्वकप प्रारम्भ हुनै लाग्दा अर्जेन्टिनाको जर्सी लगाएर फोटो सेसन गर्न पछि नपर्ने केकी पछिल्लो समय म्युजिकल्लीमा समेत सक्रिय हुन थालेकी छिन् । यसबीच केकीले कृषकहरूका लागि विशेष महत्व राख्ने 'असार १५' को थिममा अभिनय गर्ने रहर समेत पूरा गरेकी छिन् । चलचित्र कोहलपुर एक्सप्रेस निर्देशन गरिसकेका विशाल भण्डारीले यसपटक केकीलाई असार १५ को छेको पारेर हिलोमा चोपलेका छन् । हरियो/पहेंलो रंगको गुन्हुचोली र फरियामा केकी सुन्दर पनि देखिएकी छिन् । गोकर्ण नजिककैको उत्तर बाहिनी मन्दिर छेउमा छायांकन गरिएको गायक मोहन केसीको 'सिरैको सिरबन्दी' गीतको म्युजिक भिडियोका लागि केकीले असार १५ मनाउँदै हिलाम्ये खेतमा रोपाइँ गरेकी हुन् । भिडियोमा केकीलाई अभिनेता जीवन भट्टराईले साथ दिएका छन् । उक्त भिडियो यही साता सार्वजनिक हुँदैछ ।

# नेपाली बोल्नै गाह्रो

माला लिम्बु कुशल नृत्यांगना हुन् । भन्नेहरू त उनलाई आइटल गर्ल नै भन्न रुचाउँछन् । चलचित्र पर्वको काले दाइ..गीतमा उनको नृत्यले धेरैलाई मोहित तुल्याएको छ । मालाको कम्मर मर्काउने शैली अनि गीतमै अभिनय गर्ने कलाको धेरैले प्रशंसा गरेका छन् । यद्यपि अभिनय र नृत्यमा अब्बल हुँदा-हुँदै पनि माला अभिनेत्रीका रूपमा भने स्थापित हुन सकिरहेकी छैनन् । उनलाई चलचित्रका निर्देशकहरू समेत आइटम गर्लकै रूपमा चित्रण गर्न रुचाउँछन् । यद्यपि नयाँ निर्देशक भीषण राईले भने मालालाई मुख्य भूमिकामा प्रस्तुत गर्ने घोषणा गरेका छन् । अघिल्लो साता घोषणा गरिएको चलचित्र पुरानो बुलेटमा मालालाई वर्षा शिवाकोटी तथा अनुप विक्रम शाही जत्तिकै प्रभावकारी भूमिकामा प्रस्तुत गर्न लागिको बताइएको छ । यहाँ उल्लेख गर्न लागिएको विषय हो मालाको नेपाली भाषासम्बन्धी दक्षता । चलचित्रको घोषणा कार्यक्रममा मालाले नेपाली बोल्ने क्रममा पसिना नै छुटेको स्पष्ट देखिन्थ्यो । नेपालीमा बोल्न गाह्रो भएपछि उनले माफी माग्दै भनिन्- माफ गर्नु होला, मेरो नेपाली राम्रो छैन । बलिउडमा कट्रीना कैफदेखि ज्याक्लिन फर्नान्डिजसम्मले हिन्दी भाषा सिकेर दर्शकको मन जितिरहेको बेला अभिनेत्री लिम्बू भने नेपाली भाषामै कमजोर भएको देखेर अचम्मित हुनेहरू धेरै भए ।



मेरो गल्ती

# अभिनेत्री आँचल शर्माका पाँच गल्ती


१ कक्षा ८ मा पढ्दा आइरनले निधारमा पोलेको थिएँ जसले गर्दा बुबाले एक झापड हान्नुभयो ।

२ कक्षा १० मा पढ्दा एसेम्ब्ली गर्न मन नलागेर पेट दुखेको बहाना बनाउँदा सरले पिट्नुभएको थियो ।

३ बुबाले चिसापानी हाइकिङ न'जा भन्दै हुनुहुन्थ्यो, तैपनि म बुबाको कुरा नमानी साथीहरूसँग गएकी थिएँ । त्यो हाइकिङका क्रममा चिप्लिएर लड्दा मेरो खुट्टाको लिगामेन्ट च्यात्तिएको थियो ।

४ सानोमा स्कुल जान नमान्दा शिक्षकले भुत्ल्याउनुभएको थियो ।

५ म क्लासमा सधैँ प्रथम हुन्थेँ तर एसएलसी अघिको परीक्षा(टेस्ट)लाई मैले खासै गम्भीर रूपमा नलिँदा चौथो भएँ, जसले गर्दा बुबाममीको गाली खाएँ ।



# करिश्माको जुक्ति

अभिनेत्री करिश्मा मानन्धर यतिबेला कक्षा १० मा अध्ययनरत छिन् भन्ने कुरा नौलो रहेन । उनी यही वर्षको अन्त्यमा सञ्चालन हुने एसईईको तयारी गरिरहेकी छिन् भन्ने कुरा पनि यसअघि नै सार्वजनिक भैसकेको छ । करिश्मा विद्यार्थीका रूपमा नियमित रूपमा विद्यालय गएर कक्षा लिइरहेकी छिन् भन्ने कुरा उनी स्वयंले विभिन्न अन्तर्वार्तामा बताउँदै आएकी छिन् । करिश्मा स्कुल जाँदा युनिफर्ममै हुन्छिन् । उनलाई युनिफर्ममा विद्यार्थीझैं देखिएको प्रतिक्रियासमेत सार्वजनिक भैरहेका छन् । रमाइलो कुरा त के छ भने सार्वजनिक समारोहमा उपस्थित हुँदा करिश्माले लगाउने पहिरनले अधिकांशको ध्यान तान्ने, गसिप बन्ने तथा टीका टिप्पणी हुने क्रम बढेको थियो । पहिरनकै कारण आलोचना बढ्न थालेपछि करिश्माले त्यसलाई निस्तेज तुल्याउने एउटा नयाँ उपाय निकालेकी छिन्, सार्वजनिक समारोहमा सहभागी हुँदा स्कुल यूनिफर्म मै जाने । समारोहहरूमा उनलाई युनिफर्ममै देखिँदा सुरु-सुरुमा धेरैले अनौठा मानेका थिए, तर मध्याह्न आयोजना हुने अधिकांश समारोहमा युनिफर्ममै प्रस्तुत हुनथालेपछि करिश्मालाई ग्ल्यामरस देखाउन खोज्ने फोटो पत्रकारका क्यामेरा भने अर्कैतिर सोझिन थालेका छन् ।

# तपाईंले अविस्मरणीय फुटबल कहिले र कहाँ खेल्नुभएको थियो ?

रसियामा जारी विश्वकप फुटबल–२०१८ रोमाञ्चक मोडमा पुगेको छ । ३२ राष्ट्र सहभागी विश्वकपको उत्कृष्ट १६ मा पर्न सफल देशहरूको छनोट भैरहेको छ । खेल प्रि–क्वाटरफाइनलमा प्रवेश गरेपछि विश्वकपको रोमाञ्चकता अझ बढ्ने निश्चित छ । विश्वकपको लहर जारी नै रहेका बेला साप्ताहिकले केही कलाकारसँग उनीहरूले खेलेका अविष्मरणीय फुटबलका सम्बन्धमा जिज्ञासा राखेको थियो ।



स्कुले जीवनमा ढुंगाको गोल पोस्ट राखेर खेलिन्थ्यो । त्यही बेला हो जीवनको पहिलो गोल हानेको । फुटबल खेल्ने क्रममा खुट्टामा चोट लागेर चार दिन आराम गरेको पनि सम्झना छ ।

**महेश ज्ञवाली, संगीतकार**



स्कुलमा छँदा खुबै खेलिन्थ्यो । म स्कुलको फुटबल क्लबको राम्रो खेलाडी थिएँ । सांगीतिक क्षेत्रमा प्रवेश गरेपछि भने फुटबल खेल्ने बानी छुट्यो ।

**डिजे तेन्जिङ, डिजे**



कीर्तिपुरको ग्राउन्डमा, जहाँ अहिले क्रिकेट ग्राउन्ड छ, त्यहाँ खेलिन्थ्यो किनभने मेरो गाउँमा ग्राउन्ड थिएन । दहचोकबाट त्यहाँसम्म गइन्थ्यो तर पछि कलाकार भएपछि कमरेड प्रचण्ड आदि थुप्रै नेतासँग खेलिएको मैत्रीपूर्ण खेल चाहिँ अविष्मरणीय छ ।

**दीपकराज गिरी, अभिनेता**



सानो छँदा आफ्नो जन्मस्थान भीमफेदी, तनहुँमा खेलेको थिएँ, जहाँ फुटबलको एकदमै ठूलो क्रेज छ । कलाकारितामा आएपछि भने फुटबल खेल्न पाएको छैन ।


**नीराजन प्रधान, अभिनेता**



सानो छँदै बिराटनगरमै खेलेको हो । त्यति बेला मणि शाहको खुबै चर्चा थियो, हामी चौरमा मणि शाह–मणि शाह भन्दै उफ्रन्थ्यौं । काठमाडौं आएपछि चाहिँ मैले एक पटक पुष्पकमल दाहाल प्रचण्ड, केपी शर्मा ओली आदि नेताहरूविरुद्ध फुटबल खेलकी थिएँ । उक्त खेलको रोमाञ्चकता म जीवनभर बिर्सन सक्दिन ।

**दीपाश्री निरौला, अभिनेत्री/निर्देशक**

# कैंची चलाउँदै भिलेन



उमेश खड्का नेपाली चलचित्रका डरलाग्दा भिलेन हुन् । दर्जनौं चलचित्रमा खलनायकको भूमिका निर्वाह गरेका यी कलाकारले नेपालका प्रायः सबै अभिनेतासँग सशक्त द्वन्द्व गरिसकेका छन् । डेढ दशकदेखि अभिनयमा सक्रिय उमेशले यो अवधिमा ७५ वटाभन्दा बढी चलचित्रमा अभिनय गरे । खड्काले अभिनय गरेका दुई चलचित्र कसुर तथा एकलब्य प्रदर्शनको तयारीमा छन् । यसबीच अभिनयमा अब्बल यी कलाकारको दिनचर्यामा व्यापक परिवर्तन आएको छ । उमेशले नेपाली तथा क्षेत्रीय भाषाका चलचित्र मात्र होइन हिन्दी र अंग्रेजी चलचित्रमा कैंची चलाउने जिम्मेवारी पाएका छन् । चलचित्र सेन्सर बोर्डमा सदस्यको नियुक्त पाएपछि उनले यो नयाँ कामको अनुभव गर्ने अवसर प्राप्त गरेका हुन् । 'चलचित्रमा कैंची चलाउने काम सहज भने हुँदो रहनेछ, आफ्नो सेन्सर अनुभव सुनाउँदै खड्काले भने–' दुःख गरेर खिचिएका दृश्य काट्नु पर्दा मन नै कटक्ट हुने रहेछ, यद्यपि नियम–कानुनको अनुसरण गर्नै पर्‍यो ।' सेन्सर बोर्डमा आबद्ध भए पनि उमेश अवतार तथा कादम्बिनी चलचित्रमा खलनायककै भूमिकामा अनुबन्ध भैसकेका छन् ।




# कन्सर्टमा अनमोल



अभिनेता अनमोल केसी पहिलो पटक लाइभ कन्सर्टमा प्रस्तुत हुने भएका छन् । कार्यक्रममा बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा अभिनेता केसीले भदौ ९ गतेदेखि प्रारम्भ हुने 'अनमोल इभ' शीर्षकको कार्यक्रमले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै आन्तरिक पर्यटनको प्रवर्द्धन गर्ने तथा नेत्रहीन महिला संघ नेपाललाई आर्थिक सहयोग गर्ने उदेश्य लिएको स्पष्ट पारे । देशका चारवटा प्रमुख शहरमा सञ्चालन हुने यो कार्यक्रमबाट अनमोलले कुनै पारिश्रमिक नलिने बताइएको छ । उक्त कार्यक्रम भदौ ९ गते बुटबलमा, भदौ १६ गते पोखरामा, भदौ २३ गते चितवनमा तथा भदौ २७ गते बिर्तामोडमा सञ्चालन हुने मोनिका इन्टरनेसनल ग्रुपका अध्यक्ष कमल जिसीले बताएका छन् । जिसीका अनुसार अनमोल काठमाडौंबाट हेलिकप्टरमार्फत सोझै कार्यक्रमस्थलमा अवतरण गर्नेछन् । अनमोल इभमा केसीलाई अभिनेत्री प्रियंका कार्कीले समेत साथ दिने छिन् ।

# मिस तनहुँ रोबिना



मिस तनहुं-२०१८ को उपाधि रोबिना आलेले जितेकी छिन । दमौलीमा सञ्चालित उक्त प्रतियोगितामा विजेता आलेले यामाहाको फेसिनो स्कुटर पुरस्कार हात पारेकी थिइन् । अनिता अधिकारी फस्ट रनर्सअप तथा तपस्सी शाह सेकेन्ड रनर्सअप घोषित भएको यो प्रतियोगिताको आयोजना डाँफे मल्टिमिडियाले गरेको थियो ।

# धनमाया मिसेज मंगोल



पाँचौं संस्करणको मिसेज मंगोल नेपाल-२०१८ को उपाधि धनमाया मगरले जितेकी छिन् । मंगोल समुदायका विवाहित महिलाहरूको यो सौन्दर्य प्रतियोगिता अमाजोन इन्टरटेन्मेन्टले आयोजना गरेको हो । प्रतियोगितामा निर्मला राईले फस्ट रनर्सअप तथा पम्फा ओजीले सेकेन्ड रनर्सअपको उपाधि हात पारे । यो प्रतियोगितामा देशका विभिन्न क्षेत्रबाट छनौट भएका १६ विवाहित महिला सहभागी थिए ।

# मिस नेपाल आइडल

अमाजोन इन्टरटेन्मेन्टले आयोजना गरेको मिस नेपाल आइडल-२०१८ को उपाधि मेरिना लिम्बूले जितेकी छिन् । १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै मेरिनाले उक्त उपाधि जितेकी हुन् । प्रतियोगितामा सुसन कोइरालाले फस्ट रनर्सअप तथा आकृति कुँवरले सेकेन्ड रनर्सअपको उपाधि हात पारेका थिए ।



# नेपथ्य बोस्टनमा



टेक्ससको ड्यालस रन्काएको नेपथ्यले अमेरिकाको अर्को सहर बोस्टनमा पनि प्रवासी नेपालीहरूलाई आफूसँगै नचायो । बोस्टनको मध्यभागमा अवस्थित रोयल बोस्टन हलमा गायक अमृत गुरुङले लेग्रो तानेर गाउँदै र नाच्दै दर्शकहरूलाई उफारिरहे । निर्धारित समयमा सुरु भएको कार्यक्रममा दर्शकको उत्साहजनक उपस्थिति देखेर हौसिएका अमृतले एक पछि अर्को गर्दै आफ्ना हिट नम्बरहरू सुनाए ।

बोस्टन तमु समाजले जात्रा नेपालको सहकार्यमा आयोजना गरेको कार्यक्रममा नेपथ्यको गीत सुन्न आसपासका राज्यका समेत नेपालीहरू समेत सहभागी थिए । नेपथ्यले यसअघि पहिलो पटक अमेरिकाका दुई सहर एरिजोनाको फिनिक्स तथा राजधानी वासिङ्टन डिसीमा कन्सर्ट दिएको थियो । टेक्सस र बोस्टनको कन्सर्टसँगै नेपथ्य ब्यान्ड स्वदेश फर्किएको छ ।

शिव शर्मा



# किड्स अफ द इयर

इन्टरनेसनल किड्स अफ द इयर-२०१८ मा सहभागिता जनाउनेहरूको नेपाली टिम तयार भएको छ । थाइल्याण्डमा जून अन्तिम साता सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालका तर्फबाट युनिक पराजुली, रिब्या तण्डुकार, प्रनिश खड्का तथा पलिस्ता महर्जनले सहभागिता जनाउने छन् । उनीहरूको सहभागिताको व्यवस्थापन तथा संयोजन इभेन्ट बेटर ग्यालेक्सीले गरेको हो । अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका बारेमा अभिमुखिकरण र ग्रुमिङ कोरियोग्राफर रोजिन शाक्यले गरेका छन् । सहभागीहरूलाई ट्यालेन्ट राउन्डका लागि लिजा श्रेष्ठले तयारी गराएकी छिन् भने उनीहरूको वार्डरोब डिजाइन द क्रिएसन नामक फेसन डिजाइनिङ संस्थाले गरेको छ ।



# चन्द्रमानलाई बुटवल श्री

५५ जना प्रतिस्पर्धीलाई पछि पार्दै बुटवलका चन्द्रमान श्रेष्ठले प्रदेश नम्बर ५ स्तरीय प्रथम शारीरिक सुगठन प्रतियोगिता 'बुटवल श्री'को उपाधि जितेका छन् । रुपन्देही शारीरिक सुगठन तथा फिटनेस संघको आयोजनामा बुटवलमा सम्पन्न प्रतियोगिताको फाइनलमा विभिन्न पाँच तौल समूहमध्ये ७० किलोग्राम तौल समूहका श्रेष्ठ विजेता भएका हुन् । त्यसैगरी ५५ किलोग्राम तौल समूहमा अर्जुन श्रेष्ठ , ६० किलोग्राम तौल समूहमा सुनिल आले, ६५ किलोग्राम तौल समूहमा अमित पंगेनी, तथा ७० किलोग्राम माथिको तौल समूहमा सितान्शु पाण्डे प्रथम भए ।

## संक्षेप

# द कलेज एम्बेसडर



द कलेज एम्बेसडर-२०१८ को उपाधि रायन कशजु तथा आयुष्मा रायमाझीले जितेका छन् । एससीईई इन्स्टिच्युट अफ म्यानेजमेन्टका रायनले पुरुष तथा एपेक्स कलेजकी आयुष्माले महिलातर्फको उपाधि जितेका हुन् । कमलपोखरीस्थित रसियन कल्चर सेन्टरमा सञ्चालित प्रतियोगितामा महिलातर्फ श्वेता सुवेदी फस्ट रनर्सअप घोषित भइन् भने रोमन मानन्धर पुरुषतर्फका फस्ट रनर्सअप भए । ग्रिन आर्ट मिडिया आयोजक रहेको प्रतियोगिताको यो १० औं संस्करण थियो ।

उक्त प्रतियोगिताका क्रममा नेपाः डान्स एकेडेमीका हिपअप ब्वाइज, रोजिन पाण्डे, गायिका सुचित्रा गुरुङ आदिले समेत आकर्षक प्रस्तुति दिएका थिए ।

सिर्जना दुवाल श्रेष्ठ

# मिस टिन एसईई-२०१८

स्टार वन् इन्टरटेनमेन्टको ब्यानरमा काठमाडौंमा सञ्चालित मिस टिन एसईई- २०१८ सम्पन्न भएको छ । प्रतियोगिताको शीर्ष उपाधि जित्न सफल भएकी छिन्– सन्ध्या सिग्देल । उनले मुख्य उपाधि सहित मिस ब्युटिफुल, मोस्ट फोटोजेनिक तथा सोसियलको उपाधिसमेत हात पारिन् । प्रतियोगितामा एलिसा लामिछाने फस्ट रनर्सअप तथा जेसिका भण्डारी सेकेन्ड रनर्सअप भए भने ईशा कार्की थर्ड रनर्सअप घोषित भइन् ।

# मिस एसईई पोखरा

इभेन्टस फोर यूले पोखरामा आयोजना गरेको पाँचौं संस्करणको मिस एसईई पोखरा-२०१८ को उपाधि श्रेया अधिकारीले हात पारेकी छिन् । उक्त प्रतियोगिताको ग्रान्ड फिनालेमा १७ जनाबीच प्रतिस्पर्धा भएको थियो । श्रेयाले मिस क्वाटवाक तथा मिस पर्सनालिटीको उपाधिसमेत जितेकी थिइन् । यो प्रतियोगितामा मिस ट्यालेन्टसँगै रिचा श्रेष्ठ फस्ट रनर्सअप तथा पूजा रानाभाट सेकेन्ड रनर्सअप भएका थिए ।

# मिस्टर एन्ड मिस एसईई

रिबन इन्टरटेनमेन्टको ब्यानरमा सञ्चालित मिस्टर एन्ड मिस एसईई अफ द इयर-२०१८ को उपाधि युवातर्फ अर्पण राई तथा युवतीतर्फ आर्या पुडासैनीले जितेका छन् । काठमाडौंमा सम्पन्न उक्त प्रतियोगितामा युवातर्फ अदिक कार्की फस्ट रनर्सअप तथा अनुराग कार्की सेकेण्ड रनर्सअप घोषित भएका थिए भने युवतीतर्फ मुनस्टोन आचार्य फस्ट रनर्सअप तथा अपेक्षा लुइँटेल सेकेन्ड रनर्सअप भए ।

# एसईई ग्ल्याम

काठमाडौंमा सम्पन्न मिस्टर एन्ड मिस एसईई ग्ल्याम-२०१८ मा ओजश्वीराज थापा तथा सन्ध्या अर्यालले शीर्ष उपाधि चुमेका छन् । ग्ल्याम वर्ल्ड इन्टरटेनमेन्टको आयोजनामा सञ्चालित प्रतियोगितामा रिकेश घिमिरे र समीक्षा मिजार फस्ट रनर्सअप तथा दिजन भट्टराई र सबिना बुढाथोकी सेकेन्ड रनर्सअप घोषित भए । सोही मंचमा सञ्चालित मिस एसईइ युनिभर्सल-२०१८ को उपाधि भन्ने शुभेच्छा खड्काले जितेकी छिन् । उक्त प्रतियोगितामा अनुजा खनाल फस्ट रनर्सअप तथा प्रनिशा राय सेकेन्ड रनर्सअप घोषित भए ।

# मिस एसएलसी तथा एसएलसी प्रिन्स

काठमाडौंमा सम्पन्न मिस एसएलसी-२०१८ को उपाधि सुवर्णा सिम्खडाले जितेकी छिन् । प्रतियोगितामा अश्मि ढकाल फस्ट रनर्सअप तथा रिचा कँडेल सेकेन्ड रनर्सअप घोषित भए । इभेन्ट्स नेपालको ब्यानरमा सञ्चालित उक्त कार्यक्रमअन्तर्गत एसएलसी प्रिन्सतर्फ सुवर्ण काजी श्रेष्ठ मुख्य उपाधिको विजेता भए । प्रतियोगितामा विवश कार्की फस्ट रनर्सअप तथा दिपेश गुरुङ सेकेन्ड रनर्सअप घोषित भएका थिए ।

साहित्य

# म पुरस्कारका लागि लेख्दिनँ

● फूलमान वल, कवि/पत्रकार

नेपाल प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कविता महोत्सव-२०७५ मा २ सय २९ वटा कविता सामेल थिए । ती मध्येबाट छानिएर आएका अन्तिम ३६ कवितामध्ये कवि तथा पत्रकार फूलमान बलको 'इन्द्रेणी गीत' ले पहिलो स्थान प्राप्त गर्‍यो । धादिङकी सुनिता खनालको 'श्यामश्वेत फोटो' ले दोस्रो तथा मोरङकी मेनुका चापागाईं 'मेनू', तेर्‍हथुमकी एलिना दुलाल एवं रामेछापका जीवन खत्रीले संयुक्त रूपमा तेस्रो स्थान हासिल गरे । प्रतिष्ठानले हरेक वर्ष असार ९ गते देशव्यापी राष्ट्रिय कविता महोत्सवको आयोजना गर्दै आएको छ । महोत्सवमा पहिलो स्थान प्राप्त गर्ने फूलमानका महाभारतकी मैच्याङ (कविता-संग्रह), काजोल खातुन (कथा-संग्रह) प्रकाशित छन् । उनले लेखेका नाटक म्हेन्दोमाया तथा सोनाम ग्याल्मो मञ्चन भैसकेका छन् ।

नरेन्द्र रौले

**राष्ट्रिय कविता महोत्सव-२०७५ मा २ सय २९ कविता सामेल थिए । त्यसबाट पहिलो स्थान प्राप्त गर्दाको खुसी कसरी व्यक्त गर्नुहुन्छ ?**

लेख्नेले कहिल्यै पुरस्कारका लागि लेखेको हुँदैन । राष्ट्रिय कविता महोत्सवको महत्व भने भिन्नै छ । मैले पहिलो पटक यो प्रतियोगितामा भाग लिएको हुँ । यति ठूलो महत्व बोकेको महोत्सवमा पुरस्कृत हुनु गौरवको कुरा हो ।

**पुरस्कृत कविता 'इन्द्रेणीको रंग' कसरी लेखियो ? यसको पृष्ठभूमि सुनौं न ।**

यो कविता एक वर्षअघि नै लेखिएको हो । गएको महिना यसलाई पुनर्लेखन गरिएको हो । हिजोका दिनमा सबैले पहिचानका मुद्दा उठाए । जनजाती, तेस्रोलिंगी, सीमान्तकृत आदि समुदायले आ-आफ्ना लागि आवाज उठाए । त्यो कसैका विरुद्धमा थिएन । म त्यो इन्द्रेणीको रंग हुन चाहन्छु । समाज मिलेर बस्नुपर्छ । अब कसैले जातको नाममा राजनीति नगरोस् । हामी समृद्धितर्फ जाऊँ भन्ने सन्देश दिन खोजिएको हो ।

**नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गर्ने कविता महोत्सव निष्पक्ष हुँदैन । चिने-जानेकालाई पुरस्कृत गरिन्छ भन्ने सुनिन्छ । कतिको साँचो हो ?**

मैले सुरुमै भनें, लेख्नेले पुरस्कारका लागी लेख्दैन । यद्यपि प्रतियोगितामा भाग लिईसकेपछि त्यसको स्तर त निर्धारण भै नै हाल्छ । हरेक प्रतियोगिता आ-आफ्नो सापेक्षतामा निष्पक्ष नै हुन्छ जस्तो मलाई लाग्छ ।

**कविता धेरै लेखिने तर कम बिक्ने विधामा पर्छ । किन यस्तो भएको होला ?**

कविता कम बिक्छ भन्ने कुरामा म सहमत छैन । सिर्जनाको मूल्य बजारले निर्धारण गर्दैन । पुस्तक कति बिक्यो भन्ने कुराले साहित्य कति सफल भयो भन्ने कुरा पनि निर्धारण गर्दैन । हरेक विधाका आ-आफ्ना सीमा हुन्छन् । कथा, निबन्ध, उपन्यास पढिने विधा हुन्, तर कविता आम मानिसमाझ जाने बिभिन्न माध्यम छन् । कविता वाचन हुन्छ । कविता कन्सर्ट हुन्छन् । रेडियो, टिभीमार्फत सर्वसाधारणसम्म पुग्छ । यो पढ्ने मात्र होइन गाउने तथा पाठ गर्ने विधा पनि हो ।



तस्बिर : राजेश पौडेल

**तपाईंको नामका अघि कवि, लेखक, पत्रकार, नाटककार, चलचित्रकर्मी आदि पहिचान जोडिन्छन् । खास के भनेर चिनाउन चाहनुहुन्छ ?**

खासमा म स्रष्टा हुँ । नाटककार, कवि, लेखक जे भने पनि स्रष्टा नै हो । अभिव्यक्तिका माध्यम फरक हुन्छन् । आफूले भन्न खोजेको कुरा कहिले कविता, कथा, उपन्यास, नाटक, चलचित्रमार्फत व्यक्त गरिन्छ । मुख्य कुरा के भन्ने, कसरी भन्ने ? नै हो ।

**यतिका क्षेत्रमा हात हाल्नुभएको छ । समय कसरी मिलाउनुहुन्छ ?**

पढ्नु, लेख्नु मेरो नियमित काम नै हो । राति एक बजेअघि निद्रा लाग्दैन । कहिलेकाहीं त दुई नै बज्छ । पढ्दै, लेख्दै बस्छु । त्यसबीच सिर्जना पनि गर्छु । पत्रकारिता मेरो नियमित जागिर हो । चलचित्रको काममा कार्यालयबाट बिदा लिएर लागेको हुँ ।

**साहित्यमा नयाँ सम्भाबना के देख्नुहुन्छ ?**

बजार र न्यू मिडियाले गर्दा राम्रो सम्भावना छ । अब लेखकहरूले प्रकाशक खोज्दै हिँड्नु पर्दैन । इपेपर तथा युट्युबमै राखे पनि हुन्छ । बजारको खाँचो छैन ।

**अबको तयारी के छ ?**

मेरा अघिल्ला दुईवटा पुस्तक महाभारतकी मैच्याङ तथा काजोल खातुन पुन:प्रकाशनको तयारीमा छु । नयाँ कविता-संग्रह एवं नाटक पनि छिट्टै प्रकाशन हुँदैछन् ।

कविता

## इन्द्रेणी गीत

● फूलमान वल

वर्षौंदेखि तिम्रो इतिहासले–
विस्मृतिको बुइँगलमा मिल्काइदिएको
पेङदोर्जेको उही प्राग्ऐतिहासिक डम्फू बजाउँदै
गाएकै हो मैले,
नयाँ युगको फापरे व्हाई
यसको मतलब यो हैन कि–
मैले मादलको ताल बिगारें
मादललाई त
लाउँदै मायाको खरी
पागलप्रेमीले झैं
भिर्दै आएकै हो– दिलको कम्मरमा
गाउँदै आएकै हो– तिम्रै एकोहोरो समला र चुट्की

हो मित्र,
वर्षौंदेखि तिम्रो इतिहासले
विस्मृतिको बरन्डामा बाँधिराखेको
आँखे म्हेम्हेको उही पुरानो टुङ्ना बजाउँदै
गाएकै हो मैले
नयाँ युगको म्हेन्दोमाया
यसको मतलब यो हैन कि–
मैले सितारको धुन बिगारें
सितारलाई त
झन तन्काउँदै प्रणय तार
पागलप्रेमीले झैं
राख्दै आएकै हो– मनको देब्रे कुनामा
गाउँदै आएकै हो– तिम्रै एकोहोरो वसन्त बन्दना

बरु कुनै समय,
सहगोत्री सहनाई र सारंगीलाई
मिल्काएर ढोका बाहिर तिमीले
बनाइदिएका थियौ अछुत
र, निदाएका थियौ लामो समय तिमी
घमन्डको राजपलङ
देखाएर मुर्चुङ्गा, ढोल, डम्फु र बाँसुरीमन
जुन दिनदेखि तिमी निदायौ त्यसरी
त्यही दिनदेखि,
कमजोर बनेको हो हाम्रो आँगनको चिरबिर लय
सुश्क सुनिएको हो स्वाभिमानी सारंगी
रुन थालेको हो सहगोत्री सहनाई
हो, त्यही दिनदेखि नै
बज्न थालेको हो हाम्रो आँगनमा
आतंकको डरलाग्दो ड्रमसेट
सुनिन थालेको हो चारैतिरबाट
एकसरो-एकसरो अहंको आलाप

हो मित्र,
वर्षौंदेखि तिम्रो इतिहासले
विस्मृतिको बुँइगलमा मिल्काइदिएको
पेङदोर्जेको उही प्राग ऐतिहासिक डम्फु बजाउँदै
गाएकै हो मैले,
नयाँ युगको विहानी गीत

तिमीले सदियौंदेखि गाउँदै आएको
एकसरो गीतमा
मात्र मैले,
चाहेको हो थप्न एउटा रंगीन लय
जसरी सप्तरंगमा उभिन्छ इन्द्रेणी
जसरी सप्तक-स्वरमा गुन्जिन्छ संगीत
त्यसरी नै गाउन चाहेको हो
मैले पनि समयको
एउटा इन्द्रेणी गीत ।

**(पहिलो स्थान प्राप्त कविता)**

# राष्ट्रिय कविता महोत्सव-२०७५ का विजेताहरू



सुनिता खनाल



जीवन खत्री



एलिना दुलाल



मेनुका चापागाईं 'मेनू'

**एलिना दुलाल**

फेदाप-४, तेह्रथुमकी दुलाल १० वर्षअघि काठमाडौं प्रवेश गरेकी हुन् । उनको एलेक्सको सपना (बालकथा-संग्रह- ०६९) प्रकाशित छ । केही वर्ष पत्रकारितामा संलग्न दुलालले सगरमाथा टेलिभिजन तथा स्टार एफएममा काम गरेकी थिइन् । अहिले पनि उनी सञ्चारकर्ममै सक्रिय छिन् । एलिना बढीजसो कथा लेख्छिन् । विभिन्न दैनिक तथा अनलाइनहरूमा उनका रचना प्रकाशित छन् ।

**सुनिता खनाल**

नलाङ-३, धादिङकी सुनिता खनालका सिर्जनापत्र तथा ओ नायक कविता-संग्रह प्रकाशित छन् । खनाल काठमाडौंको एउटा गैरसरकारी संस्थामा आबद्ध छिन् । श्री सिद्धेश्वर माविबाट ०६२ मा एसएलसी दिएकी खनाल स्कुल पढ्दा निबन्ध लेख्थिन् भने वक्तृत्व तथा वादविवाद प्रतियोगिताहरूमा भाग लिइरहन्थिन् । अचेल काव्य विधामा कलम चलाउने सुनिताका सिर्जना विभिन्न दैनिक तथा अनलाइनहरूमा प्रकाशित छन् ।

**जीवन खत्री**


खाँडादेवी गाउँपालिका-५ रामेछापका जीवन ०६२ मा अध्ययनका सिलसिलामा काठमाडौं प्रवेश गरेका हुन् । उनका दुई कृति मेरो शिखर टाढा छ (०६५) तथा जीवन कसका लागि (०६९) प्रकाशित छन् । जीवन रामेछापकै पत्रिका तथा काठमाडौंका रेडियो-टेलिभिजनहरूमा कार्यक्रम सञ्चालन गर्थे । बढीजसो गजल लेख्ने जीवन पछिल्लो समयमा काव्य विधामा सक्रिय छन् । जीवन पाँच वर्ष रोजगारीको सिलसिलामा दक्षिण कोरियामा बसेर फर्किएका हुन् ।

**मेनुका चापागाईं 'मेनू'**

विराटनगर, मोरङकी मेनुकाको पहिलो छन्द कविता-संग्रह सालिक बोलिरहेछ (०७३) कात्तिकमा प्रकाशित भएको थियो । उनी बढी छन्दमा लेख्छिन् । मेनुका विश्वव्यापी छन्द कविता भिडियो प्रतियोगिता-२०७४ मा प्रथम भएकी थिइन् । मेनुका १३ वर्षदेखि गुणस्तर नाप तौल क्षेत्रीय कार्यालय विराटनगरमा कार्यरत छिन् । चाँडै उनको छन्द कविता-संग्रह आउँदैछ ।

# दाउद कनेक्सन

## सबै ठूला अपराधमा दाउद कै नाम



तस्विरहरू : एजेन्सी

१ असार २०७५, काठमाडौंको पानीपोखरीबाट नथमल अग्रवाल 'नागराज' पक्राउ परे। क्यासिनो, बुकी र सट्टेबाजीमा सम्लग्नता देखिएको भन्दै उनलाई महानगरीय अपराध महाशाखाले पक्राउ गरेको थियो। नागराजमाथि इन्डियन प्रिमियर लिग (आईपीएल)को सट्टेबाजीमा २ करोड ४० लाख रुपैयाँ ठगी गरेको आरोप छ। पक्राउ परेलगत्तै नागराज भारतीय प्रहरीको समेत मोस्ट वान्टेडको सूचीमा रहेको खुलासा मात्र भएन, गोवालाई आधार क्षेत्र बनाएर नेपालमा सट्टेबाजीको साम्राज्य चलाइरहेको रहस्य समेत खुल्यो। कतिपयले त उनको अन्डरवर्ल्डका नाइके दाउद इब्राहिमसम्मको कनेक्सनलाई लिएर चर्चा गरे। यद्यपि नेपालमा हुने सट्टेबाजीका मुख्य नाइके भनिएका नागराजको दाउद कनेक्सन प्रहरी अनुसन्धानबाट पुष्टि भने भैसकेको छैन।

१५ असार २०५५, आजभन्दा ठ्याक्कै २० वर्षअघि काठमाडौंको सिफलमा तत्कालीन राप्रपाका सांसद तथा पूर्वमन्त्री मिर्जा दिलसाद बेग मारिए। सांसद बेगको हत्याको कारण उनको 'अन्डरवर्ल्ड कनेक्सन' मानिन्छ। त्यसका पछाडि स्वभाविक रूपमा जोडिन्छन्, अन्डरवर्ल्ड किङ दाउद इब्राहिम। अन्डरवर्ल्डका मानिसहरू भारतबाट अपराध गरेर भागेपछि नेपालमा प्रोटेक्सन दिने, नेपाली नागरिकता र राहदानी दिलाएर दुबईलगायतका देशहरूमा भगाउन भूमिका खेलेकै कारण मिर्जाको हत्या छोटा राजन समूहले गरेको प्रतिवेदन हत्यासम्बन्धी छानबिन समितिले दिएको थियो। दाउदसँगकै दोस्तीका कारण मिर्जालाई हिट लिस्ट राखेर मारिएको बताइन्छ। मिर्जाको दाउद कनेक्सन नेपाल प्रहरीले त्यसअघि नै हात पारिसकेको थियो। दाउदको नम्बरबाट दुईवटा नेपाली नम्बरमा फोन आउने 'गोप्य इन्टिलिजेन्स रिपोर्ट' प्राप्त गरेको प्रहरीले अनुसन्धान गर्दा ती दुवै नम्बर मिर्जाको भएको पत्ता लाग्यो। एकदमै महत्वपूर्ण इन्टिलिजेन्स डकुमेन्ट एक्स्पोज गरिँदैन, तर त्यतिबेला तत्कालीन एआईजी ढालमन थापा नेतृत्वको अनुसन्धान टोलीले निकै गोप्य भनिएको उक्त 'इन्टिजेन्स डकुमेन्ट एक्स्पोज' गरिदियो।

अन्डरवर्ल्ड डन दाउद इब्राहिमसँगको कनेक्सनका कारण भएको भनिएको मिर्जा हत्याको दुई दशक बितिसकेको छ। यसबीच 'कन्ट्याक किलर'मार्फत हत्या भएका झन्डै आधादर्जन व्यक्तिको हत्याको तार पनि अन्डरवर्ल्डका नाइकेहरू दाउद, छोटा राजन र बब्लु श्रीवास्तवसम्म जोडिएको छ। अन्डरवर्ल्डसँग जोडिएका घट्नाहरू (हेर्नुहोस् बक्समा)। पछिल्लो समय दुबई, मलेसिया, पाकिस्तानलगायतका देशहरूमा आर्थिक गतिविधि गरिरहेका भनिएका दाउदको नेपाल कनेक्सनका अनेकन किस्साले बेला-बेलामा काठमाडौंलाई तताइरहेको हुन्छ। नेपालमा हुने ठूला अपराधिक घटनाहरू, हत्या, हवाई अपहरण, भारतीय नक्कली नोटको कारोबार, ड्रग्स, सुन तस्करी, क्यासिनो, हुण्डी, सट्टाबाजीदेखि बिस्फोटक पदार्थको कारोबारसम्म पनि दाउदको नाम मुछिनु नौलो कुरा होइन्। अझ भारतीय मिडियाले त हतियार तथा नेपालका केही व्यवसायीहरूको लगानीमा समेत दाउदलाई जोडेर प्रचारित गर्दै आएका छन्। कतिसम्म भने केही भारतीय मिडियाले त सन् २०१५ मा दाउदको कराँचीमा हुने जन्मदिनको पार्टीमा नेपालबाट केही सांसदहरू निमन्त्रणा गरिएको खबर समेत प्रवाहित गरे। प्रहरी इन्काउन्टरमा मारिएका रुपन्देहीका मनोज पुनको कनेक्सन पनि कहिले दाउदसँग त कहिले भारतीय अन्डरवर्ल्डसँग जोडेर चर्चा गर्ने गरिएको थियो, यद्यपि त्यसको पुष्टि कतैबाट हुनसकेको छैन।

के मिडियामा चर्चा भएझैं नेपालमा दाउद (डी कम्पनी)को कनेक्सन र चलखेल यथार्थ हो त ? नाम उल्लेख नगर्ने शर्तमा नेपाल प्रहरीका एक पूर्वउच्च अधिकारी सुन तस्करी, हुण्डी, सट्टाबाजी, फेक करेन्सीमा कुनै न कुनै रूपमा दाउदको कनेक्सन नेपालसँग जोडिने गरेको बताउँछन्। 'अहिले दाउद व्यापारी भैसकेका छन्,' ती सुरक्षा अधिकारीले साप्ताहिकसँग भने, 'उनले आर्थिक ट्रान्जिटका रूपमा कतै न कतै नेपाललाई प्रयोग गरिरहेको देखिन्छ।'

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का निवर्तमान प्रमुख तथा डीआईजी पुष्कर कार्की बेला–बेलामा अन्डरवर्ल्डका विषयमा मिडियाहरूमा चर्चा हुने गरेको बताउँछन्। 'बेला-बेलामा दाउद र अन्डरवर्ल्डको नेपाल कनेक्सनका विषयमा चर्चा हुन्छ,' कार्की भन्छन्, 'पहिले भएका केही घटनामा पनि बाहिरको नेक्सस देखिएको थियो, त्यसैले यसलाई पूर्णत अस्वीकार गर्न सकिँदैन।'

नेपालसँग दाउदको डी कम्पनी तथा भारतीय अन्डरवर्ल्डको कनेक्सनका सम्बन्धमा एउटा रोचक तथ्य भारतको बरेलीस्थित कारागारमा जन्मकैदको सजाय भोगिरहेका अन्डरवर्ल्ड डन बब्लु श्रीवास्तवको पुस्तकमा समेत उल्लेख छ। 'सन् १९८९ मा पुलिसबाट जोगिन दिल्लीमा चन्द्रस्वामी कहाँ गएँ, केही दिनमै उनीसँग कुरा बिग्रियो, त्यसपछि नेपाल गएर केही समय बसे। सन् १९९२ मा दुबई पुगे, दुबईमा मिर्जा दिलसाद बेगले मेरो भेटघाट दाउद इब्राहिमसँग गराए,' बब्लु श्रीवास्तवको पुस्तक 'अधुरा ख्वाब'को अंश उद्धृत गर्दै अमरउजालाले सन् २०१३ को एउटा समाचारमा लेखेको छ। मुम्बई बम ब्लास्टपछि बब्लुलगायत केही मानिस डी कम्पनीबाट अलगिए र उनीहरूको दोस्ती दुश्मनीमा बदलियो।

२९ जनवरी २०१६ मा आजतकले 'किडन्यापिङ किङको नाममा प्रख्यात थिए यी माफिया डन' शीर्षकको आफ्नो समाचारमा पनि बब्लुको बारेमा यही कुरा उल्लेख गरेको छ। यसले पनि नेपालमा अन्डरवर्ल्डको चलखेल हुने कुरातर्फ संकेत गर्छ।

अन्डरवर्ल्डको नेपाल कनेक्सनबारे सञ्चारकर्मी केपी ढुंगानाले अन्तर्देशीय अपराधका विषयमा लेखेको पुस्तक 'ओपन सेक्रेट'मा विभिन्न प्रसंग उल्लेख छन्। 'तत्कालीन सांसद मिर्जा दिलसाद बेग, कमल सिंह नेपाली, जमिम साह। बुटवल र नेपालगन्जमा मारिएका सौकत बेग र मजिद मनिहार अनि प्रहरी हिरासत र केन्द्रीय कारागारमै हत्या योजनासहित भएको आक्रमणमा मुस्किलले बाँचेका युनुस अन्सारी,' उनले लेखेका छन्, 'सबै घटना एकआपसमा अन्तर्सम्बन्धित देखिए।...फरक समय र स्थानमा मारिएका सबै घटनामा भारतीय नागरिक नै संलग्न भेटिए। अधिकांश घटनामा नेपाली सहयोगीहरू पक्राउ परे, मुख्य योजनाकार र आक्रमणकारी पक्राउ परेनन्। उनीहरू सहजै फरार भए। प्रहरीले केही समय खोजेजस्तो गर्‍यो, अनि फाइल थन्क्यायो। सबै घटनाका मुख्य योजनाकार भारतीय अन्डरवर्ल्डका सदस्य नै देखिए।'

साप्ताहिकले भेटेका अनुसन्धानमा सक्रिय प्रहरीका केही पूर्वउच्च अधिकारी दाउद र अन्डरवर्ल्डको नेपाल कनेक्सन, उनीहरूले गर्ने चलखेलका सम्बन्धमा मुख खोल्न त तयार भए तर नाम उल्लेख नगर्ने शर्तमा। ती उच्च अधिकारीकाहरूका अनुसार केही वर्षअघि नेपालमा दाउदको समूहले अपराध संसारका व्यक्तिहरूलाई जुवा खेलाउन काठमाडौंका क्यासिनोमा समेत हात हालेको थियो तर आपसमै विवाद देखिएपछि उनीहरूले क्यासिनोबाट हात झिके। दाउदसँग सम्बन्ध भएका व्यक्तिहरूको काठमाडौंमा हुने चलखेललाई पनि आफूहरूले नजिकबाट देखेको ती प्रहरी अधिकारीको तर्क थियो।

१५ असार ०५५ मा सिफलमा भएको सांसद मिर्जा दिलसाद बेगको हत्यादेखि ९ असोज २०६८ घण्टाघरमुनि नेपाल इस्लामिक संघका महासचिव फैजन अहमदको हत्यासम्मका अन्डरवर्ल्डको कनेक्सन लगभग स्पष्टै देखिन्छ। यी सबै घटनामा प्रयोग गरिएका 'कन्ट्याक्ट किलर'हरूमध्ये अधिकांश भारतीय नागरिक नै देखिन्छन् भने उनीहरूको कनेक्सन भारतीय जेलमा रहेका कुख्यात डन तथा दाउदका विरोधीहरू छोटा राजन र बब्लु श्रीवास्तवसँग जोडिन्छ। जुन कुरा घटनामाथि अनुसन्धान गर्न बनेका समितिका प्रतिवेदनमा समेत उल्लेख भएको पाइन्छ।

दाउदको डी कम्पनीले 'ब्ल्याक मनीलाई ह्वाइट मनी' बनाउन पनि नेपालजस्ता देशहरू रोज्ने गरेको जानकारहरू बताउँछन्। ठूलो मात्रामा भैरहेको सुन तस्करीमा पनि बेला-बेलामा दाउदको नाम जोडिन्छ भने नेपालका केही व्यवसायीलाई समेत दाउदसँग जोड्ने गरिन्छ। यद्यपि त्यसको स्पष्ट नेक्सस के हो ? भन्ने कुरा प्रहरीले खोतल्न नसकेको हो वा त्यतातिर तत्परता नदेखाइएको हो त्यो भने रहस्यकै गर्भमा छ। ३८ क्विन्टल सुन तस्करी तथा सनम शाक्य हत्या अभियोगमा पक्राउ परेका चूडामणि उप्रेती 'गोरे'ले पनि विशेष छानबिन टोलीसँग सुन तस्करी प्रकरणमा 'दाउदको नाम पोलेको' बताइन्छ।

अहिले फस्टाइरहेको क्रिकेट र फुटबलको सट्टेबाजीमा पनि दाउदको सम्भावित लगानीका सम्बन्धमा धेरैलाई शंका छ। नागराजअघि पनि प्रहरीले गत जेठमा अनलाइन सट्टेबाजी गरेको आरोपमा पूर्व फुटबलर अन्जन केसी, गौरव तिवारी, दिनेश बोगटी, नरेन्द्र सुवाल र विजय श्रेष्ठलाई पक्राउ गरेको थियो। उक्त सट्टेबाजीमा डी कम्पनीको हात रहेको स्पष्ट प्रमाण भने अझै प्रहरीले हात पार्न सकेको छैन। महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी धीरजप्रताप सिंह नेपालको सट्टेबाजीका मुख्य नाइके भनिएका नागराजलाई पक्राउ गरेर अनुसन्धान जारी राखेको बताउँछन्। 'हामीले नेपालमा सट्टेबाजीका माष्टरमाइण्ड मानिने नागराजमाथि अनुसन्धान जारी राखेका छौं,' सिंह भन्छन्- 'उनको दिल्लीमा एकजनासँगको कनेक्सन त खुलेको छ तर, दाउदसँगको कनेक्सन भने देखिएको छैन।'

बेला–बेलामा नेपालमा चर्चा रहने अन्डरवर्ल्ड कनेक्सनको गम्भीर अनुसन्धान आवश्यक भैसकेको तर्क गर्छन्, नेपाल प्रहरीका पूर्वडीआइजी हेमन्त मल्ल। 'संगठित अपराधमा टाइम लिएर गहिरो अनुसन्धान गरिएन भने सेटअप र लिङ्केज बुझ्न सकिँदैन,' मल्ल भन्छन्, 'वन्डरवर्ल्डका कामहरू तल सरफेसमा भैरहेका हुन्छन्, त्यसलाई केलाउन प्यासेन्स र टाइमको आवश्यकता हुन्छ।' अझ पछिल्लो समय त अन्डरवर्ल्डलाई कतिपयले स्टेट स्पोन्सर्ड अपराध गर्ने समूहका रूपमा पनि हेर्न थालेका छन्। जसले अन्डरवर्ल्डमाथिको अनुसन्धान थप जटिल बनाउँदै लगेको पाइन्छ।

### दाउदसँग जोडिएका केही घटना



- १५ असार २०५५ सिफलमा मिर्जा दिलसाद बेगको हत्या
- २४ भदौ २०६३ नयाँ बानेश्वरमा कमलसिंह नेपालीको हत्या
- १९ असोज २०६४ नेपालगन्जमा अब्दुल मजीत मनिहारको हत्या
- १० पुस २०६६ रुपन्देहीमा सौकत अलि बेगको हत्या
- २४ माघ २०६६ मा सञ्चार व्यवसायी जमिम साहको लाजिम्पाटमा हत्या
- २६ फागुन २०६७ मा युनुस अन्सारीमाथि केन्द्रीय कारागारमा भएको गोली प्रहार
- ९ असोज २०६८ घण्टाघरमुनि नेपाल इस्लामिक संघका महासचिव फैजन अहमदको हत्या

# नेताको फुटबल मोह

पृष्ठ ५ बाट



मीनेन्द्र रिजाल
नेता, नेपाली कांग्रेस

केटाकेटी अवस्थामा हामी निकै फुटबल खेल्यौं । १० कक्षासम्म त खुबै खेलियो । त्यसपछि कलेजमा आएर पनि अलि-अलि फुटबल खेलियो । फुटबल सबैले खेल्ने खेल हो, साथीहरू पाइहालिन्थ्यो । हामी बासको पोल लगाएर फुटबल खेल्यौं । इँटामाथि ढुंगा राखी गोलपोस्ट बनाएर पनि फुटवल खेलिन्थ्यो । मलाई बाल्यकालमा फुटबल खेलेका कुरा अहिले पनि ताजै लाग्छन् । म प्रायःजसो डिफेन्समा बसेर खेल्यें ।

अहिले जारी विश्वकप फुटबल भने मैले कमै हेरिरहेको छु । नियमित रूपमा हेर्ने बानी छैन । कुनै खेल चित्त बुझ्यो भने हेरी पनि हाल्छु । नकआउट चरणदेखि भने सबै खेल हेर्ने योजना बनाएको छु ।

मलाई यसपटकको विश्वकपमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डोको खेल प्रभावशाली लागेको छ । उनी एक्लैको प्रयासमा टिमलाई अघि बढारहेका छन् । मलाई यसपटकको विश्वकपमा सबैभन्दा आकर्षित गर्ने खेलाडी पनि क्रिस्टियानो रोनाल्डो नै हुन् ।

म विश्वकपमा यही नै देशको खाँटी फ्यान हुँ भन्ने छैन, राम्रो गर्ने टिम मन पर्छ । वास्तवमा नेपालमा ब्राजिलका समर्थक बढी देखिन्छन् । म पनि पहिले ब्राजिलकै समर्थक थिएँ तर यस पटक कता-कता पोर्चुगलले विश्वकप जितिदेओस् भन्ने लागेको छ अर्थात् मलाई पोर्चुगल पनि मन परेको छ ।

यद्यपि फुटवल हो, अहिले नै यसैले विश्वकप जित्छ भन्न सकिने अवस्था छैन । लिग चरणका खेल सकिएपछि मात्र कसले विश्वकप जित्छ बल्ल भन्न सकिएला ।

सानो छँदा खुबै फुटवल खेलिन्थ्यो । खेल खेलेपछि गोल नहान्ने त कुरै भएन । फुटबल मात्र होइन भलिबल, टेबलटेनिस आदि खेल पनि खेलियो तर फुटबलको जति मज्जा अरू खेलमा हुँदैनथ्यो । म अग्लो भएका कारण प्रायः किपर बस्थे । लामो खुट्टा भएका कारण धेरै दौडन सक्छ भनेर कहिलेकाहीं फरवार्ड पनि खेलाउँथे । यद्यपि मैले लामो समयदेखि फुटबल खेल्न पाएको छैन, तर विश्वकप हेर्न भने छुटाउँदिनँ ।

संसद् भएका बेला र अन्य कार्यक्रम नभएका बेला विश्वकप हेर्न छुटाउँदिनँ । प्रायः गरेर दोस्रो खेल छुटाउँदिन । राम्रो टिमको खेल छ भने तेस्रो खेल पनि हेर्छु । अहिलेसम्म मैले हेरेका खेलमध्ये पोर्चुगल र स्पेनको खेल सबैभन्दा राम्रो लागेको छ । उक्त खेल राम्रो लाग्नुको कारण दुवै टिमले धेरै गोल हान्नु हो त्यो पनि आक्रामक रूपमा । फुटबलमा थोरै समयको अन्तरमा दुवै टीमले धेरै गोल गरे भने मज्जा आउँछ । यी दुई देशको खेलमा पनि दुवै टिमले ३-३ गोल हाने हेर्न खुब रमाइलो भएको थियो ।

मलाई मन पर्ने खेलाडी पोर्चुगलका रोनाल्डो नै हुन् । अझ उक्त खेलमा हयाट्रिकसहित ४ गोल हानेपछि रोनाल्डो त झन राम्रा लाग्ने नै भए । यो विश्वकपपछि पुराना स्टार खेलाडीलाई नयाँ खेलाडीले पालो दिने छाँटकाँट देखिएको छ । त्यसको सुरुवाती छाँटकाँट बेल्जियमका रोमेलु लुकाकु तथा ह्याजाड केनले देखाइसकेका छन् । मलाई मन पर्ने टिमचाहिँ ब्राजिल हो, मन पर्ने टिम नै ब्राजिल भएपछि विश्वकप कसले जित्ला भन्ने प्रश्नमा म अरू देशको नाम लिन्छु होला त ? यद्यपि नयाँ देश आउन सक्ने सम्भावना पनि छ । यदि नयाँ देश आए मेक्सिको र कोएसिया त्यसका प्रबल दाबेदार हुन् ।



विरोध खतिवडा
नेता, नेपाल कम्युनिस्ट पार्टी

हामी त फुटबल खेलेरै हुर्किएका हौं । मैले सोसल योङ स्पोर्ट्स क्लबबाट 'बी' डिभिजन फुटबल पनि खेलें । त्यतिबेला हाम्रो टोल नै फुटबल खेल्ने टोल थियो । अझ मैले त फुटबल खेलाडी नै बन्ने सपना पालेको थिएँ । उतिबेला काठमाडौंमा जताततै चौर थियो, हामी घर छेउकै चउरहरूमा फुटबल खेल्यौं । गौचरन पनि नजिकै थियो, त्यहाँ गएर पनि खेल्यौं हामी ।

स्मरणीय कुरा के भने दशरथ रंगशालामा मैले गोल गरेपछि पहिलो पटक मेरो नाम पत्रिकामा छापिएको थियो । यो २०५१ सालतिरको कुरा होला, पत्रिकामा नाम छापिएपछि मैले त्यसको कटिङ आफ्नो कोठामा सजाएर राखेको थिएँ । अहिले पनि म फुटबल भनेपछि हुरुक्कै हुन्छु । त्यसैले विश्वकपका लगभग सबै खेल हेरिरहेको छु । अर्जेन्टिनाको गेम घरबाहिर साथीहरूसँग हेरें । अरू सबै गेम घरमै हेरिरहेको छु । क्वाटर फाइनल तथा सेमिफाइनलका खेलहरू साथीहरूसँग बाहिर हेर्ने योजना बनाएको छु ।


म ब्राजिलको डाइहार्ट समर्थक हुँ । पहिलो खेलमा ब्राजिलको खेल देखेर एकदमै निराश भएको थिएँ, तर दोस्रो खेलमा उल्लेखनीय सुधार देखियो । पहिलो खेलमा पराजित भएका बाबजुद जर्मनीले दोस्रो खेल हातबाट फुस्किएको अवस्थामा आफ्नो पक्षमा पाऱ्यो, उसको आत्मबल एकदमै बढेजस्तो लाग्छ । इंग्ल्यान्डले पनि ठूलो गोल अन्तरले पानामालाई पराजित गऱ्यो, यो पनि बलियो देखिएको छ । पोर्चुगलको टिम कमजोर भएपनि रोनाल्डोले आफ्नो प्रभावमा टिमलाई ठीक ठाउँमा राखिरहेका छन् । विश्वकपअघि बेल्जियम र स्वीजरल्यान्डको त्यति वास्ता गरिएको थिएन, तर उनीहरू दुवै एकदमै लयमा छन् ।

यसपालिमा व्यक्तिगत रूपमा पोर्चुगलका रोनाल्डो नै प्रभावी देखिएका छन् । विश्वकप सुरु हुनुपूर्वका खेलका आधारमा मेस्सीको खेलले आकर्षित गर्ला भन्ने थियो, तर उनी कमजोर देखिए । यसपटकको विश्वकप ब्राजिलले नै जित्छ कि ? किनभने ब्राजिलको टिम स्ट्रोङ छ ।



गगन थापा
नेता, नेपाली कांग्रेस

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com






खडानन्दले विवाह गरे र घरमा नयाँ बेहुली भित्र्याए । यद्यपि उनी दोधारमा परे । नयाँ बेहुलीसँग के कुरा गर्ने ? के भन्ने ? के बोल्ने ? लगभग ४५ मिनेट सोचिसकेपछि उनी बेहुलीको छेउमा गए ।

खडानन्द : (बेहुलीको कानमा खुसुक्क) आज तिम्रो माइतका मान्छेलाई त थाहा होला नि ? आज तिमी यतै बस्छौ, फर्किंदैनौ भनेर ।

खडानन्दले गाउँको भतिजालाई बाटोमा भेटे ।

खडानन्द : ओहो भतिज, तँ त हलक्कै बढिछस्, ठूलो पो भइछस् त ।

भतिजा : के गर्नु त हौ अंकल, अरू कुनै अप्सन पनि त थिएन ।

खडानन्द कक्षामा ।

खडानन्द : सगरमाथाको चुचुरोमा पुग्ने पहिलो महिला को हुन् ?

एक छात्र : जुनको ताबेई ।

खडानन्द : अनि पहिलो पुरुष ?

बिर्खे : (एकछिन सोचेर) घामको ताबेई ।

खडानन्दकी पत्नी रोटी बेल्ने बेल्नाले खडानन्दको टाउकोमा हान्न झम्टिइन् ।

पत्नी : तिम्रो बुद्धि कहाँ घाँस चर्न गएको छ हँ ?

खडानन्द : हैन, किन ? के भयो फेरि ?

पत्नी : तरकारी किन्न जाँदा तरकारीतिर मात्र ध्यान देऊ, तरकारी बेच्नेवालीतिर होइन भनेर कतिपल्ट भनें, आज फेरि कीरा पऱ्या भान्टा बोकेर आयौ होइन ?

राती दुई बजेतिर खडानन्दलाई फोन आयो ।

खडानन्द : हेल्लो ! को हो ?

कल : हेल्लो खडानन्दजी, सुतिरहनुभा'को थ्यो कि क्या हो ?

खडानन्द : (रिसले) हैन हौ भाइ, म त कोमामा पो थिएँ त, फोन गरेर ज्यान बचाइदिनुभा'कोमा धन्यवाद है ।

खडानन्दको एउटा बिजनेस फर्म थियो । एकदिन एउटा सरकारी कार्यालयबाट कल आयो ।

कल : सर, तपाईंको प्यान नम्बरको डिटेल्स दिनुस् न ।

खडानन्द : ३ सय २० जर्दा, बाबा अलैची, चमन बहार, कत्था अलि धेरै, चुना कम ।

खडानन्दकी पत्नी र छिमेकी ।

खडु पत्नी : आज त दिनभरि नै नेट चलेन ।

पार्वती : अनि के गरेर बस्यौ त दिदी ?

खडु पत्नी : बूढासँग गफ गरेर बसें, बिचरा, साह्रै मजाका छन् मेरा बूढा खडानन्द ।

खडानन्द : केही दिनदेखि तिमी एकदमै ओइलाएजस्तो लाग्छ, अनुहार पनि मलिन देख्छु नि, के भयो ? डाक्टरलाई देखाउनुपर्छ कि क्या हो ?

पत्नी : देखाइसक्या डाक्टरलाई ।

खडानन्द : के भन्यो त डाक्टरले ?

पत्नी : केही छैन, रगतमा 'सपिङ' को कमी मात्र देखियो रे !

खडानन्द एक दिन बेलुका ।

खडानन्द : हृदयाघातले धेरै मान्छे मरिराख्या छन्, मेरो पनि मुटु भएको ठाउँमा एकदमै नराम्रोसँग दुखिरहेको छ, एम्बुलेन्सलाई फोन गरिहाल त छिटो ।

पत्नी : मेरो मोबाइलको ब्यालेन्स सिद्धिएछ, तिम्रो मोबाइलको पिनकोड भन त ।

खडानन्द : ए, ए, ए, ए ! लु भैहाल्यो, छोडिदेऊ, केही बिसेक भएजस्तो छ ।

खडानन्दको घरमा मिटर चेक गर्न विद्युत् प्राधिकरणका कर्मचारी आए ।

कर्मचारी : तपाईंको विद्युत्को मिटर जाँच गर्नु छ खडानन्दजी, चार-पाँच महिना भैसक्यो, तपाईंको मिटरमा जहिले पनि महिनाको १ युनिट मात्र देखाउँछ ।

खडानन्द : मिटर ठीकै होला हजुर, मैले बिजुली बत्ती बाल्ने भनेकै लाल्टिन खोज्ने बेलामा मात्र हो ।

गाउँकी युवतीसँग खडानन्दको भेट भयो ।

खडानन्द : छोरी, तिम्रो विवाह भैसक्यो ?

युवती : भैसक्यो त काका ।

खडानन्द : ए, अनि ज्वाइँ सा'प के गर्नुहुन्छ नि ?

युवती : पश्चात्ताप ।

खडानन्द ससुराली जाँदा प्रायः सधैं उही र एउटै खालका लुगा लगाएर जान्थे ।

सासू : ज्वाइँ घरमा तपाईंले लगाउने अरू लुगा छैन ? सधैं एउटै लुगा लगाएर आउनुहुन्छ त ?

खडानन्द : आमा, तपाईंको घरमा पनि त अरू चारवटी छोरी छन्, किन सधैं यही ठूलीलाई मेरो पछि लगाएर घर पठाउनुहुन्छ त ?

खडानन्दलाई ससुराले फोन गरे ।

ससुरा : के छ ज्वाइँसा'ब हालखबर ?

खडानन्द : मेरो कुरा छोड्नुस् बुवा, तपाईंको घरमा त अहिले एकदम ढुक्क, आनन्द र शान्ति होला नि होइन ?

खडानन्द र साथी ।

खडानन्द : पहिले-पहिले हाम्रो दिन टुथ पेस्टबाट सुरु हुन्थ्यो ।

हरिबोल : अनि अहिले नि ?

खडानन्द : अहिले कपि पेस्टबाट ।

# जताततै फुटबलकै चर्चा



भवानी भट्ट

इन्डियन प्रिमियर लिग (आईपीएल) सम्पन्न भएदेखि नै विश्वकप फुटबलको चर्चा उत्कर्षमा पुग्न थालेको हो । त्यतिबेलादेखि नै फुटबल प्रेमीहरूले सामाजिक सञ्जालमा विभिन्न देशको समर्थनमा थरी-थरीका स्ट्याटस पोस्ट गर्न थालिसकेका थिए । अहिले भने अर्जेन्टिना, ब्राजिल आदि देशका जर्सी लगाएर समर्थन जनाउने क्रम तीव्र भएको छ ।

पश्चिम तराईको सीमान्त जिल्ला कञ्चनपुरमा फुटबलको क्रेज कति छ ? त्यसपटक सहरको मुख्य बजार घुम्दैमा अनुमान गर्न सकिन्छ । कञ्चनपुर खेलाडी उत्पादनका हिसाबले अब्वल मानिन्छ । क्रिकेट, फुटबल, भलिबल वा अन्य जुनसुकै खेलमा पनि यहाँका खेलाडीको भूमिका महत्वपूर्ण हुने गरेको छ । हालका वर्षमा दर्शकको क्रेजका हिसाबले पनि यो जिल्ला खेलकुदमा अग्रपंक्तिमा रहँदै आएको छ ।

अहिले विभिन्न सिनेमा हल तथा होटलहरूमा प्रोजेक्टरका माध्यमबाट विश्वकपको प्रसारण हेर्न पाइने भएपछि दर्शकहरू उत्साहित छन् । महेन्द्रनगरको सेती महाकाली सिनेमा हलले तीनवटा विश्वकपको प्रत्यक्ष प्रसारण गरिसकेको छ । 'यसपालि पनि सेमिफाइनलदेखिका खेल देखाउने तयारी गरेका छौं,' हल सञ्चालक प्रवीण अवस्थी भन्छन्, 'अहिले पनि फुटबलको क्रेज त्यत्तिकै छ, घटेको छैन ।'

पछिल्ला तीनवटा विश्वकपको सेमिफाइनल तथा फाइनलमा दर्शकहरूको उपस्थिति निकै राम्रो रहेको अवस्थी बताउँछन् । हलमा २ सय जनाको क्षमता भए पनि त्यसभन्दा बढी दर्शक आउने उनी बताउँछन्, तर अहिले बजारका मुख्य चोकहरूका साथै ग्रामीण भेगमा समेत प्रोजेक्टरमार्फत प्रत्येक खेलको प्रत्यक्ष प्रसारण गरिने भएकाले सिनेमा हलमा दर्शकको उपस्थिति केहि घटेको छ ।

आईपीएलको क्वालिफायर तथा फाइनल खेलहरू प्रोजेक्टरको माध्यमबाट देखाएको रेन्बो कटेजले विश्वकप फुटबल पनि गरिरहेको छ । 'यहाँ क्रिकेट र फुटबलको क्रेज बराबर छ' सञ्चालक ललित जोशी भन्छन्, 'साथीभाइसँग रमाउँदै ठूलो पर्दामा लाइभ हेर्न चाहनेहरू प्रशस्तै भएकाले पनि यस्ता ठाउँमा दर्शकको उपस्थिति निकै राम्रो हुन्छ ।'

# समूहमा विश्वकप फुटबल हेर्ने व्यवस्था

मोहन बुढाऐर

कैलाली जिल्ला फुटबल संघका पूर्वअध्यक्ष एवम् फुटबल प्रेमी सुरेन्द्र शाही अहिले नियमित रूपमा विश्वकप फुटवल हेरिरहेका छन् । उनी अर्जेन्टिनाका फ्यान हुन् । हालसम्म ५ वटा विश्वकप हेरिसकेका शाहीले घरमा अर्जेन्टिनाको टिमका साथै चर्चित खेलाडी रोनाल्डो तथा मेसीको नम्बर तथा नाम अंकित एक दर्जनभन्दा बढी टि-सर्ट संकलन गरेका छन् ।

सुखडस्थित सनराइज बैंकका म्यानेजर शाही बाल्यकालदेखि नै फुटबलप्रेमी थिए । विश्वकप फुटबलका बारेमा थाहा भएपछिका वर्षहरूमा उनले कहिल्यै विश्वकप हेर्न छुटाएका छैनन् । 'उहिले सानो छँदा एक्लै टिभीमा हेरिन्थ्यो,' उनले भने, 'ठूलो भएपछि समूहमा हेर्न थालियो ।' यसपटक उनी कैलालीको राजमार्गमा पर्ने सुखड बजारमा फुटबलप्रेमीहरूबीच रमाउँदै छन् । टुवर्ग बियर कम्पनीले सुखडमा प्रोजेक्टरद्वारा विश्वकप फुटबलको लाइभ प्रसारण गर्ने व्यवस्था मिलाएको छ ।

पन्त मात्र होइन, विश्वकप फुटबलका क्रेजी कैलालीका गाउँदेखि सहरसम्मका बालबालिकादेखि वृद्धहरूसम्म छन् । बजारमा अर्जेन्टिना तथा ब्राजिलका टि-सर्टको बिक्री बढे पनि अन्य टिम र खेलाडीको नाम अनि नम्बर लेखिएको टि-सर्टको व्यापार पनि कम छैन ।

प्रदेश नम्बर ७ को अस्थायी राजधानी धनगढीको देव तालिम केन्द्र, टेम्पल रिसोर्ट तथा फनपार्कले विश्वकपलाई ठूलो पर्दामा लाइभ प्रशारण गरिरहेका छन् । धनगढीका अरू क्लबहरूले पनि यस्तो प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाएका छन् ।

देव तालिम केन्द्रका प्रवन्धक रविन पन्तले पारिवारिक वातावरणमा विश्वकप प्रशारण गर्न लागिएको बताए । 'फुटबलमा महिला तथा बालबालिकाहरूको आकर्षण बढोस् भन्ने चाहनाले पारिवारिक वातावरण दिन लागेका हौं,' उनले भने, 'मदिरा सेवन पूर्ण बन्द गरेका छौं ।'

सुदूर पश्चिममा विश्वकपलाई ठुलो पर्दामा हेर्न थालिएको धेरै वर्ष भएको छैन । फुटबलप्रेमी प्रकाश विष्टका अनुसार पछिल्ला ३/४ वटा विश्व कपदेखि धनगढीमा विश्व फुटबलको लाइभ प्रोजेक्टरमा हेर्न थालिएको हो । 'अहिलेको पुस्ता घरको टिभीमा विश्वकप हेर्न चाहँदैन, उनीहरूलाई ४२-४३ इन्चको घरको टेलिभिजन सेट पनि सानो लाग्छ,' उनले भने, 'म आफैं पनि ठूलो पर्दामा लाइभ हेर्न रुचाउँछु ।'

धनगढी जिल्ला फुटबल संघ कैलालीका अध्यक्ष मोहित शाहले ओम प्यालेसमा प्रोजेक्टरमार्फत विश्वकप हेर्ने व्यवस्था मिलाउँदै आएका छन् । शाह भन्छन्, 'यसपटक पनि विश्वकप लाइभको व्यवस्था छ, तर क्वाटरफाइनलका खेलपछि मात्र ।'

## विश्वकप फुटबलको ज्वरो

# कतै चक्कु प्रहार त कतै सहयोग

सरोज बस्नेत




यतिबेला केटाकेटीदेखि युवायुवती तथा वृद्ध-वृद्धासम्म विश्वकपमै झुम्मिएका छन् । प्रदेश नम्बर १ का आन्तरिक मामिला मन्त्री हिक्मत कार्की क्वाटरमै विश्वकप फुटबलमा रमाइरहेका छन् । ब्राजिलका समर्थक मन्त्री कार्कीसँगै नेपाल कम्युनिस्ट पार्टी मोरङका नेता रुपेश खतिवडा पनि ब्राजिलका समर्थक हुन् । उनी पनि मन्त्री कार्कीसँगै बसेर विश्वकपमा रमाउने गरेका छन् । मोरङ क्षेत्र नम्बर १ का प्रदेश सांसद कुल लिम्बू पनि रात नभनी विश्वकप फुटबल हेर्ने गरेका छन् । पोर्चुगलका समर्थक सांसद लिम्बू घरमा परिवारका साथ फुटबलमा रमाइरहेका छन् । फुटबलका पूर्व राष्ट्रिय खेलाडी सञ्जीव बुढाथोकी पनि यतिबेला विश्वकप फुटबलमै रमाइरहेका छन् । बुढाथोकी भन्छन्- विश्वकप फुटबल प्रतियोगिता एउटा महाकुम्भ हो, जो-कोही यसमा रमाउँछन् । थ्रीस्टार क्लबमा आबद्ध फुटबल खेलाडी रञ्जित धिमाल पनि विश्वकप फुटबलका हरेक म्याच हेर्न छुटाउँदैनन् । ब्राजिलका समर्थक धिमाल दोस्रो चरणसँगै खेल अझ रोमाञ्चक हुने बताउँछन् । चिया पसलदेखि महलसम्म विश्वकप फुटबलकै गफले स्थान पाइरहेको छ । अरू कुनै काम छैन, इलम-धन्दा छैन, तर फुटबलसम्बन्धी टाउको दुखाई भने गज्जबकै छ ।

### विवादमा चक्कु प्रहार

यसबीच उर्लाबारी-६ का २७ वर्षीय विशाल तामाङलाई चक्कु प्रहार गर्ने जनप्रतिनिधिविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरिएको छ । विश्वकप फुटबल हेर्ने क्रममा सामान्य भनाभनपछि उर्लाबारी नगरपालिका- ६ का वडा सदस्य एवं तरुण दल मोरङका सचिव ३५ वर्षीय सचिन शाक्यले तामाङमाथि छुरा प्रहार गरेको आरोप छ ।

उर्लाबारी- ५ स्थित एरोमा होटलबाट घरतर्फ जान लागेका तामाङमाथि शाक्यले शुक्रबार बिहान ३ बजेतिर छुरा प्रहार गरेको प्रहरीले जनाएको छ । सोही घटनालाई लिएर उर्लाबारीका यादव भण्डारीविरुद्ध पनि ज्यान मार्ने उद्योगमा मुद्दा चलाइएको छ भने होटल सञ्चालक रोशन भुर्तेलविरुद्ध सार्वजनिक मुद्दा चलाइएको छ । यसबीच छुरा प्रहारबाट पेटमा चोट लागेर घाइते भएका तामाङको उपचार भैरहेको छ । अर्जेन्टिना र कोएसियाबीचको प्रतिस्पर्धा हेरिसकेर घर फर्किने तयारी गर्दा गर्दै दुई जनाबीच विवाद उत्पन्न भएको प्रहरीले जनाएको छ । त्यही विवाद छुरा प्रहारको घटनामा परिणत भएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार घटनामा संलग्न शाक्य फरार छन् । उर्लाबारी जेसिजको २०१८ का अध्यक्ष समेत रहेका शाक्य निर्माण व्यवसायी पनि हुन् । घाइते तामाङ भने मोरङ-११ फुटबल टिमका सदस्य हुन् । उनी यसअघि 'ए' डिभिजन क्लबबाट पनि खेलिसकेका खेलाडी हुन् ।

# टोल-टोलमा विश्वकप

महेश तिमल्सिना



चावहिलका सन्दीप रेग्मी जर्मन फुटवलरका डाइहार्ड फ्यान हुन् । यतिबेला उनको ध्यान विश्वकप फुटबलले तानिरहेको छ । प्रविधि र सामाजिक सञ्जालमा अभ्यस्त रहने पुस्ताका रेग्मीले जर्मन फुटबल फ्यान पेज खोलेर क्याम्पेन चलाएको पनि वर्षौं भैसकेको छ ।

सन् २०१२ मा उनले खोलेको जर्मन फुटबल फ्यान क्लब नेपाल नामक फेसबुक पेजमा ५ हजार जनाले लाइक गरेका छन् । तीमध्ये २ हजार ५ सय जनाजति त मेरै सम्पर्कमा छन्, सन्दीप भन्छन्- फुटबल हेर्न थालेदेखि नै जर्मनीलाई समर्थन गर्दै आएको छु । विश्वकप हेर्न उनले साथीहरूको छुट्टै ग्याङ तयार पारेका छन् । 'काठमाडौंका विभिन्न ठाउँमा स्क्रिनिङ गर्ने सोच बनाएका छौं,' सन्दीपले भने । बानेश्वर र दरबारमार्गमा जर्मनीको खेल लाइभ देखाउने योजना छ, उनले आफ्नो विश्वकप योजना सुनाए ।

सन्दीपजस्तै फुटवलका फ्यान युवा तन्नेरीहरू गाउँका टोल-टोल तथा सहरका गल्ली-गल्लीमा ग्याङ नै बनाएर विभिन्न इभेन्टहरू आयोजित गर्दैछन् । भक्तपुरका चन्दन मिश्र ब्राजिलका फ्यान हुन् । उनी सहित ६ जनाको समूहले भक्तपुर सिरुटार चारदोबाटोमा प्रोजेक्टरमार्फत विश्वकपका खेल प्रत्यक्ष देखाउँदै आएको छ ।

विश्वकप फुटबलको आनन्द उठाउन टोल-टोलका फ्यान क्लबहरूले विश्वकपका खेलहरू देखाउन प्रबन्ध मिलाएका छन् । जोरपाटीका असीम भट्टराई अर्जेन्टिनाका समर्थक हुन् । उनले पनि अर्जेन्टिना फ्यान क्लब नामक फेसबुक पेज खोलेका छन् । भट्टराईले यसपालिको विश्वकपमा साथीहरूसँग मिलेर र्‍याली निकाल्ने सोचसमेत बनाएका थिए, तर केही दिनअघि चितवनमा अर्जेन्टिनाका फ्यानहरूले र्‍याली निकाल्न खोज्दा प्रहरीले हस्तक्षेप गरेको देखेपछि उनीहरू हच्किए । हामीले अर्जेन्टिनाको समर्थन गर्दै र्‍याली निकाल्ने तयारी गरेका थियौं, तर चितवनमा प्रहरीले हस्तक्षेप गरेको सुनेपछि हामी पछि हट्यौं ।

यस्ता प्रशंसक क्लबहरू सहर-बजारका गल्लीहरूमा थुप्रै भेटिन्छन् । विशेष गरी काठमाडौंको न्युरोड, असन, वसन्तपुर, ललितपुरको पाटन तथा भक्तपुरका विभिन्न ठाउँमा थुप्रै फ्यानहरू क्लबमार्फत विभिन्न कार्यक्रम गरेर विश्वकपको मज्जा लुट्न व्यस्त छन् ।

उनीहरूले विश्वकप फुटबलको उमंग साटासाट गर्न चोक-चोकमा प्रोजेक्टरमा विश्वकप स्क्रिनिङ गर्ने योजनालाई मूर्तरुप दिएका छन् । कतिपय फुटबल क्लबले रेस्टुराँ, ब्यांक्वेट तथा पार्टी प्यालेसहरूमा समेत फुटबल देखाउँदै आएका छन् ।

विश्वकपको रौनक छाएसँगै काठमाडौंका गल्लीहरू विशेष गरी अर्जेन्टिना, ब्राजिल, जर्मनी, पोर्चुगल, स्पेन आदि देशका झन्डाले झकिझकाउ छन् । समर्थकहरूका बीच बाजी थाप्ने होड पनि उत्तिकै छ कतिपयले आफू समर्थक रहेको देशको झन्डा आफ्नो घरमा समेत झुन्ड्याएको देखिन्छ ।

# विश्वकप हेर्न पाउने नेपालीहरू

नरेन्द्र रौले

लाजिम्पाट, काठमाडौंका सञ्जीव मिश्र विश्वकप फुटबल हेर्न जेठ २५ गते नै रसिया पुगिसकेका छन् । लगातार २५ वर्ष फुटबलमा समर्पित भएर लागेका मिश्र जीवनमा पहिलो पटक विश्वकप फुटबल लाइभ स्टेडियममा बसेर हेर्ने तरखरमा छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्वसहायक महासचिव तथा पूर्व प्रवक्ता रहिसकेका मिश्रले यसलाई ठूलै अवसरका रूपमा लिएका छन् । खेल मात्र होइन, रंगशालाको वातावरण हेर्न पनि उनि उत्तिकै उत्साहित छन् । 'यत्रो वर्ष मैले फुटबललाई समय दिएँ । पहिलो पटक यस्तो मौका पाएको छु' उनले रसियाबाट टेलिफोनमा कुराकानी गर्दै भने, 'उत्साहित र व्यग्र प्रतीक्षामा छु । पैसा हुँदैमा मात्र यस्तो अवसर पाइने होइन ।'

काठमाडौं क्लबका अध्यक्ष समेत रहिसकेका सञ्जीवको साथमा अन्य तीन जना विश्वकप फुटबल हेर्नकै लागि रसिया पुगेका छन् । सञ्जीव डेलिगेसन लिडर हुन् । जेम्स स्कुलमा कक्षा ८ मा अध्ययनरत अनमेशजंग रायमाझी, इन्टेन्सिभ एकेडेमीमा कक्षा ८ मा अध्ययनरत गिरिश मास्के तथा कलंकी, काठमाडौंका रमेश रायमाझी उक्त समूहमा छन् । फुटबल फर फ्रेन्डसिप नामक अन्तर्राष्ट्रिय संस्थाले उनीहरूका लागि विश्वकप फुटबल हेर्ने मौका जुराएको हो । फिफाको सहकार्यमा सञ्चालित उक्त कार्यक्रममा एक ग्याँस कम्पनीले आर्थिक सहयोग गरेको छ । सन् २०१३ देखि यो कार्यक्रम




लागू भएको सञ्जीवले बताए । यसको मुख्य उद्देश्य फुटबलको माध्यमबाट सामाजिक परिवर्तन तथा सेवा गर्न सकिन्छ भन्ने हो । आउने, जाने, खाने बस्ने, सम्पूर्ण व्यवस्था आयोजक संस्थाले बेहोरेको छ । फिफामा २ सय ११ देश आबद्ध छन् । हाम्रो जस्तो देशमा यस्ता कार्यक्रम हुनु जरुरी भएको सञ्जीव बताउँछन् । मित्रता, समानता, निष्पक्षता, स्वास्थ्य, शान्ति, समर्पण, जित, परम्परा, सम्मान आदि यो संस्थाका मान्यता हुन् ।

विश्वकप फुटबलमा ११ वर्षसम्मका एक जना बालपत्रकारलाई अनिवार्य सहभागी गराउनुपर्ने नियम छ । नेपालबाट यस पटक त्यो अवसर पाएका छन्– अनमेशजंग रायमाझीले । जसअनुसार कार्यक्रमको भिडियो खिच्नुपर्ने, समाचार तयार पारेर आयोजक संस्थालाई बुझाउनुपर्ने नियम छ । यसरी जाने बालपत्रकारले आफू मात्र होइन, आफ्ना अभिभावकलाई पनि साथमा लान पाउने व्यवस्था हुन्छ । अनमेश आफू मात्र रूस गएनन्, उनी आफ्ना बुबा रमेश रायमाझीका साथमा रसिया पुगेका छन् । रमेश अखिल नेपाल फुटबल संघका पूर्व कार्यकारी सदस्य थिए भने फुटसल समितिका अध्यक्ष थिए । 'अरु देशका बालबालिकाको तुलनामा हाम्रा बालबालिकाको क्षमता कम छैन ।' उनले भने- 'म र मेरो छोरा दुवै उत्साहित छौं ।' अनमेशले क्यामेरा र मोबाइलबाट विश्वकप तयारीको भिडियो खिच्ने तथा रिपोर्ट तयार पार्ने काम गरिरहेका छन् । हरेक दिन संस्थालाई रिपोर्ट बुझाउनुपर्छ । अरु विकल्प नभेटेर अनमेशलाई छानेको सञ्जीवले बताए ।

कलंकी, काठमाडौंका रमेश रायमाझीको खुसीको सीमा छैन । रसियनहरूले नै प्रत्यक्ष रूपमा फुटबल हेर्न पाएका छैनन् । यस्तो अवस्थामा उनलाई यस्तो अवसर जुरेको छ । 'छोराका कारणले मैले पनि हेर्न पाएँ, आफूलाई भाग्यमानी मानेको छु ।' उनले भने- 'अनमेश हरेक फुटबल प्रतियोगिता हेर्न उत्साहित हुन्थ्यो ।'

यसपालि रसियामा विश्वकप फुटबलको मात्र आकर्षण हुने छैन । त्यसबाहेक २ सय ११ देशका ३२ वटा विद्यार्थी टिमले खेलसमेत प्रदर्शन गर्नेछन् । त्यहाँ उनीहरूबीच टुर्नामेन्ट नै गराइनेछ जुन विश्वकपकै शैलीमा सञ्चालन हुनेछ । विभिन्न प्लानेट र एनिमलका नाममा समूहहरू बाँडिएका छन् । अफ्रिकन इलाफेन्ट टिममा समावेश छन्, नेपाली खेलाडी गिरीश मास्के । यदि उनी घाइते भए भने अनमेशजंग रायमाझीले उनको स्थान लिनेछन् ।

### जो विश्वकप हेरेर फर्किए

धरानका निराजन खड्का सन् २००६ को विश्वकप फुटबल हेर्न जर्मनी पुग्ने भाग्यमानी व्यक्ति हुन् । जेभियर इन्टेरनेसनल कलेजबाट प्लस टु पूरा गरेका खड्का त्यो बेला रोनाल्डोको फ्यान थिए । रोनाल्डोलाई हेर्ने उनको ठूलो सपना थियो तर आँखै अगाडि हेर्न पाउँछु जस्तो लागेको थिएन । युनेस्को वर्ल्ड युथ फेस्टिभल कार्यक्रममा सहभागी हुँदा उनको धोको मेटियो । फोटो खिचाउँन भने पाएनन् । 'रोनाल्डोलाई प्रत्यक्ष हेर्ने रहर त कसलाई नहोला र ? त्यो ऐतिहासिक क्षणको बयान गरेर साध्यै छैन ।' थ्री-स्टार क्लबका क्याप्टेन नीराजन भन्छन्, '९० मिनेट कसरी बित्यो पत्तै भएन ।'

जर्मनीमा आफूले धेरै कुरा सिक्न पाएको नीराजन बताउँछन् । त्यहाँ फुटबलको संस्कृति र माहोल बुझ्न सघाउ पुगेको उनले बताए । विश्वभरीबाट आएका खेलाडीहरूसँग परिचित हुन पाउनु उनका लागि एकदमै नौलो अनुभव थियो । 'विभिन्न देशबाट आएका खेलाडीहरूसँग आ-आफ्नो संस्कृति आदान प्रदान गर्‍यौं,' खड्का भन्छन्- 'व्यवसायिक रूपमा पनि धेरै कुरा सिक्न पाइयो ।' उनी नेपालको झन्डा बोकेर जर्मनी पुगेका थिए । त्यो देखेर धेरै जनाले कुन देशको हो भनेर सोधेका थिए । उनले विस्तृतमा बताए । कतिलाई थाहै रहेनछ ।

सन् २००२ मा दक्षिण कोरिया पुगेका थिए– एन्फाका उपाध्यक्ष किशोर राई । उनका साथमा ९ जना अन्य नेपाली पनि थिए । कोरियाले विश्वकपको भव्य तयारी गरेको थियो । त्यतिबेला मैले ब्राजिललाई समर्थन गरेको थिए । रोनाल्डो मेरा प्रिय खेलाडी थिए । धरानका किशोरले विश्वका चर्चित खेलाडीहरूको खेल आँखै अघि हेर्न पाए । सन् २०१४ मा ब्राजिलसमेत पुगेर दुई-दुईवटा विश्वकप हेर्न पाएका किशोर आफूलाई भाग्यमानि सम्झिन्छन् । उनले ब्राजिल र कोसियाको खेल हेर्न अवसर पाए दोस्रो पटक । त्यतिबेला उनी अर्जेन्टिनाका फ्यान थिए । रंगशालामा बसेर हेर्दा उनले नेयमारको खेल राम्रो लागेको बताए । संस्थागत निम्तोमा राई, इन्द्रमान तुलाधर तथा गणेश चन्द ब्राजिल पुगेका थिए ।

कोकाकोला नेपालले ०७१ मा 'फिफा वर्ल्डकप चान्स टु फ्लाई टु ब्राजिल' नामक क्याम्पेनका ४ जना भाग्यशाली विजेतालाई ब्राजिल पठाएको थियो । ती भाग्यशाली पोखराका शंकर पौडेल, काठमाडौंका टेक बहादुर मल्ल र टंक बहादुर पाण्डे तथा झापाका डिल्ली राईले विश्वकपको क्वाटर फाइनल खेल ब्राजिलमा लाइभ हेर्ने मौका पाएका थिए । चार जना विजेतासँगै कोकाकोलाका क्षेत्रीय सेल्स प्रबन्धक अरुण दत्ता पनि सहभागी थिए । 'फुटबल सबैको खेल हो र कोकाकोला सबैको ड्रिङक । हामीले नेपालीहरूको फुटबल प्रतिको जोस र प्रतिबद्धतालाई अघि बढाउन उक्त क्याम्पेन चलाएका थियौं, -दत्ता भन्छन् ।

## जसले रोनाल्डोलाई आँखै अघि देखे




जीवन सिंकेमन, वर्ष ३२, मध्यपुर ठिमी, भक्तपुर

युनेस्को वर्ल्ड युथ फेस्टिभल कार्यक्रममा सहभागी हुन हामी सन् २००६ मा जर्मनी पुग्यौं । जिटीजेड संस्थामा कार्यरत टिम लिडर थिए– समिर खनाल । हामी जम्मा ७ जना थियौं । सन् २००४ मा एएफसी अन्डर १९ च्याम्पिनसियनसिप क्वालिफाइड राउन्डका विजेताहरूलाई छनौट गरिएको थियो त्यसमा । त्यसमध्ये जर्मनीको राजदूतावासले अन्तर्वार्ता लिएपछि छानिएका हामी ७ जना विश्वकप फुटबलमा सहभागी भयौं । नीराजन खड्का, सन्दीप राई, सन्तोष साउखल, शिशिर अधिकारी, संगीत रजक, मानसजन राजभण्डारी आदि युवाहरू थियौं त्यसमा ।

त्यो बेला म १८ वर्षको थिएँ । भर्खर नोबेल एकेडेमीबाट प्लस टु पूरा गरेको थिएँ मैले । त्यो बेला म धेरै नै उत्साहित थिएँ । अझ लाइभ हेर्ने भनेपछि उत्साह थप भएको थियो । सुरुमा त जान पाउँछु कि पाउँदिनँ निश्चित थिएन । एक-दुई दुई दिनमै परिणाम आयो । समिर खनालले खबर गर्नुभयो । मलाई एकदमै रमाइलो लाग्यो । त्यहाँ गएर हेर्न पाउने भन्ने पनि निश्चित थिएन । सुरुमै त्यसका बारेमा खुलाइएको थिएन । लाइभ नै हेर्न पाइने भन्ने थिएन । युनेस्कोले विश्वकपसँग सहकार्य गरेको रहेछ । त्यही भएर हामीले टिकट पायौं । जर्मनी र पोर्चुगलबीचको खेल हेर्ने अवसर मिल्यो । त्यो ९० मिनेट कसरी बित्यो पत्तै भएन । त्यहाँको वातावरण नै अर्कै थियो । कोही गाएको गायै छन्, कोही हल्ला गरेका गर्‍यै छन्, कोही नाचेका नाच्यै छन्, कोही कसैको नाम लिएर चिच्याइरहेका छन् । रोनाल्डोको खुट्टा छिटो चल्थ्यो । ठम्याउनै सकिन । कति छिटो चल्दो रहेछ । त्यो बेला पनि उनी सुपरस्टार नै थिए । उनले देखाएको क्षमता, प्रदर्शन गरेको खेल अद्भुत थियो । यो क्षण म जीवनमा कहिल्यै भुल्न सक्दिनँ ।

जर्मनी १० दिन बसियो । धेरै रमाइलो भयो । त्यहाँको वातावरण नै अर्कै थियो । स्टेडियम पनि भयंकर थियो । त्यसमा ७० हजार मानिस अटाउँथे । चकित बनायो सुरुमा त । त्यति धेरै दर्शक आउँदा पनि यति राम्रो व्यवस्थापन थियो कि प्रभावित नभैरहन सकिएन । हजारौं मानिस ओहोर-दोहोर गर्दा पनि ठेलमठेल थिएन । कोही हराउने समस्या पनि थिएन ।

## विश्वकपमा नेपाली झन्डा

रूसमै पुगेर केही नेपालीले प्रत्यक्ष विश्वकप फुटबलको मज्जा लिएका छन् । त्यतिमात्र होइन चन्द्र-सूर्य अंकित नेपालको राष्ट्रिय झन्डा रंगशालामै फहराएर विश्वका अर्बौं दर्शकमाझ नेपाललाई चिनाएका छन् । पूर्वाञ्चलको मकालु टेलिभिजनको एउटा टोली प्रत्यक्ष फुटबल हेर्न रूस पुगेको हो । सिइओ दिवस सुवेदी, उपेन्द्र राई, पर्वत राई, मिनकुमार श्रेष्ठ, वीरेन्द्र भगत तथा जेनिश कोइरालासहितको ८ जनाको टोली रूस पुगेर विश्वकप खेलको प्रत्यक्ष मज्जा लिएर फर्किएको छ । उनीहरूले पोर्चुगलविरुद्ध स्पेन, ब्राजिलविरुद्ध स्वीजरल्यान्ड, इङ्ल्यान्डविरुद्ध ट्युनेसिया तथा पोर्चुगलविरुद्ध मोरोक्कोको



खेल प्रत्यक्ष हेरेका थिए । खेलका क्रममा उनीहरूले फहराएको नेपालको राष्ट्रिय झन्डा टेलिभिजन प्रत्यक्ष प्रसारणमा समेत एक्सपोज भएको थियो । 'नेपालको राष्ट्रिय झन्डा हातमा बोकेर विश्वभरबाट ओइरिएका दर्शकसँगै बसेर स्टार फुटवलरहरूको खेल प्रत्यक्ष हेर्न पाउनु दुर्लभ सपना जस्तै लाग्दो रहेछ', प्रेस युनियन मोरङ अध्यक्ष मीनकुमार श्रेष्ठ भन्छन्– त्यसबाट प्राप्त खुसी र आनन्द वर्णन गरेर साध्य छैन । फुटबल हेर्न आउने धेरै विदेशी दर्शककालागि नेपाली झण्डा नै आकर्षणको विषय भएको उल्लेख गर्दै उनले भने- धेरैले हाम्रो झन्डासँग तस्बिर खिचाए । उनीहरू निजी खर्चमा फुटबल हेर्न रूस पुगेका हुन् ।

# विश्वकपको दर्शकदीर्घा

तस्बिरहरू : एजेन्सी







































# महिला दर्शकको ध्यान तान्ने खेलाडीहरू

विश्वकपमा राम्रो खेल्ने खेलाडीहरूको चर्चा सधैं हुन्छ । आकर्षक देखिने खेलाडीहरूले मैदानमा राम्रो प्रदर्शन गरे भने त सुनमा सुगन्ध नै हुने भैहाल्यो । एक्काइसौं संस्करणको यो विश्वकपमा को चम्किन्छ भन्ने विषयमा फुटबलका विश्लेषकदेखि प्रशंसकहरूले पुराना खेलाडीहरूकै नाम दोहोऱ्याइरहेका छन् । यो विश्वकपमा यी खेलाडीहरूको प्रदर्शन कस्तो होला भनेर अहिले नै अनुमान गर्न नसकिए पनि उनीहरूलाई देखेर धेरै महिला प्रशंसकहरूले मन थाम्न सक्दैनन् । यो विश्वकपमा महिला दर्शकहरूले धेरै नै मन पराउन सक्ने केही खेलाडी ।











## म्याट्स ह्युमिल्स

जर्मनीका म्याट्स ह्युमिल्सको आकर्षक व्यक्तित्वलाई देखेरै धेरै पटक ग्ल्यामर म्यागजिनहरूले उनलाई आफ्नो आवरणमा प्रस्तुत गरेका छन् । ६ फिट ४ इन्च अग्ला म्याट्सलाई केही म्यागजिनले मैदान बाहिर आकर्षक पहिरनमा सजिने फुटबलरसमेत घोषित गरेका छन् ।

३२ वर्षीय म्याट्स विवाहित भए पनि उनका धेरै नै महिला प्रशंसक छन् । सन् २०१५ मा क्याथे फिस्चरसँग पारिवारिक जमघटबीच विवाह गरेका म्याट्स ब्रायन म्युनिखवाट डिफेन्डर पोजिसनमा खेल्छन् । म्याट्सकी श्रीमती क्याथे 'मम्मी ब्लग' चलाउँछिन् । गत जनवरी महिनामा पहिलो सन्तान भएपछि उनले अरू आमाहरूलाई सजिलो होस् भनेर उक्त ब्लग सञ्चालनमा ल्याएकी हुन् । प्रतिसाता १ करोड ९७ लाख रुपैयाँ पारिश्रमिक बुझ्ने म्याट्सले उक्त रकमबाट राम्रैसँग घर खर्च चलाइरहेका छन् ।

## जेम्स रोड्रिगेज

कोलम्बियाका २६ वर्षीय फुटबलर जेम्स रोड्रिग्वेजको हाँसोलाई हलिउड स्माइल भनिन्छ । उनको हाँसोकै कारण लाखौं युवती उनको फ्यान भएका छन् । कोलम्बियाकै आकर्षक फुटबलर जेम्स अन्डरवेयरको मोडलिङ गरेपछि उनका महिला प्रशंसकहरूको संख्या ह्वात्तै बढेको छ ।

प्रोफेसन भलिबल खेलाडी ड्यानियला ओस्पिनासँग विवाह गरेका जेम्स ब्रायन म्युनिखबाट वार्षिक ३ अर्ब ४ करोड ५० लाख रुपैयाँ तलब बुझ्छन् । म्यानचेस्टर युनाइटेडमा स्थानान्तर हुने समाचार बाहिरीएपछि धेरै इंग्लिस फ्यानहरू उनको प्रतीक्षामा छन् ।

## रडामेल फाल्काओ

गोल मेसिनको उपनाम पाएका कोलम्बियाका रडामेल फाल्काओका महिला प्रशंसकहरूको संख्या अत्यधिक छ । आकर्षक शरीरका रडामेलले अर्जेन्टिनाकी गायिका लोरेली तारोनसँग विवाह गरेका छन् । श्रीमतीप्रति वफादार मानिने रडामेल हाल एएस मोनाको क्लबमा छन् । कोलम्बियन टिमका कप्तान समेत रहेका रडामेल कोलम्बियन टिममा सर्वाधिक गोल गर्ने खेलाडी मानिन्छन् ।

## ओलिभर गिरोड

इंग्लिस प्रिमियर लिगमा चेल्सीवाट खेल्दा ओलिभरको चर्चा खेलको भन्दा पनि उनको लुक्सको भएको थियो । यही कारणले उनी निकै हैरानसमेत भएका थिए । केही अण्डरवेयर कम्पनीले उनलाई विज्ञापनमा अनुबन्ध गरेपछि उनको स्टाइल र लुक्सलाई डेभिड बेकह्यामसँग तुलना गरियो । स्टाइलिस देखिन रुचाउने ओलिभरले आफूलाई सुहाउँदो हेयर स्टाइल र टाटु बनाएपछि उनको फेसन सेन्सलाई बेकह्यामसँग तुलना गरिएको थियो ।

३१ वर्षीय ओलिभरलाई ह्युगो बोस फ्याग्रेन्सले ब्रान्ड एम्बेसडर बनाएर क्यालेन्डरनै प्रकाशित गरेको थियो । उनलाई सन् २०१५ मा हटेस्ट प्लेयर इन ब्रिटेनको उपाधि पनि दिइएको थियो । इंग्लिस प्रिमियर लिगवाट चर्चा पाए पनि ओलिभर विश्वकपमा भने फ्रेन्च टिमबाट खेल्छन् ।

## क्रिष्टियानो रोनाल्डो

विश्वमा सर्वाधिक महिला प्रशंसक बनाउन सफल खेलाडी क्रिष्टियानो रोनाल्डो नै हुन् भन्दा फरक पर्दैन । मैदानमा गोल मेसिनका रूपमा प्रस्तुत हुने रोनाल्डो क्लबमा मनी मेकिङ हुन् भने मैदान बाहिर फिमेल फ्यान मेकिङ पनि हुन् । मैदान बाहिर धेरै महिलासँग आत्मीय सम्बन्ध गाँसेका रोनाल्डो पिता भएपछि भने उनीसँग जोडिने युवतीहरूको संख्यामा कमी आएको छ । पुरुषले लगाउने अन्डरवेयर सीआर सेभेन ब्रान्डको निर्माता समेत रहेका रोनाल्डोको पछिल्लो प्रेम जर्जिना रोडिग्वेजसँग छ । प्रेमकै अवस्थामा जर्जिना रोनाल्डो मार्फत एक सन्तानकी आमा भैसकेकी छिन् भने रोनाल्डो सरोगेट मदर मार्फत् तिन सन्तानको पिता भैसकेका छन् । सम्भवतः आफ्नो अन्तिम विश्वकप भएका कारण पनि रोनाल्डो यो विश्वकपमा धेरै महिलाको आकर्षणमा छन् ।

# समूह ए मा अब्बल उरुग्वे र रुस

विश्वकप-२०१८ सुरु हुनुअघिसम्म कतिसम्म भनियो भने रूसले आयोजकका रूपमा मात्र विश्व फुटबलको यो सर्वोच्च प्रतियोगिता खेल्न पाएको हो, अन्यथा यो टिमको कुनै सम्भावना छैन । तर सबै खाले आलोचनालाई निस्तेज पार्दै रूस समूह 'ए' बाट नकआउट चरण पुग्न सफल भयो ।

उरुग्वे अपेक्षा अनुसार यो समूहको विजेता रह्यो । अधिकतम ९ अंक पाएको उरुग्वेले लिग चरणको अन्तिम तथा निर्णायक खेलमा रूसलाई ३-० ले पराजित गर्‍यो । उरुग्वेले यसअघि इजिप्ट र साउदी अरेबिया दुवैलाई समान १-० ले हराएको थियो । उरुग्वेले कुनै गोल नखाई विपक्षीमाथि ५ गोल गर्‍यो ।

रूसले सुरुवाती दुई खेलमा साउदी अरेबियालाई ५-० तथा इजिप्टलाई ३-१ ले हराएको थियो । यसपल्टको विश्वकपको उद्घाटन खेलमै रूस सान्दार सुरुवात लिन सफल भयो । रूस इजिप्टमाथि पनि हाबी भयो । प्रतियोगिता सुरु हुनुअघि इजिप्टमाथि धेरैको विश्वास थियो, अफ्रिकाको यो टिमले राम्रो गर्नेछ । यसको कारण टिमका स्टार खेलाडी मोहम्मद सलाह थिए । सलाहले चोटबाट मुक्त हुँदै अन्तिम दुई खेल खेले र आफ्नो उपयोगिता सावित गरे, तर उनको खेललाई सुहाउँदो प्रदर्शन उनको टिमले देखाउन सकेन । एउटा खेलाडीले मात्र टिमका लागि सबथोक गर्न नसक्ने तथ्य यसक्रममा फेरि प्रमाणित भयो । इजिप्टको प्रदर्शन अन्ततः निराशाजनक नै रह्यो ।

लिगको अन्तिम चरणमा इजिप्टसामु साउदी अरेबिया थियो । उक्त खेल दुवै टिमका लागि प्रतिष्ठाको लडाइँ थियो । सुरुवाती दुवै खेल गुमाएर यी दुवै टिम अन्तिम खेल खेल्नुअघि नै प्रतियोगिताबाट बाहिरिसकेका थिए । त्यसमा पनि इजिप्ट फिक्का सावित भयो । साउदी अरेबियाले इजिप्टलाई २-१ ले जित्यो । साउदी टिम पनि उत्तिकै आलोचनाको सिकार भएको थियो, तर अन्तिम खेल जितेर उसले पनि आफ्ना आलोचकहरूलाई उत्तर फर्कायो । साउदी अरेबियाले विश्वकपमासन् १९९४ यता पहिलो जित हात पारेको हो । यसबीच यो टिम १२ खेलमा जितविहीन थियो । घर फर्कंदा साउदी टिमले राहत महसुस गर्नेछ ।



# समूह बि मा स्पेन र पोर्चुगल नै अगाडि

यसपटकको विश्वकपमा स्पेन र पोर्चुगल एउटै समूहमा थिए । यही समीकरणले विश्वकप-२०१८ को समूह 'बी' सबैको आकर्षणमा थियो । पोर्चुगलले दुई वर्षअघि मात्र युरो-२०१६ जितेको थियो । स्पेनले यसअघिका दुई संस्करणको युरो र बीचमा एकपल्ट विश्वकप जितेको थियो ।

लिग चरणमा यिनै दुई टिमबीचको खेल ३-३ को बराबरीमा टुंगियो । लिग चरणको सर्वाधिक उल्लेखनीय र सनसनीपूर्ण खेलमा पर्छ उक्त खेल । त्यही खेलमा क्रिस्टियानो रोनाल्डोले ह्याट्रिक गरेका थिए ।

यो समूहबाट यिनै दुई टिम नकआउट चरण पुग्ने अपेक्षा थियो । आखिर त्यस्तै भयो । स्पेन समूह विजेता रह्यो, पोर्चुगल दोस्रो स्थानमा । दुवैको समान ५-५ अंक । यो समूहका अरु दुई टिम इरान र मोरोक्कोले पनि उल्लेखनीय खेल प्रदर्शन गरे ।

समूहको पहिलो चरणमा यिनै दुई टिम भिडे, इरान र मोरोक्को । त्यसमा इरान आत्मघाती गोलका कारण विजयी भयो, १-० स्कोरमा । लगतै मोरोक्को पोर्चुगलसँग पनि १-० ले पराजित भयो । लगातार दुई खेल गुमाएपछि लिगको अन्तिम चरण अघि नै यो अफ्रिकी टिम बाहिरियो, तर उसले स्पेनविरुद्धको २-२ को बराबरीमा भने प्रशंसनीय खेल खेल्यो ।

इरान भने अर्को खेलमा स्पेनसँग १-० ले पराजित भयो । भलै इरानले यो खेल झिनो अन्तरले गुमायो, तर त्यसमा इरानी खेलाडीको प्रदर्शन पनि प्रभावशाली थियो । इरानले यस्तै खेलको प्रदर्शन पोर्चुगलविरुद्ध पनि गर्‍यो । खेल अघि अनुमान थियो, कतै इरानले रोनाल्डोको टिमलाई स्तब्ध पार्ने त होइन ?

खेलको अन्त्यतिर इरानले पेनाल्टीबाट गोल फर्काएयता निर्णायक गोलको अवसर पाएको थियो, तर भाग्यले साथ दिएन । इरानले त्यो खेल जितेको भए, पोर्चुगल बाहिरिने थियो । पोर्चुगल भने धेरै हदसम्म रोनाल्डोमा निर्भर टिम रह्यो । इरानविरुद्ध उनी पेनाल्टीमा गोल गर्न चुके, नतिजा टिम दबाबमा आयो ।

लिग चरणमा व्यक्तिगत रूपमा सर्वाधिक चम्किएका खेलाडी भने रोनाल्डो नै रहे । रुस आएयता भने रोनाल्डोले जति पनि मौका पाएका छन्, त्यसमध्ये धेरैमा आफ्नो उपयोगिता सावित गरेका छन् । पोर्चुगलको आउँदो यात्रा धेरै हदसम्म उनमै निर्भर हुनेछ ।







# समूह सी मा क्रोएसियाको छायाँमा अर्जेन्टिना



विश्वकप-२०१८ को समूह चरणमा सबैभन्दा उत्कृष्ट प्रदर्शन गर्ने टिम रह्यो– क्रोएसिया । अर्जेन्टिना समेत सम्मिलित यो समूहमा क्रोएसियालाई एउटा टिमका रूपमा प्रतियोगिता अघि कमैले महत्व दिए, तर यही टिमले रूसमा निकै परिष्कृत खेल प्रस्तुत गर्‍यो । क्रोएसिया समूहका तीनै खेल जित्ने अर्को टिम रह्यो । यसक्रममा क्रोएसियाले अर्जेन्टिनामाथि अविश्वसनीय रूपमा ३-० को जित निकालेको थियो ।

क्रोएसियाले पहिलो खेलमा नाइजेरियालाई २-० ले हराएको थियो । आफ्नो अन्तिम खेलमा भने क्रोएसियाले आइसल्यान्डलाई २-१ ले पन्छायो । उक्त खेलमा उसले आफ्ना प्रमुख खेलाडीलाई आराम दिएर नयाँलाई अवसर दिएको थियो ।

ती नयाँ खेलाडीले पनि टिमलाई निराश पारेनन् । लिग चरणको समाप्तीमा क्रोएसियालाई पनि अब यो विश्वकपको राम्रो दावेदार मान्न थालिएको छ । उसलाई छाडेर अरू तीनै टिमको भाग्य भने अन्तिम चरणको खेलबाट मात्र कोरियो र त्यो भाग्यमानी टिम रह्यो, अर्जेन्टिना । लियोनल मेसीको अर्जेन्टिनाले भने प्रतियोगितामा खराब सुरुवात लिएको थियो ।

आइसल्यान्डविरुद्ध उसको पहिलो खेल नै १-१ गोलको बराबरीमा टुंगियो । मेसी त्यसमा पेनाल्टीमा चुके । क्रोएसियाको हातबाट बेहोरेको हारपछि त सबै अर्जेन्टिनाको आलोचना गर्ने क्रममा रहे । मेसी आफ्नो देशका लागि किन खराब खेल्छन् भन्ने प्रश्न पनि उठे, तर उनी जस्ता ठूला खेलाडीले ठूलो खेलका लागि आफ्नो शक्ति संचय गरेका हुन्छन् कि ? मेसीले त्यस्तै गरे नाइजेरियाविरुद्ध, जित रह्यो– २-१ को । अर्जेन्टिना अन्त्यमा चार अंकसहित दोस्रो स्थानमा रह्यो ।

युरो २०१८ मा तहल्का मच्चाएको आइसल्यान्डले यसपटकको विश्वकपमा डेब्यु गरेको थियो । समूहको अंक तालिकाको पुछारमा रहेर पनि आइसल्यान्डलाई आफ्नो घर फर्कदा एक खाले सन्तुष्टि भने हुनेछ । भलै उसको खातामा १ अंक मात्र रह्यो, तर एकपटक फेरि उसले धेरैको मन जितेको छ ।

सुदृढ प्रदर्शन गरेर पनि नकआउट चरण पुग्न असफल रहनु नाइजेरियाका लागि पीडादायक छ । यो अफ्रिकी टिमले क्रोएसिया र अर्जेन्टिना जस्ता शक्तिशाली टिम भएको समूहमा पनि सबैको मन जित्ने खेल प्रदर्शन गर्‍यो ।

नाइजेरिया तीन अंकसहित तेस्रो स्थानमा रह्यो । अर्जेन्टिनाविरुद्धको खेललाई बराबरीमा मात्र टुंग्याएको भए उसले अन्तिम १६ को यात्रा तय गर्ने थियो । दक्षिण अमेरिकी प्रतिद्वन्द्वीविरुद्ध नाइजेरियाले सक्दो खेलेको पनि हो, तर अन्त्यमा नाइजेरियालाई भाग्यले साथ दिएन । इतिहासले के भन्छ भने दक्षिण अमेरिकी टिमविरुद्ध विश्वकपमा खेलेका सबै छ खेलमा नाइजेरिया पराजित रहँदै आएको छ । त्यसमा पाँच खेल त अर्जेन्टिनाविरुद्ध नै थिए ।



# समूह डी मा फ्रान्स र डेनमार्कको आलोचना

विश्वकप-२०१८ मा कुनै समूहको लिग चरण निराशाजनक रूपमा अन्त्य भएको छ भने त्यो हो, समूह 'सी' । अझ भनौं यो अन्त्य विवादास्पद पनि रह्यो । अन्तिम चरणको खेलमध्ये एउटामा फ्रान्स र डेनमार्क थियो, अर्कोमा पेरु र अस्ट्रेलिया । संयोग कस्तो भने पेरु यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको थियो । यस्तोमा अर्को खेलमा बराबरी खेल्दा फ्रान्सलाई पनि फाइदा थियो, डेनमार्कलाई पनि । उनीहरूले त्यस्तै गरे । अझ त्यो पनि ०-० को बराबरी । यो विश्वकप-२०१८ को पहिलो गोलरहित बराबरी खेल पनि हो । यो समूहबाट अघि बढ्ने टिम फ्रान्स र डेनमार्क नै रहे । त्यसमध्ये समूह विजेता रह्यो– फ्रान्स ।

कम्तीमा उसले यो प्रतिष्ठालाई केही हदसम्म कायम राख्यो, कुनै खेल नगुमाई । फ्रान्सले पहिलो खेलमा अस्ट्रेलियालाई २-१ ले हराएयता दोस्रो खेलमा पेरुमाथि १-० को जित निकालेको थियो । डेनमार्कले भने आफ्नो पहिलो खेलमा पेरुलाई १-० ले पन्छाएको थियो । यसरी सुरुआती दुई खेल नै गुमाएपछि दक्षिण अमेरिकी टिम पेरु अन्तिम चरणको खेलअघि नै प्रतियोगिताबाट बाहिरियो ।

धन्न, उसले अन्तिम खेलमा अस्ट्रेलियालाई २-० ले पराजित गरेर आफ्नो इज्जत जोगायो । अस्ट्रेलियाले यो खेल गुमाउनु अघिसम्म उसको नकआउट चरण पुग्ने सम्भावना कायम थियो । एसियाको प्रतिनिधित्व गरिरहेको यो टिमले डेनमार्कसँग १-१ को बराबरी खेलेको थियो ।

अन्तिम चरणको खेलयता फ्रान्स सात अंकले शीर्ष स्थानमा रह्यो भने उसको पछाडि डेनमार्कको ५ अंक रह्यो । लिग चरणको समाप्तिमा यी दुवै टिमको आलोचना गर्नेहरू पनि निस्किए । फ्रान्स तीनै खेलमा अपराजित त रह्यो, तर टिम वास्तविक लयमा आउन बाँकी नै छ भन्ने पनि देखियो ।

डेसक्याम्पले पनि यो तथ्य स्वीकार गरे, तर उनको भनाइ थियो, 'टिमका लागि सबैभन्दा महत्त्वपूर्ण लक्ष्य समूह विजेताका रूपमा नकआउट चरण पुग्नु नै थियो ।' हुन पनि यो काम पूरा भएको छ, तर फ्रान्सका प्रशंसक खासै खुसी हुन सकेनन् ।

डेनमार्क प्रभावशाली ढंगले यो टिम अघि बढ्ने विश्वास गरिएको थियो, त्यसो हुन सकेन । अस्ट्रेलियाका लागि भने यसपटकको विश्वकप निराशाजनक रह्यो । उसले सुरुआती दुई खेलमा राम्रो प्रदर्शन गरेको थियो । फ्रान्स र डेनमार्कविरुद्धका ती खेलमा अस्ट्रेलियाले उत्कृष्ट प्रदर्शन गरेको थियो । यस्तोमा अन्तिम खेल अघिसम्म पनि उसको सम्भावना जीवन्त थियो, तर अन्त्यमा भाग्यले साथ थिएन् । एउटा अर्को एसियाली देश समूहको पुछारमा रहन बाध्य रह्यो । पेरु पनि अन्त्यको सान्त्वना जितमा धेरै खुसी हुने छैन । अब अन्तिम १६ मा फ्रान्सले अर्जेन्टिनाको सामना गर्नेछ भने डेनमार्कको प्रतिद्वन्द्वी हुनेछ– क्रोएसिया ।




## कसकी श्रीमती हट ?

एक रूसी वेबसाइटले आफ्नो देशका फुटबल खेलाडीका श्रीमतीहरूमध्ये को सर्वाधिक हट र सेक्सी छन् भनेर अनलाइन सर्वेक्षण गरिरहेको छ । हालसम्मको सर्वेक्षणअनुसार चेल्सीका पूर्व खेलाडी युरी भिरकोभकी २८ वर्षीया श्रीमती इना भिरकोभा पहिलो नम्बरमा छिन् । उनलाई दोस्रो नम्बरमा रहेर गोलकिपर इगोर अकिनफिभकी ३१ वर्षीया श्रीमती क्याटेरिना गेरुनले पछ्याइरहेकी छिन् । क्याटेरिना मोडल तथा कलाकारका साथै रसायनशास्त्री पनि हुन् । तेस्रो नम्बरमा डिफेन्डर भ्यासिलीकी ३२ वर्षीया श्रीमती ओल्गा बेरेजुट्सकाया छिन् । उनी स्वीमिङ च्याम्पियन तथा ब्यालेट कोरियोग्राफर हुन् । सर्वेक्षणमा फुटबल खेलाडीका १९ जना श्रीमती सामेल छन् ।




## यौनकर्मीमाथि कडाइ

विश्वकपका दौरान लाखौं विदेशी रूस आउँदा त्यहाँका यौनकर्मी मात्र कसरी चुप लागेर बस्छन् र ? त्यसै पनि रूसमा वेश्यावृत्तिको समस्या चर्को छ । गैरकानुनी भए पनि रूसमा खुला रूपमा वेश्यावृत्ति हुन्छ । यसमा प्रहरीले पनि कडाइ गर्ने गरेको छैन, तर विश्वकपका दौरान भने रूसी प्रहरी यौनकर्मीहरूमाथि कडा रूपमा प्रस्तुत भैरहेको छ, किनभने रूसी सरकार चाहन्छ, पाहुनालाई कुनै प्रकारको असुरक्षा नहोस् । विदेशी मिडियासँग कुराकानी गर्दै केही यौनकर्मीले विश्वकपका दौरान आफूहरू आक्रामक रूपमा प्रस्तुत नहुने बताएका छन् ।

## अमान्डालाई चढ्यो रङ




रियालिटी शो ब्रिटेन गट ट्यालेन्टकी जज अमान्डा होल्डनलाई पनि विश्वकपको ज्वरो चढेको छ । उनले विश्वकपको एक डमीका साथ बेलायती फुटबल टिमको जर्सी लगाएर तस्बिर खिचाई त्यसलाई सोसल साइटमा सेयर गरेकी छिन् । ४७ वर्षको उमेरमा पनि फिट देखिने अमान्डा फुटबलको ठूलो प्रशंसक हुन् । अमान्डालाई इंग्ल्यान्डले विश्वकप जित्ने कुरामा पूर्ण भरोसा छ । केही दिन पहिले उनले फेसन आइकन भिक्टोरिया बेकहृयामको जस्तै पोजमा तस्बिर खिचाएकी थिइन् । उक्त तस्बिरको पनि निकै प्रशंसा भएको थियो ।



## दर्शकले चुम्बन गरेपछि

एक दर्शकले महिला खेल पत्रकारलाई चुम्बन गर्ने प्रयास गरेको भिडियो क्लिप अहिले सामाजिक सञ्जालहरूमा भाइरल भैरहेको छ । ब्राजिलीयन टिभी ग्लोबलका लागि जुलिया गुइमारेस यकटेरिनबर्गमा लाइभ समाचार प्रसारण गरिरहेकी थिइन्, तर बीचमै एक दर्शकले उनलाई गालामा चुम्बन गर्ने प्रयास गरे । त्यसको प्रतिक्रियामा जुलियाले उनलाई धकेलिन र गाली गरिन् । त्यो पनि लाइभ प्रसारणमै । जुलियाको भनाइ थियो, 'यस्तो काम फेरि बिर्सेर पनि नगर । महिलाको अनुमतिबिना उनलाई चुम्बन गर्ने प्रयास नगर । यो राम्रो काम होइन । बरु महिलालाई सम्मान गर्न सिक ।' जुलियाको यो बहादुरी धेरैले मन पराएका छन् र उनको प्रशंसा गर्न थालेका छन् ।

## विश्वकप हेर्न नपाएपछि आन्दोलन



अर्जेन्टिनाको राजधानी ब्युनर्स आयर्सभन्दा ८ सय माइल टाढा छ, प्युर्टो मार्डिन जेल । हालै त्यहाँका कैदीले आन्दोलन गरेका छन् र उनीहरूको माग पनि सामान्य तथा उत्तिकै जायज छ । उनीहरूको माग छ– विश्वकपका खेल टेलिभिजनमा प्रत्यक्ष हेर्न पाइयोस् । खासमा जेलमा टेलिभिजन नभएको पनि होइन, तर विश्वकप भैरहँदा त्यहाँको केवल लाइनमा गडबडी आयो र त्यसलाई तुरुन्तै बनाउन सकिएन । यसले कैदीहरू हुनसम्म रिसाए । यो स्वभाविक पनि हो, किनभने अर्जेन्टिनामा फुटबल निकै लोकप्रिय छ । केही कैदीले आफ्नो मानव अधिकार तथा मौलिक हक हनन भयो भनेर मुद्दा हाल्ने योजनासमेत बनाएका छन् ।




## सबैभन्दा कान्छा खेलाडी

इजिप्टका लागि गोलरक्षक इसाम अल हादरीले यो विश्वकपमा सबैभन्दा बढी उमेरमा विश्व फुटबलको सर्वोच्च प्रतियोगिता खेलेको कीर्तिमान बनाए । यस्तोमा प्रश्न उठ्छ, यसपटक रूसमा भैरहेको विश्वकपमा सबैभन्दा कान्छा खेलाडी को हुन् त ? यसको उत्तर हो, अस्ट्रेलियाली फुटबलर ड्यानिएल अरजानी । १९ वर्षीय अरजानी अस्ट्रेलियाका लागि मैदानमा पनि उत्रिए । एटायकिड-मिडफिल्डमा खेल्ने अरजानी खासमा इरानी मूलका हुन् । आफ्नो परिवारसँगै उनी सानो उमेरमै अस्ट्रेलिया पुगेका थिए । अहिले उनलाई त्यहाँको फुटबलको भविष्यको स्टार मानिएको छ । रमाइलो के भने उनी पर्सियन भाषा पनि उत्तिकै मज्जाले बोल्छन्, जति अंग्रेजी ।



## मनोबल बढाउन तस्बिर सेयर

स्पेनिस टिमका डिफेन्डर रहिमको मनोबल बढाउन उनकी गर्लफ्रेन्ड पेजेले एउटा तस्बिर इन्स्टाग्राममा सेयर गरेकी छिन् । उक्त तस्बिरमा दुवै जना एकसाथ उभिएका छन् । एक छोराकी आमा पेजे र रहिमबीच राम्रो सम्बन्ध थिएन । गत वर्ष रहिम १८ वर्षीया एलिस वाग्स्टाफसँग होलिडे ट्रिप मनाइरहेको अवस्थामा देखिएका थिए । यद्यपि अहिले एलिस र पेजे बीच सम्बन्ध राम्रो भएको र पेजेको मनोबल बढाउने मान्यताका साथ पेजेले यो तस्बिर सार्वजनिक गरेको बताइएको छ । रहिम र पेजे दुवै बाल्यकालदेखिका साथी हुन् ।



## समर्थकको राम्रो काम

फुटबलमा समर्थकहरू उपद्रो कामका लागि मात्र बदनाम हुँदैनन्, बरु राम्रो कामका लागि प्रसंसा बुटल्ने पनि हुन्छन् । यस्तै समर्थकमा पर्छन, जापान र सेनेगलका प्रशंसकहरू । हालै मात्र यी दुई टिमबीच एकटेरिनबर्गमा प्रतिस्पर्धा भएको थियो । खेल सकिएको लामो समयसम्म पनि दुवै टिमका समर्थक रंशाशालामै रहे । विदेशी मिडियाका लागि यो कौतूहलताको विषय थियो । खासमा ती समर्थक रंगशाला सफा गरिरहेका थिए, आफूले गरेको फोहोरको व्यवस्थापन गरिरहेका थिए । यो संस्कृति देखेर को मात्र प्रभावित नरही बस्न सक्छ र ? अझ सेनेगलका समर्थकको दाबी के छ भने उनीहरूको देशमा दर्शकले नै रंगशाला सफा गर्ने चलन पुरानै हो ।

## यो साताका खेलहरू

| | | | |
|---|---|---|---|
| असार १६ गते साँझ ७:४५ बजे | | खेल नं. ४९ फ्रान्स विरुद्ध अर्जेन्टिना | |
| असार १६ गते राति ११:४५ बजे | | खेल नं. ५० उरुग्वे विरुद्ध पोर्चुगल | |
| असार १७ गते साँझ ७:४५ बजे | | खेल नं. ५१ स्पेन विरुद्ध रसिया | |
| असार १७ गते राति ११:४५ बजे | | खेल नं. ५२ क्रोयसिया विरुद्ध डेनमार्क | |
| असार १८ गते साँझ ७:४५ बजे | | खेल नं. ५३ विजेता ई विरुद्ध उपविजेता एफ | |
| असार १८ गते राति ११:४५ बजे | | खेल नं. ५४ विजेता जी विरुद्ध उपविजेता एच | |
| असार १९ गते साँझ ७:४५ बजे | | खेल नं. ५५ विजेता एफ विरुद्ध उपविजेता ई | |
| असार १९ गते राति ११:४५ बजे | | खेल नं. ५६ विजेता एच विरुद्ध उपविजेता जी | |

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार १५ गते
राष्ट्रिय धान दिवस
दही-चिउरा खाने दिन

असार १८ गते
विश्व खेलकुद पत्रकार दिवस

## मेष

जिम्मेवार रूपमा व्यवहार गरे स्वत: काम बन्नेछ। आम्दानी हुने व्यवसाय सञ्चालन गर्न पारिवारिक मत मिल्नेछ। सुनौलो रंगको अनुसरणले थप ऊर्जा मिल्न सक्छ। गहिरो अध्ययनले ज्ञानको दायरा बढाउन मद्दत गर्नेछ। सामाजिक हैसियत कायम राख्न जीवनशैलीमा परिवर्तन ल्याउनुपर्नेछ।

## वृष

यात्रामा आर्थिक तथा मानसिक तनावको सामना गर्नुपर्ने हुनसक्छ। मान्यजनको सुझाव पालना गर्दा सकारात्मक बाटो पहिल्याउन सहज हुनेछ। भविष्यका निम्ति दिगो जग बसाउने कार्य सञ्चालन गर्ने अवसर जुट्न सक्छ। भोजभतेरमा विशिष्ट व्यक्तिहरूसँग परिचित हुने अवसर जुर्नेछ।

## मिथुन

प्रतिस्पर्धीहरूले छवि बिगार्ने प्रयास गरे पनि परिणाम आफ्नै पोल्टामा हुनेछ। अध्ययनका निम्ति देखिएको दोधारे प्रवृत्ति स्वत: निष्क्रिय हुनेछ। मनमा उत्पन्न सकारात्मक विचारले नौलो प्राविधिक इलमतर्फ आकर्षित गर्नेछ। नयाँ मित्रबाट अपेक्षाभन्दा बढी ज्ञान आर्जन गरी लाभ लिन सकिनेछ।

## कर्कट

अपेक्षाअनुरूपको सफलता हात पार्न थप मेहनतको आवश्यकता छ। यथार्थतालाई आत्मसात् गर्दा आर्थिक क्षतिबाट उम्कन सहज हुनेछ। बुद्धिको सहायताले जटिल परिस्थितिको सामाना गर्न सकिनेछ। अर्काको देखासिकी गरी पहुँच तथा क्षमताले नभ्याउने काममा समय खर्चिंदा पछि परिएला।

## सिंह

चासो नभएको विषयमा सरोकार राख्दा दु:ख पाइनेछ। रोकिएका कार्यमा दोहोऱ्याएर प्रयत्न गर्दा सफलता हात पर्नेछ। पढाइ-लेखाइमा त्यति ध्यान दिन नसकिएला। सोमबारदेखि कतिपय बाधा स्वत: हट्नेछन्। बलजफ्तीले काम बिग्रनेछ भने गल्ती सच्याउने प्रतिबद्धताले गुमेको प्रतिष्ठा फर्काउनेछ।

## कन्या

मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउनुका साथै आर्थिक अभावको अवस्था स्वत: दूर हुनेछ। सोमबारपछि टाढिएका आफन्तजनसँग भेटघाट होला। करियरका लागि आत्मीय मित्रहरूसँग सुझाव लिनुपर्नेछ। भोज-भतेरमा पुराना मित्रहरूसँगको भेटले राम्रै मनोरञ्जन प्रदान गर्नेछ।

## तुला

आफूभित्रको भय उत्साहमा परिवर्तन भै समाजसेवातर्फ आकर्षित भइनेछ। लामो समयसम्म रोकिएका काम स्वत: फुकुवा हुनेछन्। प्रतिस्पर्धामा इनाम तथा सम्मानजनक स्थान प्राप्त हुनेछ। सेतो रंगको रचनात्मक प्रयोगले लाभ पुग्ने देखिन्छ। सवारी चलाउँदा विशेष ध्यान दिनुहोला।

## वृश्चिक

आफ्नो कार्य दक्षताको चौतर्फी प्रशंसा हुनेछ। चुरो कुरा पत्ता लगाई असहज परिस्थितिको सामना गर्न सकिनेछ। लगनशीलताले विविध अवसर जुटाउनेछ। मन मिल्ने साथीको सुझावमा मात्र विश्वास गरे पछि परिएला। साताको अन्त्यमा स्वास्थ्यमा असहजता महसुस हुन सक्छ।

## धनु

विपन्नहरूसँग सहयोगीको भूमिका निर्वाह गरेर आफ्नो परिचय फराकिलो बनाउन सकिनेछ। नयाँ क्षेत्रमा लगानी गर्ने अवसर प्राप्त हुनेछ। उपहारका साथ भेट्न आउनेहरूसँग सावधानी अपनाउनुहोला। बोलीमा थप प्रभाव पार्न पहेंलो रंगको अनुसरण लाभदायक सावित हुनसक्छ।

## मकर

व्यवसायमा अपेक्षाकृत सफलता हात पार्न केही समय कुर्नुपर्नेछ। साथीहरूले समस्याको गाँठो फुकाउन सहयोग गर्नेछन्। प्रेमी-प्रेमिकासँगको भेटघाट अविस्मरणीय हुनेछ। खानपान तथा मनोरञ्जनमा संयमित रहनु नै उपयुक्त हुन्छ। मौसम प्रतिकूल हुँदा स्वास्थ्यमा ध्यान दिनुहोला।

## कुम्भ

नयाँ रोजगारी हात पार्न बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन सक्छ। समयलाई बेवास्ता गर्दा पछि परिनेछ। परिवारका सदस्यहरूबीच मत नमिल्दा सानातिना झन्झट आइलाग्न सक्छन्। सेतो रंगको अवलम्बनले समस्या पहिचान गर्न सहज बनाउनेछ।

## मीन

इच्छा-आकांक्षा तीव्र गतिमा बढेको अवस्था छ। आशा मारेको व्यवसायले उत्साह जगाउनेछ। मन मिल्ने साथीको स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ। बुधबारपछिका दिनमा भोज-भतेरमा सहभागी हुन पाइनेछ। हठ गर्ने स्वभावका कारण मन पराउनेहरूसँग खटपट उत्पन्न हुनसक्छ।

**अब हाम्रो पालो**

# विश्वकप फुटबलमा कत्तिको बाजी राख्दै हुनुहुन्छ ?

आफूसँग पैसा भए पो बाजी राख्नु।

**मर्लेस चन्द**

डुबाएको त जर्मनीले हो। अरूले त जिताएकै छन्।

**डेनिस**

प्रहरीले बाजी राख्न दिँदैन्। राखियो भने पक्राउ परिन्छ।

**पंकज कर्ण**

भो कुरै नगरौं, लगभग प्रत्येक पटक हारियो होला।

**किशोर रियाज**

मैले २५ हजार रुपैयाँ बाजी राखेको अति राम्रो भयो। बाजिको पैसा भन्दा पनि आफूले सपोर्ट गरेको टिमले जित्यो भने मजा आउँदो रहेछ।

**गायत्री अधिकारी**

आफूले खेल्दा मात्र बाजी राखिन्छ। आफ्नो बाहेक अरूको त मलाई भर नै लाग्दैन भन्या।


**रोशन खतिवडा**

घरमा माड लगाउन पैसो छैन। यता फुटबल र के-के रे ?

**फुच्ची साना**

म यस्ता कुरामा विश्वास गर्दिन र, बाजी पनि राख्दिनँ।

**लोकेन्द्र कठायत**




एक करोड जतिको बाजी राखौं भनेको ९९ लाख ९९ हजार ९ सय ९९ मात्र अपुग भो, लौन सहयोग पाउँ।

**सुरेश न्यौपाने**

म त प्रत्येक खेलमा बाजी राख्छु।

**लामा प्रिन्स गौरब**

मलाई बाजी राखेर जेल जानु छैन।

**सुमित ढकाल**

१ लाखको बाजी राख्न तयार छु। विश्वकप फुटबल ब्राजिलले जित्छ। कोही भए आउनुहोला।

**नरेन्द्रसिंह दहित**

मैले त राखेको छैन।

**खुसीराम दहित**

मैले त घरमै बाजी राख्ने गरेको छु।

**राजन तिमिल्सिना**

म बाजी राख्छु तर सधैं अर्कैले जित्छ।

**नवीन सापकोटा**

म यस्तो बाजी र जुवा-तासमा लाग्दिन।

**पीडित निशान**

एक हजार रुपैयाँसम्म राखेकी छु।

**गीता गुरुङ**

बाजी चैं होइन बाझी राख्नु पऱ्या छ, आफ्नैसँग।

**नवीन संकल्प**

मैले ५ सय रुपैयाँसम्मको बाजी राखेकी छु।

**पूजा**

एक रुपैयाँ पनि बाजी लगाउँदिन म त।

**एचबी जिसी**

हामी जुवाडे हौं र बाजी राख्नलाई ?

**उमेश सिग्देल**

अहिले त हरेक दिनजसो बाजी राख्न थालेको छु, तर हल्का फुल्का।

**देवेन्द्र कोइराला**

राखेको छैन, अब राख्ने सोचमा छु।

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. तपाईंको राशिफल कत्तिको मिल्छ ?

**पेशल बराल**

१ सय, ५ सय रुपैयाँ राख्दैछु अहिले त।

**ईश्वर सापकोटा**

यसपालि त मैले बाजी हार्नुपरिरहेको छ।

**श्याम राजवंशी**

विश्वकप रसियामा हुँदैछ। नेपालमा उफ्रेर के फाइदा ? ट्रफी एउटाले लान्छ। नेपालकालाई तातो न छारो।

**फुच्ची साना**

म त दिनकै बाजी लगाउँछु त्यो पनि दुई ठाउँमा,

पहिलो :

भाइबरमा मिलायो भने १ डलर दिन्छ, जसले नेपाल फोन गर्न मिल्यो, नमिलाए केही तिर्नु पर्दैन।

अर्को बूढीसँग :

जसले मिलाउँछ उसले खाना पकाउन नपर्ने तर भाइबरमा ५ डलर जिते पनि बूढीसँग भने १५ दिन बिहान र साँझ भात पकाउने गरी हारें।

**प्रमोद गौतम**

हारेको पैसा तिर्दिने हो र ?

**सरिफ केटा**

पैसा तपाईंले तिरिदिने हो कि क्या हो ?

**महेश सापकोटा**

मलाई त फुटबलमा खासै रुचि छैन।

**दीप कार्की**

फेसबुक कमेन्टमा दऱ्हो बाजी राखिएको छ। बाँकी साप्ताहिकसँग बाजी राख्न मन छ।

**नविन पन्त**

एउटीसँग राखेको थिए, जिते तिमी मेरो, हारें म तिम्रो भनेर।

**मिनेस राजभण्डारी**

घर नै बाजी राखेको छु। के होला ? मैले जित्छु कि हार्छु होला ?

**राजन तिमिल्सिना**

गरिबका छोराहरूले के बाजी राख्नु ? हेर्छु अनि त्यसमै चित्त बुझाउँछु।

**गणेश दंगाल**

किन र ? म त भन्दिन है।

**मनोहर थापा**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भट्टा



म ५० वर्षीय पुरुष हुँ । मलाई २०५५ सालदेखि प्रेसर तथा २०६३ सालदेखि सुगर छ । हालसम्म नियमित औषधि सेवन गरिरहेको छु । एक वर्षयता मलाई यौनसम्पर्क गर्न मन लाग्छ र त्यसका लागि कुनै समस्या पनि छैन जस्तो लाग्छ । यद्यपि यौन सम्पर्कका बेला मेरो लिंग लुलो हुन्छ । पहिले जस्तो दह्रो हुँदैन । सुगर तथा प्रेसरका कारणले भनौं भने त्यतिका वर्षसम्म समस्या आएन, अहिले १ वर्षदेखि यो समस्या देखा परिरहेको छ । म अरु बिरामी छैन । मेरो यो समस्या समाधानको उपाय के होला ?

एम.



> मधुमेह भएका व्यक्तिमा अन्य कतिपय कारणले पनि यौन जीवनमा नकारात्मक असर परेको हुनसक्छ, जस्तै– उच्च रक्तचापको समस्या, जसले पनि रक्तनसामा हानि पुऱ्याउँछ । त्यसैगरी खराब किसिमको कोलेस्टेरोलको मात्रा बढी भएको हुन सक्छ, जसले रक्तनसालाई साँघुरो बनाउन सक्छ । जीवनशैलीको कुरा गर्ने हो भने पनि मधुमेह भएका कतिपय व्यक्तिले धूमपान गर्ने, खानामा परहेज नगर्ने हुन सक्छ ।

### उच्च रक्तचाप तथा लिंग उत्तेजनको समस्या

तपाईंले प्रेसर भनेर उच्च रक्तचापको कुरा गर्नुभएको हुनुपर्छ । उच्च रक्तचापमा विभिन्न किसिमले लिंगको उत्तेजनामा समस्या सिर्जना हुन सक्छ । उच्च रक्तचाप भएका व्यक्तिको लिंगमा रगत लाने रक्तनसा जसरी लचिलो भएर खुल्नुपर्ने हो खुल्दैन, जसले गर्दा लिंगमा आवश्यक रूपमा रक्तप्रवाह नहुँदा लिंगमा दह्रोपन आउँदैन । उच्च रक्तचाप भएका कतिपय व्यक्तिको टेस्टेस्टेरोन हार्मोनको मात्रा कम हुन सक्छ र त्यसको प्रभाव पनि यौन उत्तेजनामा पर्न सक्छ । पर्याप्त यौन उत्तेजना नहुँदा लिंग दह्रो नहुन सक्छ । उच्च रक्तचापका साथै यसको उपचारका लागि प्रयोग गरिने औषधिको नकारात्मक असरले पनि लिंगको दह्रोपनमा नकारात्मक प्रभाव पार्न सक्छ । रक्तचापको उपचारमा दिइने पिसाब लगाउने औषधिले लिंगमा हुने रक्त प्रवाहलाई प्रभावित तुल्याउँछ । त्यसैगरी बिटा ब्लकर समूहका औषधिले पनि लिंगमा उत्तेजना गराउने स्नायुलाई नै प्रभावित तुल्याउँछन्, जसले लिंगको दह्रोपनमा नकारात्मक असर पर्छ ।

### मधुमेहले कस्तो प्रभाव पार्छ ?

तपाईंले आफूलाई सुगर भएको भनेर पक्कै मधुमेहको कुरा गर्नुभएको हुनुपर्छ । सजिलो भाषामा भन्नुपर्दा मधुमेह भएका व्यक्तिको रगतमा चिनी (ग्लुकोज) को मात्रा बढी हुन्छ । तपाईंले यतिका वर्ष भए पनि मधुमेहलाई नियन्त्रणमै राख्नुभएको होला भन्ने आशा गर्छु । रगतमा चिनीको मात्रा नियन्त्रण भएन भने अनेकौं समस्या देखा पर्न सक्छन् ।

लामो समयसम्म अनियन्त्रित रूपमा चिनीको मात्रा बढी भैरहे त्यसले रक्तनसा अनि स्नायुलाई समेत हानि पुऱ्याउँछ । पछि गएर यसको प्रभाव यौन उत्तेजना, योनि रसाउने वा लिंग उत्तेजनमा पर्छ । लिंगमा रगत भरिन ठीक समयमा नाइट्रिक एसिड नामको रसायन निस्कन्छ, जसले रक्तनसाका मांसपेशीलाई खुकुलो हुन रसायनिक सन्देश वाहकका रूपमा काम गर्छ । मधुमेहका कारणले रक्तनसा वा स्नायुमा खराबी आउँदा त्यसले राम्रोसँग कार्य गर्न सक्दैन । यी कारणले लिंग जति दह्रो हुनुपर्थ्यो, नहुन सक्छ ।

त्यसबाहेक मधुमेह भएका व्यक्तिमा अन्य कतिपय कारणले पनि यौन जीवनमा नकारात्मक असर परेको हुनसक्छ, जस्तै– उच्च रक्तचापको समस्या, जसले पनि रक्तनसामा हानि पुऱ्याउँछ । त्यसैगरी खराब किसिमको कोलेस्टेरोलको मात्रा बढी भएको हुन सक्छ, जसले रक्तनसालाई साँघुरो बनाउन सक्छ । जीवनशैलीको कुरा गर्ने हो भने पनि मधुमेह भएका कतिपय व्यक्तिले धूमपान गर्ने, खानामा परहेज नगर्ने हुन सक्छ । धूमपानले स-साना रक्तनसामा रगतको प्रवाह कम गर्छ । अनियन्त्रित रूपमा चिनीको मात्रा कम वा बढी हुँदा थकाइ लागेजस्तो हुने वा जाँगर वा स्फूर्ति नहुने स्थिति हुन्छ, जसले यौन क्रियाकलापमा संलग्न हुने कुरामा नकारात्मक असर पार्छ । त्यसबाहेक मधुमेह भएको व्यक्तिमा आफ्नो स्वास्थ्यका सम्बन्धमा नकारात्मक भावना हुनसक्छ । कतिपयले चाहेर पनि आफ्नो जीवनशैली परिवर्तन गर्न सकेका हुँदैनन् वा तौलको उचित व्यवस्था गर्न सकेका हुँदैनन् । यस्तो हुँदा उसको आत्मसम्मानमै धक्का पुगेको हुन सक्छ, जसले मधुमेह भएका व्यक्तिको यौनेच्छा वा यौन लगावमा नकारात्मक असर पारिरहेका हुनसक्छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

### उमेरका कारणले पुरुषमा देखिने परिवर्तन

उमेर बढ्दै जाँदा युवावस्था सरह यौन क्रियाकलापलमा संलग्न हुन नसक्ने स्थिति सिर्जना हुन सक्छ । एजिङ (Aging) अर्थात् समयको गतिसँगै उमेर बढ्नु र त्यसका साथै शरीर अनि यसको कार्य सम्पादन क्षमता परिवर्तन हुनु एक सामान्य तथा निरन्तर भैरहने प्रक्रिया हो । यसको प्रभाव हाम्रो शरीरका सबै अङ्गप्रत्यङ्ग तथा कार्य सक्षमतामा देखिन्छ । त्यस क्रममा यौनसम्बन्धी कुरासमेत प्रभावित हुने नै भयो । पुरुषमा देखिने केही मुख्य परिवर्तन :

- यौन सम्पर्क गर्दा-गर्दै लिंगमा भएको उत्तेजना हराउन अर्थात् शिथिल हुने क्रम बढ्न सक्छ । लिंग उत्तेजित हुन धेरै समय तथा मेहनत लाग्ने हुन सक्छ ।
- चरमसुखको स्थितिमा पुग्दा पहिलेजस्तो वीर्य स्खलन नहुन सक्छ । वीर्य स्खलन नै नहुने वा थोरै हुने हुन सक्छ । पौरुष ग्रन्थि तथा अन्य अवयवमा आएको परिवर्तनका कारण यस्तो भएको पाइन्छ ।
- पहिलेको तुलनामा यौन चाहनाको तीव्रतामा कमी आउन सक्छ । तुलनात्मक रूपमा एकपटक चरमसुख पाइसकेपछि फेरि लिंग उत्तेजित हुन बढी समय लाग्न सक्छ ।
- लिंग उत्तेजित गर्न तथा चरमसुखसम्म पुग्न बढी समय लाग्न सक्छ, त्यसैले यौनसम्पर्कको समय बढ्छ । उत्तेजित नै भए पनि युवा अवस्थाको तुलनामा जस्तो कडा नहुन सक्छ ।
- वीर्य स्खलन युवावस्थाको जस्तो बेस्सरी ननिस्कन सक्छ र वीर्यको मात्रा पनि कम हुन सक्छ ।

### समाधान

सर्वप्रथमत: उच्च रक्तचाप तथा मधुमेहलाई नियन्त्रणमा राख्नुपर्छ । यसो गर्दा त्यसका प्रभावलाई न्यूनीकरण गर्न सकिन्छ, तैपनि लामो समयसम्म यी कुरा भएकाले त्यसको असर त परेन भनेर पक्का गर्न चिकित्सकबाट जाँच गराउनुहोस् । कतै तपाईंले प्रयोग गरिरहनुभएको औषधिको प्रभाव त होइन भनेर नलजाई चिकित्सकसँग सोध्नुहोस्, उहाँले अर्को औषधि दिन सक्नुहुन्छ ।

बढ्दो उमेरका कारण पनि यौन सक्षमतामा नकारात्मक असर पर्न सक्छ, तसर्थ अव्यवहारिक अपेक्षा राख्नु मनासिव हुँदैन । युवा अवस्थामा जस्तै कार्य सक्षमता नरहन सक्छ । तनाव, चिन्ता वा भय कम गर्न सक्नुपर्छ । सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा मिल्छ । आवश्यकताभन्दा बढी पिर गर्दा समस्या थप बल्झिन सक्छ ।

## महिला स्वास्थ्य



म ३१ वर्षीय विवाहित महिला हुँ । हाम्रो विवाह भएको पाँच वर्ष भयो । हाम्रा कुनै सन्तान छैनन् । सन्तानको रहर भएकाले हामीले परीक्षण पनि गरायौं, तर चिकित्सकले श्रीमान्को शुक्रकीट कम छ भन्नुभयो । के शुक्रकीट बढाउने कुनै औषधि छ ? अब के गरे हामी सन्तान जन्माउन सक्षम हुन्छौं ?

ए.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

सामान्यत: परिवार नियोजनका साधन प्रयोग नगरी श्रीमान्सँग लगातार दुई वर्ष बस्दा वा नियमित (हप्तामा ३ पटक वा बढी) यौनसम्पर्क गरेको अवस्थामा ८० प्रतिशत दम्पतीमा गर्भ रहन्छ, अर्थात् २० प्रतिशतमा मात्र गर्भ नरहन सक्छ । गर्भ नरहनुको कारण महिला, पुरुष वा दुवै हुन सक्छन् । तपाईंले आफ्नो श्रीमान्को शुक्रकीट कम छ त भन्नुभएको छ, तर कति कम छ पत्रमा उल्लेख छैन । अहिले बजारमा उपलब्ध केही औषधिले शुक्रकिटको संख्या तथा चालमा केही वृद्धि गरेको पाइन्छ । यस्ता औषधिको असर देखा पर्न तीन महिना वा त्यसभन्दा बढी लाग्न सक्छ, तर यस्ता औषधि चिकित्सकको परामर्शमा मात्र सेवन गर्नुपर्ने हुन्छ । विवाहको पाँच वर्ष भैसकेको र उमेर पनि ३० पुगिसकेका कारण सचेत हुँदै राम्रो नि:सन्तान केन्द्रमा सम्पर्क गर्नुहुन सुझाव दिन्छु ।




समय सन्दर्भ

# विश्वकपको फिभर



अधिकारी रवीन्द्र, बनेपा

हरेक व्यक्तिमा केही न केही कुराको रस पसेकै हुन्छ । फुटबलको रस त झन् धेरैमा अलि गढेरै पसेको हुन्छ । खेलाडीहरूलाई खेलप्रति विशेष दिलचस्पी त हुने नै भयो, त्यसका डाई-हर्ट फ्यानहरूलाई पनि प्रत्येक वर्ष बाह्रै मास कुन कपमा कुन टिमले कति गोल हान्यो भनेर दिनरात पिरलो हुन्छ । एकछिन कुरा गर्नासाथ त्यस्ता फ्यानहरू फुटबलतिरै कुरा मोड्छन् अनि फुटबलका बारेमा बात मार्न पाए घण्टौं बितेको चाल पाउँदैनन् । खेल खेल्न वा हेर्न त छोडिदिनुस्, फुटबलको गफ गर्नमा पनि त्यत्तिकै आनन्द छ ।

अनि आउँछ घुमिफिरी हरेक चार वर्षमा– विश्वकप । यो भाइरल फिभरजस्तै सरुवा संक्रमण हो । अहिले विश्वकपको ज्वरोले सबैलाई गाँजेको छ । हामीजस्ता खासै फुटबल नहेर्नेहरूलाई पनि यतिबेला फुटबलको रापले भ्वाप्पै छोप्छ ।

नछोपोस् पनि किन, फुटबल दुनियाँबाट टाढा रहेर त यो एक महिना टिक्नै पो सकिँदैन । यस क्रममा कुनै न कुनै देशको जर्सी नभिरी हिँड्यो भने 'ओल्ड फेसन्ड' भइन्छ । चिया पसलमा बूढाखाडाहरू पनि फुटबलकै बहसमा चम्किरहेका देखिन्छन् । सबैले फेसबुकमा प्रोफाइल फ्रेम 'आई सपोर्ट फलानो र तिलानो' भनेर राखेका छन् । पर्ती जग्गा र खाली ठाउँ देख्ने हुन्न, भुराहरू लुगा हिल्लाम्मे हुने गरी कुदिरहेका हुन्छन् । चोकचोकमा रहेका फुटसलका ग्राउन्डमा राति ११ बजेसम्म हस्याङ-फस्याङ चलिरहन्छ । सेयर बजारको तुलनामा फुटबलको बाजीमा दाउ हान्ने बढी फेला पर्छन् । खेलपूर्व भविष्यवाणी गर्ने महापण्डितहरू पनि विभिन्न पेज र च्यानलमार्फत सलबलाइरहेका छन् । वातावरणलाई अझ रोमाञ्चक तुल्याउन किसिम-किसिमका जीव-जन्तुलाई अघि सार्ने बेला पनि यही हो । हरेक गेमको नतिजा पहिल्यै भन्ने उहिले अक्टोपस थियो, अहिले सेतो बिरालो छ रे ! आखिर हल्लैहल्लामा त चलेको छ संसार, किनभने सिजनअनुसारका कुरा बिक्ने हुन् अनि मज्जा पनि यसमै छ ।

बसमा यात्रा गरिरहेका बेला एकदिन सँगै बसेको एउटा विदेशीले कोट्याएर सोध्यो- 'हाइन, तिमीहरूको कुनै पर्व चल्दै छ हो ? सबै जना एकै खालका पहिरनमा हिँडिरहेका देखिन्छन् नि ?' आफूलाई त बानी परिसक्यो जर्सीको दृश्य, यसो ध्यान दिएर हेरेको त बसमा रहेका प्रायः सबै कुनै न कुनै देशको जर्सीमा थिए । हामी नेपालीको भोक निद्रा हराम गरिसकेको छ वर्ल्डकपले, बिचरो त्यो आइरिसले ब्राजिल र अर्जेन्टिनाको जर्सीधारि चिनेको रहेनछ । नेपालमा त्यस्ता धेरै भाग्यशाली बालबालिकाहरू छन् जो दुई वर्ष नपुग्दै ब्राजिलको पहिलो जर्सी लगाउने भाग्य लिएर जन्मिएका हुन्छन् ।

भन्ने नै हो भने नेपालमा फुटबलका फ्यानहरू आवश्यकताभन्दा बढी नै छन् । यो सब समय, बेरोजगारी र स्वतन्त्रताले जन्माएको कुरा हो । देशलाई उत्कृष्ट खेल र खेलाडीहरू चाहिएको छ, फ्यान होइन । फ्यानहरू बढ्दा व्यापारीलाई फाइदा हुन्छ, देशलाई होइन । फुटबल किट, टिभी, प्रोजेक्टर, विज्ञापन आदि बेचेर, बाजी खेलाएर वा ग्राउन्ड भाडामा दिएर व्यापारीहरूले मनग्य आम्दानी गर्छन् । कतिपय फ्यान आफ्नो जीवनशैली मात्र नभै अर्काको जीवनमा समेत प्रतिकूल असर पर्ने गरी होहल्ला गर्ने, मदिरा सेवन गर्ने, तोडफोड तथा मारपिट जस्ता कार्यमा संलग्न हुन्छन् । यो पागलपन हो, यसलाई फ्रिडम भनिँदैन ।

हामीसँग फुर्सद कति छ भन्ने प्रमाण एउटा उदाहरणले दिन्छ । अर्जेन्टिनाले खेल जितोस् भनेर चार सदस्यीय एउटा परिवारले हिन्दू मन्त्रोच्चारण गर्दै ग्रहशान्ति गरेको भिडियो सामाजिक सञ्जालमा चर्चित भयो । देवेन्द्र ओलीले अपलोड गरेको उक्त भिडियोको भ्युज र सेयरको आँकलन नै छैन । केही घण्टामै अनेकन पेजले ट्रोल बनाएर उक्त भिडियो फेसबुकभरि छरपस्ट गरे । यदि सबै काममा व्यस्त हुन्थे भने यस्ता उत्पादनहीन क्रियाकलाप गर्ने र त्यसैलाई सेयर गरेर मलजल पुऱ्याउने काममा कोही लाग्दैनथे होला ।

एक मनले लाग्छ, हामी नेपालीहरू देश कङ्गाल भए पनि सुखी छौं । थोरै काम गरे पनि (अपवादलाई छोडेर) हामीलाई खान-लाउन पुगेकै छ, राज्यलाई चर्को ट्याक्स तिर्नुपर्ने होइन । उता विकसित देशका नागरिक अहोरात्र काममा घोटिइरहेका हुन्छन्, यता हामी भने केही घण्टाको काम सकेर विश्वका खेलाडीहरूको गुनगान अनि छिःछिः र दुरदुरको कोकोहोलो मच्चाउँछौं ।

आफ्नो देश फुटबल वरियतामा कता हो कता ? अत्तोपत्तो छैन, कहिल्यै नदेखेको देशको सपोर्ट गरेर जुहारी खेल्ने र हानाहानसमेत गर्न पछि नपर्ने प्रवृत्तिले आफैलाई घाटा पुऱ्याउँछ । जीवनभर अर्काको फ्यान बनेर ताली पिटिरहनुभन्दा कम्तीमा क्षेत्रीय स्तरको खेलाडी बन्नु वा कसैलाई बनाउन भूमिका खेल्नुचाहिँ धेरै ठूलो कुरा हो ।

ravinems@iom.edu.np


# एउटा यस्तो फेसन शो



विश्वकप फुटबल-२०१८ रोमाञ्चक मोडमा प्रवेश गर्दैछ । विश्वकप फुटबलको तेस्रो चरणका खेलहरू सम्पन्न भएर नकआउट चरणमा प्रवेश गर्ने क्रममा मनोरञ्जन क्षेत्रमा पनि फुटबलसँग सम्बन्धित गतिविधिहरू सञ्चालन भैरहेका छन् । यसबीच अभिनेता शिव श्रेष्ठद्वारा निर्मित चलचित्र 'एउटा यस्तो प्रेम कहानी' को प्रमोसनल इभेन्टका रूपमा काठमाडौंमा 'स्टार अन द रेड कार्पेट' शीर्षकको फेसन शो सम्पन्न भयो । फेसन शोमा अभिनेता शिव श्रेष्ठका साथ चलचित्रका मुख्य कलाकारहरूले क्याटवाक गरे । फेसन शोको अन्तिममा प्रस्तुत गरिएको विश्वकप विशेष सिक्वेन्सले दर्शकहरूलाई रोमाञ्चित तुल्यायो । उक्त अवसरमा बाल कलाकार कुशाग्र भट्टराईदेखि फेसन शोका कोरियोग्राफर विनोद सिंहसम्मले एक दर्जन व्यवसायिक मोडलहरूसँग विश्वकप फुटबल खेलिरहेका विभिन्न देशका जर्सीमा क्याटवाक गरे । फुटबलसहितको उक्त सिक्वेन्समा मोडलहरूले फुटबल खेलका केही कौशलसमेत प्रस्तुत गरे । फेसन शोमा जर्दोजी बुटिकका डिजाइनर अमितेष कर्णले डिजाइन गरेका पहिरनहरू प्रदर्शन गरिएको थियो, जसमा नेपाली संस्कृति झल्कने पहिरनदेखि पश्चिमा भेषभूषा, पार्टी वेयर आदिसम्म समावेश थिए । फेसन शोमा अभिनेता नरेन खड्का, अभिनेत्री रेखा फागो तथा बाल कलाकार संवेग दर्शनधारीले पनि क्याटवाक गरेका थिए । फेसन शोका क्रममा गायक विश्व नेपाली तथा अस्मिता परियार आदिले गीत समेत प्रस्तुत गरे ।







# जुहीको प्रशंसा

भारतीय अभिनेत्री जुही चावला गत साता नेपाल भ्रमणमा थिइन् । जुही नेपाल बसाइका क्रममा काठमाडौं वरपरका केही आकर्षक ठाउँ पुगिन् । उनले बौद्धनाथमा तस्बिर खिचाउँदै त्यहाँको सुन्दरताको प्रशंसा गरेकी छिन् । चावलाले आफ्नो ट्विटर एकाउन्टमा बौद्धलाई पृष्ठभूमिमा राखेर सेल्फी खिचाउँदै लेखेकी छिन्, 'काठमाडौंस्थित बौद्धनाथ स्तूपमा । सरल तर सुन्दर अग्रभाग । लुङ्दरहरू नीलो आकाशमुनि फहरिएका अति सुन्दर ।' जुहीले ललितपुरस्थित पाटन दरबार स्क्वायर पुगेर सेल्फी खिच्दै अर्को तस्बिर पनि पोस्ट गरेकी छिन् । त्यस्तै जुहीले बलिउडकी चर्चित अभिनेत्री मनीषा कोइरालासँग भक्तपुरस्थित दरबार क्षेत्र घुमघाम गरेको तस्बिर पनि पोस्ट गरेकी छिन् । जुही सन् १९९० को दशककी शीर्ष बलिउड अभिनेत्री हुन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं. ४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।